# प्रदेश नं. १

## दिगो विकास लक्ष्यसम्बन्धी
## प्रदेशगत सार्वजनिक खर्च खोजीनिती सर्वेक्षण, २०७९



प्रदेश योजना आयोग
प्रदेश नं. १, विराटनगर, नेपाल

# प्रदेश नं. १
# दिगो विकास लक्ष्यसम्बन्धी
# प्रदेशगत सार्वजनिक खर्च खोजीनिती सर्वेक्षण




प्रदेश योजना आयोग
प्रदेश नं. १, विराटनगर, नेपाल

# प्रदेश नं. १, दिगो विकास लक्ष्यसम्बन्धी
# प्रदेशगत सार्वजनिक खर्च खोजीनिती सर्वेक्षण, २०७९

प्रतिलिपि अधिकार @ प्रदेश योजना आयोग, प्रदेश नं. १, विराटनगर, नेपाल

फोन (+९७७)-२१-४७०३७६

इमेल: info.ppc@p1.gov.np

वेब: ppc.p1.gov.np

प्राविधिक सहयोग: Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project, UN Joint Fund – UNDP/UNCDF/UN Women

JOINT SDG FUND

UNITED NATIONS NEPAL

U N D P

मुख्यमन्त्री

प्रदेश नं. १, विराटनगर

# दुई शब्द

हाम्रो देशले अंगीकार गरेको "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय लक्ष्यलाई दिगो विकासका लक्ष्यहरुसँग तादात्म्यता कायम गरी ती लक्ष्य हासिल गर्न संघ, प्रदेश र स्थानीय सरकारको उत्तिकै दायित्व रहेको हुन्छ। प्रदेश सरकार आफ्नो अधिकारसूची र जिम्मेवारीभित्र पर्ने दिगो विकास लक्ष्य (दिविल) हरु पूरा गर्न साथै समृद्धिका आधारहरु निर्माण गर्दै प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्न पूर्ण प्रतिबद्ध रहेको छ।

प्रदेश १ सरकारले प्रदेशको आर्थिक तथा सामाजिक रुपान्तरणका आयामहरुलाई समेटी सम्भावित दिगो विकास लक्ष्यका सूचकहरु राखी दिगो विकास लक्ष्य पुस्तिका तयार गरिसकेको छ। प्रदेश सरकारले पहिलो आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनामा पनि ती लक्ष्यहरुलाई आन्तरिकीकरण गरी यसको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ। बजेट तर्जुमा गर्दाको समयमा प्रदेशका प्राथमिकतासँग सन्तुलन कायम गरी दिगो विकास लक्ष्य अनुसार साङ्केतीकरण गर्नुपर्ने हुन्छ। यसले दिगो विकास लक्ष्य प्राप्तिमा भएको विनियोजन र खर्चको लेखाङ्कन गराउन सहयोग गर्दछ। प्रदेशमा बजेट साङ्केतीकरणको अभ्यास केही वर्ष अघिदेखि नै हुँदै आए पनि दिगो विकास लक्ष्यअनुसार बजेट विनियोजन र खर्चको अवस्थाबारे दस्तावेजीकरण भई नसकेको परिप्रेक्ष्यमा 'नेपालमा दिगो विकास लक्ष्य सम्बन्धी प्रदेशगत सार्वजनिक खर्च **खोजीनीति** सर्वेक्षणः प्रदेश नं.१' महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने विश्वास लिएको छु।

प्रदेशमा विनियोजित बजेट र खर्च अन्तर्गतका विद्यमान समस्या तथा सोको निवारणका लागि प्राप्त सुझावहरुले यस प्रदेशको बजेट विनियोजनमा सन्तुलन कायम गर्न, बजेट हस्तान्तरणमा सहजता प्रदान गर्न तथा खर्चमा मितव्ययिता अपनाउन सहज हुनेछ। यस अध्ययनले आगामी दिनमा दिगो विकास लक्ष्यअनुसार बजेट र खर्चको पूर्ण साङ्केतीकरणको कार्यलाई समेत सहयोग पुग्ने अपेक्षा गरेको छु।

२०७९ फागुन ०८ गते सोमबार

**हिक्मतकुमार कार्की**
मुख्यमन्त्री

प्रदेश सरकार
**प्रदेश योजना आयोग**
प्रदेश नं. १, विराटनगर

☎ ०२१-४७०३७६
ppc.p1.gov.np
info.ppc@p1.gov.np

प.सं. २०७९।८०
च.नं.

**मन्तव्य**

दिगो विकासका लक्ष्य तथा मुलुकका राष्ट्रिय लक्ष्यहरु हासिल गर्न सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारको निरन्तर र सार्थक प्रयासहरु आवश्यक हुन्छ । प्रदेशले तय गरेका दिगो विकास लक्ष्यलाई पुरा गर्ने सूचकहरुको अवस्था विश्लेषण कार्य प्रदेश तहको क्षेत्राधिकार र जिम्मेवारी भित्र पर्दछ। प्रदेश सरकारले आफ्नो अधिकार सूची र जिम्मेवारी भित्र पर्ने दिगो विकास लक्ष्यहरु हासिल गरी अपेक्षित उपलब्धि प्राप्त गर्ने कार्य पहिलो प्राथमिकतामा राखेको छ । प्रदेश नं १ सरकारले प्रकाशित गरेको प्रथम आवधिक योजनामा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी यसको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ ।

प्रदेशको आवधिक योजनाले राष्ट्रिय लक्ष्यसँग सामञ्जस्य कायम गरी प्रदेशको दीर्घकालीन सोचका आधारस्तम्भ अन्तर्गत ६६ वटा प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक (स्वच्छ तर्फ १०, सुखीतर्फ २५ र समुन्नत तर्फ ३१) निर्धारण गरेको छ । प्रदेशको मध्यमकालीन खर्च संरचनाले समेत सो आधारस्तम्भहरूलाई आत्मसात् गरेको छ । प्रदेश सरकारले प्राथमिकतामा आधारमा मध्यमकालीन खर्च संरचना तथा वार्षिक कार्यक्रमलाई दीर्घकालीन राष्ट्रिय सोच, प्रादेशिक रणनीति, दिगो विकास लक्ष्य, लैङ्गिक सङ्केत तथा जलवायु संकेतका आधारमा बजेट बाँडफाँट गरी कार्यान्वयन गर्दै आएको छ । तर बजेट र खर्चलाई भने दिगो विकास लक्ष्य अनुसार पूर्ण साङ्केतीकरण गर्ने कार्यले पूर्णता पाइसकेको छैन ।

दिगो विकास लक्ष्यको कार्यान्वयनको प्रमुख औजार बजेट नै हो । बजेट तर्जुमा गर्दाको समयमा कुन कार्यक्रमले कुन दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुर्याउँछ,त्यस अनुसार साङ्केतीकरण गर्नुपर्ने हुन्छ। यसो भएमा दिगो विकास लक्ष्य प्राप्तिमा भएको विनियोजन र खर्चको लेखांकन हुन सक्छ।प्रदेशमा बजेट साङ्केतीकरणको अभ्यास विगत केही वर्षदेखि हुँदै आए पनि यसले दिगो विकास लक्ष्यअनुसार बजेट विनियोजन र खर्चको अवस्थाबारे दस्तावेजीकरण भइनसकेको परिप्रेक्ष्यमा राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा गरिएको "नेपालमा दिगो विकास लक्ष्यसम्बन्धी प्रदेशगत सार्वजनिक खर्च खोजी नीति सर्वेक्षण" अध्ययन तथा विश्लेषण महत्त्वपूर्ण रहने देखिन्छ । प्रदेशमा विनियोजित बजेट र खर्च अन्तर्गतका समस्या तथा सोको निवारणका लागि प्राप्त सुझावहरुले यस प्रदेशको बजेट विनियोजनमा सन्तुलन कायम गर्न, बजेट हस्तान्तरणमा सहजता प्रदान गर्न तथा खर्चमा मितव्ययिता अपनाउन सहज हुनेछ ।

यसको अतिरिक्त आगामी दिनमा दिगो विकास लक्ष्यअनुसार बजेट र खर्चको पूर्ण साङ्केतीकरणको कार्यलाई यसले सहयोग पुर्याउने महसुस गरेको छु । साथै यस अध्ययनमा समाहित मामिला अध्ययनले दिविल १३ र १५ अन्तर्गत बजेट विनियोजन र खर्चको प्रक्रियामा औंल्याएका समस्याहरुलाई निराकरण गर्दै प्रदेशको खर्च गर्ने क्षमतामा समेत सुधार गर्न प्रदेश सरकारलाई सहयोग पुयाउने विश्वास लिएको छु । यो अध्ययनका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र अध्ययन कार्यमा संलग्न नीतिमूलक अनुसन्धान तथा विकास संस्थालाई धन्यवाद ज्ञापन गर्दछु ।

जय कुमार घिमिरे
सचिव
प्रदेश योजना आयोग
प्रदेश नं. १, विराटनगर

# विषय सूची


**अध्याय-१**......................................................१

**अध्ययनको परिचय**......................................................१

१.१ पृष्ठभूमि......................................................१

१.२ दिगो विकास लक्ष्यका कार्यान्वयन कार्ययोजना......................................................२

१.३ सार्वजनिक खर्च खोजीनितीको आवश्यकता र औचित्य......................................................५

१.४ अध्ययनको उद्देश्यः सार्वजनिक खर्च खोजीनिती......................................................६

१.५ सार्वजनिक खर्च खोजीनितीको प्रक्रिया एवम् विधि......................................................६

१.६ वित्तीय एवम् सूचना प्रवाहको विद्यमान व्यवस्था......................................................११

१.७ अध्ययनको सीमा......................................................१३

**अध्याय -२**......................................................**१५**

**प्रदेशको समग्र विकासको अवस्था**......................................................**१५**

२.१ पृष्ठभूमि......................................................१५

२.२ प्रदेशको भौगोलिक अवस्था......................................................१५

२.३ प्रदेश अर्थतन्त्रको अवस्था र तुलना......................................................१६

२.४ सामाजिक विकासको स्थिति......................................................२३

**अध्याय- ३**......................................................**३१**

**दिगो विकास लक्ष्यअनुसार बजेट विनियोजन र खर्चको प्रवृत्ति**......................................................**३१**

३.१ पृष्ठभूमि......................................................३१

३.२ बजेट स्रोतको स्थिति......................................................३१

३.३ आवधिक योजना र बजेट विनियोजनबीचको तादाम्यता......................................................३२

३.४ बजेट विनियोजन तथा खर्चको प्रवृत्ति......................................................३५

३.५ दिविलअनुसार बजेट विनियोजन तथा खर्चको विद्यमान साङ्केतीकरणको अवस्था......................................................३५

३.६ दिविलको लक्ष्यअनुसार बजेट र खर्चको पूर्ण साङ्केतीकरण गर्दाको स्थिति....................................३९
३.७ दिविलअनुसार खर्च गर्नसक्ने क्षमता.........................................................................४२

**अध्याय- ४**..........................................................................................................४५
**दिगो विकासका लक्ष्यअनुसार खर्चको खोजीनितीः मामिला अध्ययन (Case Study )**............................४५
४.१ पृष्ठभूमि...........................................................................................................४५
४.२ जलवायु परिवर्तन अनुकूलन र भूसतह स्रोत उपभोग स्थितिको विश्लेषण.......................................४६

**अध्याय- ५**..........................................................................................................५५
**बजेट विनियोजन, हस्तान्तरण र खर्चसम्बन्धी समस्या**.......................................................५५
५.१ पृष्ठभूमि ...........................................................................................................५५

**अध्याय - ६** ........................................................................................................५९
**दिगो विकास लक्ष्यका सूचकहरूको प्रगति**...........................................................................५९
६.१ सरकारी खर्चले दिविलमा ल्याएको परिवर्तन ...................................................................५९

**अध्याय - ७** ........................................................................................................७१
**निष्कर्ष र सुझाव**....................................................................................................७१
७.१ निष्कर्ष..............................................................................................................७१
७.२ सुझाव...............................................................................................................७४
**सन्दर्भ सामाग्री**.....................................................................................................७७
**अनुसूची १. तथ्याङ्क सङ्कलन गर्ने प्रश्नावली र चेकलिस्ट**.....................................................७९
**अनुसूची २ः प्रदेश १ मा सहभागी सरोकारवालाको विवरण**....................................................८५
**अनुसूची ३ः प्रदेश १ को आर्थिक वर्ष २०७८/७९ को दिविल अनुसार गरिएको खर्चको सांकेतीकरण**......८७

# तालिका सूची


तालिका १: राष्ट्रिय तथा प्रादेशिक दिगो विकास लक्ष्यअनुसार सूचक सङ्ख्या....................................३
तालिका २: प्रदेश १ मा सर्वेक्षणका लागि छनौट गरिएका स्थानीय तह र निकायहरू ........................... ९
तालिका ३: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेश १ को योगदान र वृद्धिदर प्रतिशत.........................१६
तालिका ४: कुल गार्हस्थ्य उत्पादनको संरचनामा राष्ट्रिय र प्रदेश १ को स्थिति.................................१७
तालिका ५: प्रदेश १ का अन्य आर्थिक तथा वित्तीय परिसूचकको तुलनात्मक अवस्था ..........................१९
तालिका ६: प्रदेश १ सरकारको पुँजीगत खर्चको तुलनात्मक स्थिति ........................................... २०
तालिका ७: आर्थिक वर्ष २०७७/७८ मा प्रदेश १ को सञ्चित कोषको तुलनात्मक अवस्था (रु. करोडमा). २१
तालिका ८: प्रदेश १ मा उत्पादनमूलक उद्योगमा लगानी र रोजगारीको तुलनात्मक स्थिति...................२२
तालिका ९: प्रदेश १ को सामुदायिक विद्यालयमा तहगत विद्यालय/विद्यार्थी, विद्यार्थी र शिक्षक अनुपातको अन्य प्रदेशसँगको तुलना........................................................................................ २४
तालिका १०: प्रदेश १ को प्रमुख स्वास्थ्य सूचकको तुलनात्मक स्थिति (प्रतिशतमा) ............................२५
तालिका ११: प्रदेशको लैङ्गिक तथा मानव विकासको तुलनात्मक अवस्था.......................................२६
तालिका १२: प्रदेश १को भौतिक तथा सामाजिक पूर्वाधारको स्थिति............................................. २८
तालिका १३: प्रदेश बजेटको स्रोत विवरण................................................................ ३२
तालिका १४: आवधिक योजना प्राथमिकता र वार्षिक बजेट विनियोजनको प्राथमिकता ........................ ३३
तालिका १५: समष्टिगत रणनीतिको आधारमा ............................................................ ३४
तालिका १६: प्रदेश नं. १ को सरकारको पुँजीगत खर्चको प्रवृत्ति.................................................३५
तालिका १७: साङ्केतीकरणको विद्यमान अवस्था.......................................................३७
तालिका १८: दिविल अनुसार पूर्ण साङ्केतीकरण गर्दाको अवस्था (प्रतिशतमा)...................................४१
तालिका १९: दिविल अनुसार विनियोजित बजेटमा खर्चको प्रतिशत.............................................. ४३
तालिका २०: दिविल १३ र १५ मा विनियोजित बजेटमा खर्चको प्रतिशत...................................... ४६
तालिका २१: प्रदेश १ मा सरकारी खर्चले दिविलमा ल्याएको परिवर्तनको सारांश ............................. ५९


# चित्र सूची


चित्र १: स्रोत प्रवाहको खोजीनिती का अवयव...................................................११
चित्र २: अवधारणात्मक रूपरेखा..................................................................१२
चित्र ३: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेश १ को योगदान र वृद्धिदर प्रतिशत...........................१७
चित्र ४: कुल गार्हस्थ्य उत्पादनको संरचनामा राष्ट्रिय र प्रदेश १ को स्थिति...................................१८

अध्याय-१

# अध्ययनको परिचय

## १.१ पृष्ठभूमि

नेपाल दिगो विकास लक्ष्यको विकास र कार्यान्वयनमा प्रतिबद्धता जनाउने एक अग्रणी राष्ट्र हो। नेपालले दिगो विकास लक्ष्यलाई आवधिक विकास योजनामार्फत आन्तरिकीकरण गरी समग्र विकास प्रक्रियामा समाहित गरेको छ। नेपालको सन्दर्भमा दिगो विकास लक्ष्यले मुलुकमा समृद्धिको सृजना, न्यायमुखी वितरण र दिगोपनालाई मूलप्रवाहीकरण गरी **समृद्ध नेपाल सुखी नेपालीको** राष्ट्रिय लक्ष्य हासिल गराउने मुख्य उद्देश्य लिएको छ। उक्त उद्देश्य हासिल गर्न दिगो विकास लक्ष्यका पाँच स्तम्भहरू मानव, समृद्धि, शान्ति, पृथ्वी, र साझेदारी जस्ता विषयमा सहकार्य र समन्वयात्मक विकास गर्ने जस्ता विषयमा सहकार्य र समन्वयात्मक परिपाटीको विकास गर्नु जरुरी देखिन्छ । समग्रमा दिगो विकास लक्ष्यभित्र सामाजिक, आर्थिक र पर्यावरणीय गरी मुख्यतः तीन आयामहरूलाई समेटिएको छ।

नेपालले वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य (दिविल) हासिल गर्ने सोचसहित उच्च मध्यम आयस्तर भएको मुलुकमा पुग्ने तथा वि.सं. २१०० सम्मका लागि तयार गरिएको दीर्घकालीन लक्ष्य हासिल गरी समुन्नत मुलुकको स्तरमा पुग्ने लक्ष्य तय गरेको छ। दिगो विकास कार्यान्वयनको मुख्य आधार बजेट नै हो । त्यसैले यसका उद्देश्य हासिल गर्न आवधिक तथा वार्षिक कार्यक्रमहरूमार्फत सरकारका विभिन्न तह र निकायहरूले विनियोजन गरेको बजेट तथा खर्च र यसबाट दिविलका सूचकहरूमा आएको परिवर्तनको खोजीनिती (Tracking) सर्वेक्षण र विश्लेषण अत्यन्त महत्त्वपूर्ण हुन्छ। यस अध्ययनमा प्रदेश १ का उक्त विषयहरूलाई समेटिएको छ ।

प्रदेश १ को सरकारले "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय सोचलाई आत्मसात् गर्दै आवधिक योजना (२०७६/७७-२०८०/८१) मा "स्वच्छ, सुखी र समुन्नत प्रदेश" भन्ने दीर्घकालीन सोचसहित "सामाजिक न्यायसहितको समृद्ध प्रदेश निर्माण" गर्ने लक्ष्य निर्धारण गरेको छ। निर्धारित लक्ष्य प्राप्तिका लागि योजनाले आवश्यक रणनीति, उद्देश्य र कार्ययोजना अघि सारेको छ। उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरी आय र मर्यादित रोजगारीका अवसर वृद्धि गर्ने, उन्नत मानव संसाधन विकास गर्ने, गुणस्तरीय भौतिक पूर्वाधार विकास गर्ने, वातावरण र जैविक विविधताको संरक्षण तथा सुशासन अभिवृद्धि गर्ने कुरालाई योजनाले समष्टिगत उद्देश्यमा समेटेको छ।

प्रदेशको सन्तुलित अर्थव्यवस्थाको सोचलाई मूर्तरूप दिनका लागि प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) सँग तादाम्य कायम हुनेगरी आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्म प्रत्येक वर्ष तीन वर्षको योजना सहित मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। मध्यमकालीन खर्च संरचना तर्जुमाको क्रममा स्वच्छ, सुखी र समुन्नत प्रदेश को प्रादेशिक दीर्घकालीन सोचका १२ आधारस्तम्भ निर्धारण गरिएको छ। यसले राष्ट्रिय लक्ष्यसँग सामञ्जस्य कायम गरी आधार स्तम्भका ६६ वटा प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक (स्वच्छ तर्फ १०, सुखीतर्फ २५ र समुन्नततर्फ ३१) निर्धारण गरेको छ । प्रदेश सरकारले प्राथमिकतामा आधारमा मध्यमकालीन खर्च संरचना तथा वार्षिक कार्यक्रमलाई दीर्घकालीन राष्ट्रिय सोच, प्रादेशिक रणनीति, दिगो विकास लक्ष्य र लैङ्गिक सङ्केतका आधारमा बजेट बाँडफाँड गरी कार्यान्वयन गर्दै आएको छ। तर बजेट र खर्चलाई भने दिविल अनुसार पूर्ण साङ्केतीकरण गरिएको देखिँदैन।

## १.२ दिगो विकास लक्ष्यका कार्यान्वयन कार्ययोजना

संयुक्त राष्ट्र सङ्घको महासभाले सन् २०१६ देखि २०३० सम्म सदस्य राष्ट्रहरूको रूपान्तरण र विकासका हरेक आयाममा "कसैलाई पनि पछि नछाड्ने" प्रतिबद्धताका साथ सन् २०१५ सेप्टेम्बरमा दिगो विकास लक्ष्यको घोषणा गरेबमोजिम दिगो विकासमा १७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २३७ (दोहोरिएका समेत) विश्वव्यापी सूचक निर्धारण गरिएका छन्। यसक्रममा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयनको मार्गचित्र २०१६-२०३० निर्धारण गरी कार्यान्वयन गरिरहेको छ। यसका लागि उक्त मार्ग चित्रमा विश्वव्यापी सूचकहरूका अतिरिक्त नेपालको सन्दर्भलाई समेट्न सक्नेगरी केही थप सूचकहरूसमेत समावेश गरिएका छन्। सङ्घीयताअनुरूप दिगो विकास लक्ष्य (दिविल) हरूलाई प्रदेश र स्थानीय तहको आवधिक तथा मध्यमकालीन योजना र वार्षिक बजेट प्रक्रियामा समावेश गरी आन्तरिकीकरण गरिएको पाइन्छ। वार्षिक बजेट र कार्यक्रम तर्जुमा गर्दा आयोजनालाई दिविलअनुसार बजेट साङ्केतीकरणको कार्यलाई कार्यान्वयनमा ल्याएको देखिन्छ। वित्तीय स्रोतको अनुमान गर्न आवश्यकताको मूल्याङ्कन, लागत अनुमान र वित्तीय रणनीति तयार गरी स्रोतको अधिकतम परिचालन गर्ने कार्यलाई कार्यान्वयनमा ल्याएको पाइन्छ। सङ्घ र प्रदेशका अनुगमन र मूल्याङ्कन दिग्दर्शनमा दिविलका लक्ष्यहरूलाई समेत समावेश गरी दिविलको प्रगति मापनको संस्थागत व्यवस्थासमेत गरिएको छ ।

नेपालले प्रतिबद्धता गरेअनुरूप सन् २०१५ मा नै नेपालका निम्ति दिगो विकास लक्ष्य २०१६-२०३० मार्ग चित्र तयार गरी दिगो विकास लक्ष्यको कार्यान्वयन गरिरहेको छ। राष्ट्रिय र प्रदेश योजनाहरूले दिगो विकास लक्ष्यलाई आत्मसात् गरेका छन्। दिगो विकास लक्ष्यको कार्यसूचीअन्तर्गत १७ वटा लक्ष्यहरू, १६९ परिमाणात्मक लक्ष्यहरू र २३७ (दोहोरिएका समेत) वटा विश्वव्यापी

सूचकहरू रहेका छन्। नेपालले देशको वस्तुगत यथार्थतालाई समेट्ने गरी लक्ष्य १४ का सूचकबाहेक अन्य अन्तर्राष्ट्रिय सूचकका अतिरिक्त २५७ सूचकहरू थप गरी ४९४ सूचकहरू निर्धारण गरेको छ। यसका अतिरिक्त प्रदेश सरकारले स्वच्छ, सुखी तथा समृद्धिका क्षेत्रलाई समेट्ने गरी ६६ वटा थप सूचकहरू उल्लेख गरेको पाइन्छ।

### तालिका १ः राष्ट्रिय तथा प्रादेशिक दिगो विकास लक्ष्यअनुसार सूचक सङ्ख्या

| लक्ष्य | दिगो विकास लक्ष्य | परिमाणात्मक लक्ष्य | सूचक सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | विश्वव्यापी | नेपालका थप | कुल |
| १ | हरेक क्षेत्रमा रहेका सबै स्वरूपहरूको गरीबीको अन्त्य गर्ने | ७ | १३ | १७ | ३० |
| २ | भोखमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने | ८ | १४ | १८ | ३२ |
| ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने | १३ | २८ | ३२ | ६० |
| ४ | समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने | १० | १२ | ३२ | ४४ |
| ५ | लैङ्गिक समानता कायम गर्ने र सबै महिला र किशोरीलाई सशक्त बनाउने | ९ | १४ | २२ | ३६ |
| ६ | सबैका निम्ति खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने | ८ | ११ | १४ | २५ |
| ७ | धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने | ५ | ६ | ९ | १५ |

| लक्ष्य | दिगो विकास लक्ष्य | परिमाणात्मक लक्ष्य | सूचक सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | विश्वव्यापी | नेपालका थप | कुल |
| ८ | स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने | १२ | १६ | १४ | ३० |
| ९ | समानुकूलित/उत्थानशील पूर्वाधारहरू निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने | ८ | १२ | ८ | २० |
| १० | देशभित्र तथा देशहरूबिचको असमानता हटाउने | १० | १४ | १३ | २७ |
| ११ | शहर र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, समानुकूलित/उत्थानशील र दिगो बनाउने | १० | १४ | १६ | ३० |
| १२ | दिगो उपभोग र उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने | ११ | १३ | १४ | २७ |
| १३ | जलवायु परिवर्तन र यसका असरहरूसँग जुध्न कार्य अघि बढाउने | ५ | ८ | १६ | २४ |
| १४ | दिगो विकासका निम्ति महासागरहरू, समुद्रहरू र सामुद्रिक स्रोतहरू संरक्षण गर्ने र दिगो रूपमा प्रयोग गर्ने | १० | ० | ० | ० |
| १५ | पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनजङ्गलको दिगो रूपमा व्यवस्थापन गर्ने, वनजङ्गलको विनाशलाई रोक्ने, जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने र जैविक विविधताको ह्रासलाई रोक्ने | १२ | १४ | १७ | ३१ |
| १६ | दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, न्यायमा सबैको | १२ | २४ | ७ | ३१ |

| लक्ष्य | दिगो विकास लक्ष्य | परिमाणात्मक लक्ष्य | सूचक सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | विश्वव्यापी | नेपालका थप | कुल |
| | पहुँच स्थापित गर्ने र सबै तहहरूमा प्रभावकारी, जबाफदेही र समावेशी संस्थाहरू निर्माण गर्ने | | | | |
| १७ | दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनःजीवन्त तुल्याउने | १९ | २४ | ८ | ३२ |
| | जम्मा | १६९ | २३७ | २५७ | ४९४ |

*स्रोत: National Planning Commission, 2020*

## १.३ सार्वजनिक खर्च खोजीनितीको आवश्यकता र औचित्य

सार्वजनिक खर्च खोजीनिती सरकारी र प्रशासनिक विभिन्न तहहरू र पदसोपान (Hierarchy) मा सार्वजनिक कोष तथा अन्य स्रोतहरूको प्रयोगको अवस्थाका बारेमा अध्ययन गर्ने एउटा विधि हो । सार्वजनिक खर्च खोजीनितीले लक्षित वर्गका लागि छुट्ट्याइएको सरकारी बजेट, त्यसको खर्च प्रक्रिया र सो वर्गको समुन्नतिमा परेको प्रभावको विश्लेषण गर्ने कार्य गर्दछ। यसलाई लक्षित वर्गको लागि प्रवाहित बजेट र खर्चबीचको अनुपात मापन गर्ने वित्तीय प्रवाहको लेखापरीक्षण भनेर पनि बुझिन्छ। यसको कार्यक्षेत्रलाई खर्च खोजीनितीको किसिम र खर्च गर्ने सार्वजनिक प्रशासनका तहहरूले निर्धारण गर्ने गर्दछन्। यो अध्ययन विधिले सार्वजनिक खर्चको प्रयोगका सन्दर्भका सबै तह र क्षेत्रहरूलाई उत्तिकै प्राथमिकतामा राखेर अध्ययन गर्ने गर्दछ। सार्वजनिक खर्चको प्रयोगले उद्देश्यबमोजिम परिणाम किन प्राप्त गर्न सक्दैन भने अनुसन्धान गर्नलाई सार्वजनिक खर्च खोजीनिती सर्वेक्षण अत्यन्तै लाभदायक हुन्छ। सार्वजनिक खर्च खोजीनितीले सार्वजनिक स्रोतहरू, स्रोतको मुहानबाट स्रोतको गन्तव्य स्थलसम्म ठिक ढङ्गले पुग्यो कि पुगेन, लक्षित वर्गसम्मको सार्वजनिक स्रोतको वितरण उद्देश्यबमोजिम भयो कि भएन भन्ने कुराको अध्ययन गर्दछ। सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी, जवाफदेही र पारदर्शी बनाउन यस विधिले महत्त्वपूर्ण योगदान दिन सक्दछ।

यसका अतिरिक्त यस सर्वेक्षणले सङ्घीय संरचनामा प्रदेशदेखि स्थानीय तहसम्मको सार्वजनिक खर्चलाई तहगत रूपमा पछ्याउँदै लक्षित उपलब्धिको अवस्थासमेत समेट्ने हुँदा यसलाई सामाजिक लेखापरीक्षण पनि भन्ने गरिन्छ। यसकारण नेपालको सङ्घीय संरचनामा दिगो विकासको लक्ष्य प्राप्तिका लागि भएको यथार्थ खर्च र यसबाट भएको उपलब्धि दस्तावेजीकरण गरी सोका आधारमा आगामी

वर्षहरूमा सबै लक्ष्य हासिल गर्नका लागि प्रदेशस्तरमा आवश्यक पर्ने उपयुक्त सुझावसहितको प्रतिवेदन तयार पार्ने भएकाले यस सार्वजनिक खर्च खोजीनिती अध्ययनको निकै महत्त्व रहेको पाइन्छ।

## १.४ अध्ययनको उद्देश्यः सार्वजनिक खर्च खोजीनिती

सार्वजनिक खर्च खोजीनिती सर्वेक्षणसम्बन्धी अध्ययनको मुख्य उद्देश्य आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको दिविलका लक्ष्य प्राप्तिका लागि प्रदेश १ मा भएको स्रोत विनियोजन तथा खर्चको ढाँचा पत्ता लगाउनु रहेको छ ।यस अध्ययनका विशेष उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. प्रदेश १ मा दिविलका निम्ति भएको स्रोत विनियोजन तथा खर्चको ढाँचाको मूल्याङ्कन गर्ने।
२. दिविल कार्यान्वयनका लागि भएको स्रोत विनियोजन, हस्तान्तरण तथा खर्चसँग सम्बन्धित समस्याहरूको पहिचान गर्ने।
३. सार्वजनिक खर्चको प्रभाव स्वरूप दिविलका सूचकहरूमा आएको परिवर्तनको मूल्याङ्कन गर्ने।

## १.५ सार्वजनिक खर्च खोजीनितीको प्रक्रिया एवं विधि

यस अध्ययनमा प्रदेशस्तरको र प्रदेशले स्थानीय तहलाई हस्तान्तरण गरेको बजेट विनियोजन र खर्चलाई पछ्याउँदै प्राथमिक र द्वितीयक तथ्याङ्क सङ्कलन गरी सार्वजनिक खर्च खोजीनितीलाई गुणात्मक र परिमाणात्मक विधिबाट विश्लेषण गरिएको छ। प्रदेश १ र यस अन्तर्गतका स्थानीय तहका प्रकाशित र अप्रकाशित जानकारीमूलक सामग्रीहरू तथा प्रदेशको वेबसाइटमा उपलब्ध सम्पूर्ण दस्तावेजहरूको अध्ययन तथा विश्लेषण गरी आवश्यकताअनुसार दिविल कोड नगरिएका कार्यक्रम तथा क्रियाकलापहरूको कोड गरिएको छ। तथ्याङ्क सङ्कलन गर्नका लागि डेस्क पुनरावलोकन, मुख्य सूचनादाता अन्तर्वार्ता र समूह छलफल विधिको प्रयोग गरिएको थियो। प्राप्त तथ्याङ्कलाईळ एक्सेल सिटमा राखी परिमाणात्मक तथ्याङ्कबाट आएका परिणामहरूलाई सम्बन्धित गुणात्मक जानकारीसँग Triangulation गरी निष्कर्ष निकालिएको छ। यो प्रक्रिया तथा विधिको विस्तृत जानकारी तल प्रस्तुत गरिएको छ।

### (क) तथ्याङ्कको स्रोत पहिचान

पहिलो चरणअन्तर्गत प्रदेश १ मा २०७६/७७ देखि २०७८/७९ सम्मको बजेट विनियोजन, हस्तान्तरण, आन्तरिक स्रोत तथा खर्चलाई सिलसिलाबद्ध गरी त्यस तथ्याङ्कको स्रोत पहिचान गरियो। यस क्रममा केन्द्रबाट भएको बजेट विनियोजन, सम्बन्धित प्रदेशको मध्यमकालीन खर्च संरचना, आवधिक योजना, प्रदेशको वार्षिक प्रगति प्रतिवेदन, मन्त्रालयगत प्रगति प्रतिवेदन, प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट प्रकाशित तथ्याङ्क तथा प्रतिवेदनहरू, महालेखा नियन्त्रक कार्यालयबाट

प्रकाशित प्रतिवेदनहरू, बजेट र वार्षिक कार्ययोजना आदिलाई अध्ययन सामग्रीको रूपमा पहिचान गरिएको थियो ।

### (ख) तथ्याङ्क सङ्कलन

यस अध्ययनमा गुणात्मक र परिमाणात्मक विश्लेषणका लागि आवश्यक पर्ने प्राथमिक र द्वितीयक दुवै थरीका तथ्याङ्क र सूचनाहरू सङ्कलन गरिएका थिए ।गुणात्मक विश्लेषणका लागि आवश्यक पर्ने तथ्याङ्क र सूचना सङ्कलनका लागि प्रदेश तथा स्थानीय तहमा कार्यरत विभिन्न सरकारी निकायका कर्मचारी, जनप्रतिनिधि, उपभोक्ता समितिका पदाधिकारीसमेत गरी जम्मा १४ जनासँग विज्ञ उत्तरदाता अन्तरवार्ता तथा ५ वटा समूह छलफल सम्पन्न गरिएको थियो। समूह छलफलमा कार्यक्रम सञ्चालनका विधि, साधन उपलब्धताको प्रक्रिया, कार्यक्रमले समुदायमा पारेको प्रभाव र कार्यक्रम सञ्चालनमा देखिएका समस्याबारे छलफल गरिएको थियो।

विज्ञ उत्तरदाता अन्तर्वार्ता र समूह छलफलका लागि छुट्टाछुट्टै चेकलिस्ट र प्रश्नावली तयार गरी त्यसैमा आधारित भई प्रदेश र स्थानीय तहका सम्बन्धित कार्यालय तथा विज्ञहरूबाट तथ्याङ्क र सूचना सङ्कलन गरिएको थियो (चेकलिस्ट र प्रश्नावली अनुसूची १ मा संलग्न गरिएको छ)।

### (ग) डेस्क पुनरावलोकन (Desk Review)

यस विधिलाई विशेषतः यस अध्ययनको पहिलो उद्देश्य परिपूर्तिका लागि प्रयोग गरिएको थियो। जसअनुसार सङ्घीय तथा प्रदेश १ र यस अन्तर्गतका निकायहरूले वेबसाइटमार्फत उपलब्ध गराएका सम्पूर्ण गुणात्मक र परिमाणात्मक तथ्याङ्क तथा जानकारीका अतिरिक्त अध्ययनलाई आवश्यक सहयोग पुग्ने गरी द्वितीयक तथ्याङ्क सङ्कलन गरिएको थियो। यस क्रममा अध्ययनको क्षेत्र समेट्ने गरी आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको प्रदेशको बजेट विनियोजन, हस्तान्तरण, आन्तरिक स्रोत तथा खर्चलाई सिलसिलाबद्ध गरी त्यसको तथ्याङ्क एकत्रित गरिएको थियो। यस क्रममा केन्द्रबाट भएको बजेट विनियोजन, प्रदेशको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, बजेट, वार्षिक कार्ययोजना र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्क समेतको अध्ययन गरिएको थियो।

### (घ) फिल्ड सर्वेक्षण

फिल्ड सर्वेक्षणका क्रममा विशेषतः यस अध्ययनको दोस्रो र तेस्रो उद्देश्य पूरा गर्नाका साथै मामिला अध्ययन समेतका लागि आवश्यक पर्ने तथ्याङ्क र सूचना सङ्कलनमा ध्यान केन्द्रित गरिएको थियो। फिल्ड सर्वेक्षणको क्रममा प्रदेशस्तरमा प्रदेश योजना आयोगको सहकार्यमा प्रदेश योजना आयोगका

उपाध्यक्षको अध्यक्षतामा ११ जना सम्बन्धित सरोकारवालाहरूसँग संयुक्त बैठक गरियो (बैठकमा सहभागीहरूको विवरण अनुसूची २ मा संलग्न गरिएको छ)। बैठकमा अध्ययनको उद्देश्य र तथ्याङ्क तथा सूचना सङ्कलन गर्न तयार पारिएको चेकलिस्ट र प्रश्नावली समेतका बारेमा जानकारी गराइएको थियो र अध्ययनलाई सहयोग पुऱ्याउने दिशामा केन्द्रित रही छलफल भएको थियो। साथै सर्वेक्षणका लागि प्रारम्भिक प्रतिवेदनमा प्रस्ताव गरिएका नगरपालिका तथा गाउँपालिकाका बारेमा छलफल गरिएको थियो। बैठकमा भएको छलफलपश्चात् निर्णय भएअनुसार ४ वटा नगरपालिका र १ वटा गाउँपालिकाको सर्वेक्षण गरियो।

कार्यक्रम छनौटका सन्दर्भमा दिविल १३ र १५ अन्तर्गत सञ्चालित कार्यक्रमहरू वातावरण मन्त्रालयको कार्यक्षेत्रअन्तर्गत रहेकाले सो मन्त्रालयका योजना प्रमुखसहितको रोहवरमा छलफल गरी कार्यक्रम छनौट गरिएको थियो। जसअनुसार मोरङको **ठुलो तुर्केखोला किनारा संरक्षण कार्यक्रम**, सुनसरीको **ट्याङ्ग्रा खोला नियन्त्रण कार्यक्रम**, उदयपुरको **पकेट क्षेत्र जडीबुटी विकास कार्यक्रम**, धनकुटाको **क्लाइमेट स्मार्ट भिलेज कार्यक्रम** र सङ्खुवासभाको **सिमसार क्षेत्र व्यवस्थापन कार्यक्रम**लाई सर्वेक्षणका लागि छनौट गरिएको थियो। स्थानीयतह छनौटको क्रममा प्रदेशका तराई, पहाड र हिमाललाई समेट्ने गरी Purposive Sampling विधिको प्रयोग गरिएको थियो। सहमति गरिएका क्षेत्रको सर्वेक्षणको कार्य २०७९ कार्तिक २१ गते सुरू गरी कार्तिक २८ गते सम्पन्न गरिएको थियो। बैठकमा सहभागीमध्ये केही प्रतिनिधिहरूसँग मुख्यविज्ञ उत्तरदाताको रूपमा अन्तरवार्तासमेत लिइएको थियो ।

### (ङ) मामिला अध्ययन

मामिला अध्ययनका लागि डेस्क पुनरावलोकनबाट प्राप्त तथ्याङ्क र जानकारी सङ्कलनको कार्य सम्पन्न भए पश्चात् स्थलगत भ्रमणको कार्य गरिएको थियो। प्रदेश योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा सम्पन्न बैठकले प्रारम्भिक प्रतिवेदनमा प्रस्तावित जिल्ला र कार्यक्रममा संशोधन गरेअनुरूप नै प्रदेश १ का लागि दिविल १३ र १५ लाई लिएर मामिला अध्ययन सम्पन्न गरिएको थियो। मामिला अध्ययनका लागि प्रदेश १ र यसअन्तर्गतका छनौटमा परेका पाँचवटा स्थानीयतहहरूको भ्रमण गरिएको थियो। मामिला अध्ययनभित्र परेका दिविल १३ जलवायु परिवर्तन (जलवायु परिवर्तन र यसका असरहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने) र दिविल १५ "Life on Land" (पृथ्वीको भूसतही/ भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र वनजङ्गलको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्न र भूक्षय रोक्नुका साथै यसलाई उल्ट्याउने र जैविक विविधताको ह्रासलाई रोक्ने) सम्बन्धी सङ्घबाट प्रदेशस्तरमा भएको बजेट विनियोजन र प्रदेशस्तरबाट आफैंले स्थानीय तहलाई हस्तान्तरण गरेको बजेट खर्चको खोजीनिती सम्पन्न गरिएको थियो। यस

क्रममा प्रदेश तथा स्थानीय तहमा मुख्य विज्ञ उत्तरदाता र समूह छलफल सम्पन्न गरिएको थियो। सूचना र तथ्याङ्क सङ्कलनका लागि छुट्टाछुट्टै प्रश्नावली र चेकलिस्टको प्रयोग गरिएको थियो।

सरोकारवालाको बैठकमा सहमति भएअनुसार दिविल १३ (जलवायु अनुकूलन) र १५ ("Life on Land" पृथ्वीको भूसतह) को मामिला अध्ययनका लागि प्रदेश १ को धनकुटामा कार्यान्वयनमा रहेको "जलवायु अनुकूलन नमुना गाउँ "Climate Smart Village र उदयपुरमा कार्यान्वयनमा रहेको "पकेट क्षेत्र जडीबुटी विस्तार कार्यक्रम" को अध्ययन गरिएको थियो। प्रदेश १ मा सर्वेक्षणका लागि छनौट गरिएका एकाईहरूको सङ्ख्या र नाम तालिका २ मा प्रस्तुत गरिएको छ।

**तालिका २: प्रदेश १ मा सर्वेक्षणका लागि छनौट गरिएका स्थानीय तह र निकाय**

| एकाई | सङ्ख्या | छनौट गरिएको जिल्ला र कार्यक्रम |
|---|---|---|
| नगरपालिका | ४ | संवेदनशील भूक्षेत्र संरक्षण कार्यक्रम, ठुलो तुर्केखोला किनारा संरक्षण कार्यक्रमः लेटाङ नगरपालिका वडा नं २ (मोरङ्ग)<br>पकेट क्षेत्र जडीबुटी विकास कार्यक्रमः त्रिजुगा नगरपालिका वडा नं १५ (उपदयपुर)<br>क्लाइमेट स्मार्ट भिलेज कार्यक्रमः महालक्ष्मी नगरपालिका वडा नं १ धनकुटा<br>सिमसार क्षेत्र व्यवस्थापन कार्यक्रमः मादी नगरपालिका वडा नं ११ सङ्खुवासभा |
| गाउँपालिका | १ | ट्याङ्ग्रा खोला नियन्त्रण कार्यक्रमः गढी गाउँपालिका वडा नं ३ सुनसरी |
| स्थानीय सरकारी निकाय | ६ | ठुलो परिमाणमा खर्च गर्ने ६ सरकारी एकाई |
| समूह छलफल | ४ | प्रदेशस्तरमा प्रदेश योजना आयोगमा गरिएको छलफल बाहेक ४ ओटा समूह छलफल गरिएको (सङ्खुवासभा, उदयपुर, धनकुटा र मोरङ) |
| विज्ञ उत्तरदाता अन्तरवार्ता | १४ | विभिन्न क्षेत्रका विज्ञ, जनप्रतिनिधि र सरकारी कर्मचारीहरू |
| जम्मा | २९ | |

### (च) तथ्याङ्क विश्लेषण

महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेशको गत तीन आर्थिक वर्षको बजेट/खर्च सङ्कलन र यसको अध्ययनपश्चात् दिविल अनुसार साङ्केतीकरणको विद्यमान स्थितिको अध्ययन गरिएको थियो। यस विषयलाई लिएर अध्यनरत टिमले प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयसँगको छलफल गरी निकालेको निष्कर्षअनुसार सङ्घीय तहमा प्रयोग गरिएका SDG Coding र प्रदेशस्तरको SDG Coding का लागि तयार पारिएको स्रोत पुस्तिकालाई आधार मानी प्रदेशको विनियोजित बजेट र सार्वजनिक खर्चको बजेट उपशीर्षक र क्रियाकलापको पुनः पूर्णसाङ्केतीकरण गरिएको छ (पूर्ण साङ्केतीकरण गरिएको Sheet अनुसूची ४ मा संलग्न गरिएको छ)। SDG Sheet मा प्राप्त परिमाणात्मक तथ्याङ्कलाई आवश्यक विश्लेषण विधिअनुरूप अध्ययनका तीनै उद्देश्य पूरा हुने गरी सिलसिलाबद्ध तरिकाले परिणाम प्राप्त गरिएको थियो भने गुणात्मक विश्लेषणका लागि सङ्कलित तथ्याङ्क तथा जानकारीलाई परिमाणात्मक तथ्याङ्कसँग मिलाउँदै अध्ययनका प्रथम, द्वितीय र तृतीय उद्देश्यअनुरूपका परिणाम स्पष्ट हुने गरी प्रस्तुत गरिएको छ। यो विधि मामिला अध्ययनको लागि समेत प्रयोग गरिएको छ ।

### (छ) कोडिङ्गको विधि

तथ्याङ्कलाई पूर्ण साङ्केतीकरण गर्दा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त बजेट र खर्चको तथ्याङ्कलाई अध्ययन गरेपछि मन्त्रालय अन्तर्गतको बजेट उपशीर्षकको आधारमा Excel Pivot टेबल बनाई दिविलअनुसार कोडिङ्ग गरियो। त्यसपछि कोडिङ्ग गरिएको Sheet बाट दिविलअनुसारको बजेट विनियोजन र खर्चको सङ्क्षिप्त टेबल तयार गरी उक्त टेबललाई विश्लेषणको क्रममा प्रयोग गरिएको छ ।

### (ज) तथ्याङ्कको गुणस्तरीयता कायम


तथ्याङ्कको उच्च गुणस्तरलाई कायम गर्नका निमित्त दुई स्थानीय अनुभवी व्यक्तिलाई सो काममा संलग्न गरी सम्बन्धित विषयका विज्ञद्वारा दोहोरो परीक्षण गरी उक्त सङ्कलित तथ्याङ्कलाई तत्काल सम्बन्धित  सरोकारवालाको रोहबरमा तथ्याङ्क प्रमाणीकरण गरिएको थियो।

## १.६ वित्तीय एवम् सूचना प्रवाहको विद्यमान व्यवस्था

### १.६.१ स्रोत प्रवाहको चित्रण

प्रदेशस्तरबाट बजेट विनियोजनपश्चात् सो रकमको अन्तिम खर्च गर्ने एकाईसम्मको स्रोत प्रवाहको अध्ययन गरियो । तलको चित्रले दिविलका निम्ति सरकारी पद्दतिअनुरूप माथिबाट खर्च एकाईसम्म स्रोत परिचालन तथा प्रवाह हुने प्रक्रियालाई स्पष्ट पारेको छ ।


चित्र १: स्रोत प्रवाहको खोजीनितीका अवयव




### १.६.२ अवधारणात्मक रूपरेखा

सङ्घीयता कार्यान्वयनमा आएपछि नेपालमा वित्तीय स्रोत प्रवाहको संरचनामा उल्लेख्य परिवर्तन भएको छ। जसअनुरूप सङ्घले प्रदेश र स्थानीय तहलाई चारवटा शीर्षकमा अनुदान दिने र प्रदेशले पनि स्थानीय तहलाई सो अनुरूप नै अनुदान दिने गरी व्यवस्था गरिएको छ । सङ्घ, प्रदेश र स्थानीय सरकारका केही साझा आयका स्रोतहरू पनि रहेका छन्। खासगरी प्रदेशले सङ्घबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान प्राप्त गरी आफ्नो आन्तरिक आयसमेत प्रदेशको सञ्चित कोषमा राख्दछ। सो रकम प्रदेश सरकार अन्तर्गतका सम्पूर्ण निकाय र प्रदेशभित्रका सबै स्थानीय तहहरूलाई सूत्रका आधारमा बजेट तय गरी क्षेत्राधिकारभित्र रही विनियोजन गर्दछ (चित्रः २)।

चित्र २: अवधारणात्मक रूपरेखा



## १.७ अध्ययनको सीमा

समयको सीमितताका कारण सर्वेक्षणलाई अझ सूक्ष्म रूपले अध्ययन र विश्लेषण गर्न सकिएन। नेपालको संविधान २०७२, बमोजिम सङ्घीयता कार्यान्वयनमा आएपश्चात् तथ्याङ्क प्रदायक निकायहरूको पुनःसंरचना भएकाले तथ्याङ्क सङ्गठित तथा सुव्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन। तथ्याङ्क र सूचना अध्ययनको महत्त्वपूर्ण आधार हो तर प्रदेश सरकार स्थापना भएको धेरै वर्ष नभई सकेको कारणले एकीकृत सूचना बैङ्कको अभाव भएको हुँदा समयगत र निकायगत रूपमा पर्याप्त सूचना प्राप्त हुन कठिन रह्यो। त्यसमा पनि चुनावका कारण प्रदेश सरकारका कर्मचारीहरूको समयको सीमितता र स्थानीय निकायका प्रतिनिधिहरूको पनि समयको उपलब्धतामा पनि सीमितता रह्यो। पर्याप्त समयगत र निकायगत तथ्याङ्कको अभावमा प्रदेश १ को समष्टिगत आर्थिक क्षेत्रका कतिपय महत्त्वपूर्ण सूचकहरू र तिनको वर्तमान अवस्था प्राप्त गर्न नसक्दा अध्ययनको सङ्ख्यात्मक तथा गुणात्मक पाटालाई समेटेर विश्लेषण गर्ने कार्य पूर्ण रूपमा सम्पन्न गर्न कठिनाइ रहेको छ।

अध्याय -२

# प्रदेशको समग्र विकासको अवस्था

## २.१ पृष्ठभूमि

प्रदेश १ को अर्थतन्त्रमा प्राथमिकताको स्थितिलाई हेर्दा कृषि, उद्योग, ऊर्जा र पर्यटनलाई प्रदेशको समृद्धिको महत्त्वपूर्ण आधारका रूपमा लिएको देखिन्छ। यस अध्यायमा प्रदेशको समग्र विकासको अवस्थाको विश्लेषणको क्रममा प्रदेश १ को भौगोलिक, आर्थिक-सामाजिक, पूर्वाधार तथा वातावरणीय विकासको अवस्थालाई प्रस्तुत गरिएको छ। आर्थिक स्थितिको विश्लेषणको क्रममा कुल गार्हस्थ्य उत्पादनको अवस्था र आर्थिक वृद्धिदर, राजस्व तथा वित्तीय क्षेत्रको स्थिति, सार्वजनिक आय तथा खर्चको अवस्था, औद्योगिक विकासको स्थितिलाई समेटिएको छ। सामाजिक क्षेत्रअन्तर्गत शिक्षा, स्वास्थ्य, मानव विकास सूचकाङ्क र लैङ्गिक विकासका सूचकाङ्कलाई समेटिएको छ। पूर्वाधारतर्फ स्थानीय सडक सञ्जाल र विद्युत् उत्पादन र वातावरण तथा जैविक विविधतामा प्रदेश १ को वन र वातावरणको उपयोग तथा संरक्षण स्थितिलाई समेटिएको छ।

## २.२ प्रदेशको भौगोलिक अवस्था

प्रदेश १ पूर्वी नेपालका १४ वटा जिल्लालाई समेटेर बनाइएको छ। प्रदेश १ ले मुलुकको कुल क्षेत्रफलको १७.६ प्रतिशत क्षेत्रलाई ओगटेको छ। उक्त क्षेत्रफलको १८ प्रतिशत भूभाग तराईमा र ८२ प्रतिशत क्षेत्र पहाड र हिमाली क्षेत्रले ओगटेको छ। प्रदेशको कुल भूभागको २३ प्रतिशत क्षेत्र कृषिका लागि उपयुक्त रहेको छ।

यस प्रदेशमा १ महानगरपालिका, २ उपमहानगरपालिका, ४६ नगरपालिका र ८८ वटा गाउँपालिका गरी जम्मा १३७ स्थानीय निकाय रहेका छन्। जनगणना २०२१ को प्रारम्भिक तथ्याङ्कअनुसार प्रदेशमा ४९,७२,०२१ जनसङ्ख्या रहेका छन्। यस कुल जनसङ्ख्याको १७.०३ प्रतिशत हो। हिमाल, पहाड र तराईको भौगोलिक धरातल समेटिएको यो प्रदेशमा विश्वका ६ वटा अग्ला हिमशिखरमध्ये संसारकै अग्लो हिमाल सगरमाथालगायत कञ्चनजङ्गा, ल्होत्से, मकालु र चोयु रहेका छन्। यसै गरी नेपालकै सबैभन्दा होचो ठाउँ केचनासमेत यसै प्रदेशमा पर्दछ।

## २.३ प्रदेश अर्थतन्त्रको अवस्था र तुलना

### २.३.१ कुल गार्हस्थ्य उत्पादनको अवस्था र आर्थिक वृद्धिदर

आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रिय कुल गार्हस्थ उत्पादनमा प्रदेश १ को योगदान १५.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७६/७७ र ७७/७८ मा ०.३० प्रतिशतले वृद्धि भई १५.८ प्रतिशत पुग्दा पुनः आर्थिक वर्ष २०७८/७९ मा भने प्रदेश १ को योगदान १५.७ प्रतिशतमा सीमित हुन पुगेको छ । यसरी चार वर्षको योगदानको स्थितिलाई हेर्दा कुल राष्ट्रिय गार्हस्थ्य उत्पादनको स्थितिमा प्रदेश १ को औसत योगदान १५.७ प्रतिशत रहेको पाइन्छ ।


यस प्रदेशको आर्थिक वृद्धिदरको स्थितिलाई हेर्दा आर्थिक वर्ष २०७५/७६ मा ७.१० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७६/७७ मा कोभिड महामारीले गर्दा मुलुकभरि भएको लकडाउनका कारणले वृद्धिदरमा ह्रास आई ०.०३ प्रतिशतमा सीमित हुन पुगेको देखिन्छ। त्यसपछिका वर्षहरूमा भने आर्थिक वृद्धिदरको प्रतिशतमा क्रमिक रूपमा सुधार हुँदै गएको पाइन्छ। आर्थिक वर्ष २०७७/७८ मा प्रदेश १ को आर्थिक वृद्धिदर ४.३४ प्रतिशत पुगेकोमा त्यसमा सुधार भई आर्थिक वर्ष २०७८/७९ मा आर्थिक वृद्धिदर ५.४१ प्रतिशत पुगेको छ । वृद्धिदरको यस अवस्थालाई हेर्दा नेपालको आर्थिक वृद्धिदर र प्रदेश १ को आर्थिक वृद्धिदरको प्रवृत्ति एकै खालको देखिन्छ।

**तालिका ३: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेश १ को योगदान र वृद्धिदर प्रतिशत**

| आर्थिक वर्ष | प्रदेश १ को योगदानको प्रतिशत | आर्थिक वृद्धिदर प्रतिशत | नेपालको आर्थिक वृद्धिदर प्रतिशत |
|---|---|---|---|
| २०७५/७६ | १५.५ | ७.१० | ६.६६ |
| २०७६/७७ | १५.८ | ०.०३ | -२.३७ |
| २०७७/७८ | १५.८ | ४.३४ | ४.२५ |
| २०७८/७९ | १५.७ | ५.४१ | ५.८४ |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७९*

#### चित्र ३: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेश १ को योगदान र वृद्धिदर प्रतिशत




*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९*


प्रदेश १ को कुल गार्हस्थ्य आम्दानीमा क्षेत्रगत संरचनाको अवस्थालाई हेर्दा सेवा क्षेत्रको योगदानको स्थिति उच्च रहेको छ। प्रदेश १ को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रले ४९.१ प्रतिशत योगदान पुर्याएको छ भने कृषि र उद्योगको योगदानको स्थिति क्रमशः ३३.१ र १७.८ प्रतिशत रहेको छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको प्रवृत्ति पनि राष्ट्रिय स्तरको कुल गार्हस्थ्य उत्पादनसँग मिल्दोजुल्दो देखिन्छ ।

#### तालिका ४: कुल गार्हस्थ्य उत्पादनको संरचनामा राष्ट्रिय र प्रदेश १ को स्थिति

| क्षेत्र | प्रदेश नं १ को | राष्ट्रिय |
|---|---|---|
| कृषि | ३३.१ | २३.९० |
| उद्योग | १७.८ | १४.३० |
| सेवा | ४९.१ | ६१.८० |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९*

### चित्र ४: कुल गार्हस्थ्य उत्पादनको संरचनामा राष्ट्रिय र प्रदेश १ को स्थिति




*स्रोत: अर्थ मन्त्रालय (२०७८)*

## २.३.२ राजस्व तथा वित्तीय क्षेत्र

राजस्व सङ्कलनका हिसाब मा प्रदेश १ को स्थिति सन्तोषजनक नै रहेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा प्रदेश १ ले रु १२.४१ अर्ब राजस्व सङ्कलन गरेको थियो । प्रदेशगत रूपमा राजस्व सङ्कलनको स्थितिसँग तुलना गर्दा यस प्रदेशको स्थिति दोस्रो स्थानमा रहेको देखिन्छ। नेपालको राजस्व सङ्कलनको परिमाणमा प्रदेश १ को हिस्सा १४.११ प्रतिशत रहेको छ। सोही वर्षको विनियोजित बजेटको परिमाणसँग तुलना गर्दा कुल बजेटमा राजस्वको अंश ३०.३४ प्रतिशत रहेको देखिन्छ। प्रदेशगत रूपमा खर्चको विश्लेषण गर्दा यस प्रदेशको खर्च आर्थिक वर्ष २०७७/७८ मा रु.२७.९५ अर्ब रहेको छ जुन प्रदेशगत कुल सार्वजनिक खर्चको १४.८० प्रतिशत हो। राजस्व सङ्कलन र खर्चको प्रवृत्तिलाई हेर्दा दुवैमा नजिकको सामञ्जस्य रहेको देखिन्छ।

वित्तीय क्षेत्रतर्फको तथ्याङ्कलाई हेर्दा प्रदेश १ मा बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या १८२८ रहेका छन् जुन वागमती र लुम्बिनी प्रदेशपछिको उच्च हो भने राष्ट्रिय स्तरमा जम्मा सङ्ख्याको १६.११ प्रतिशत हो। प्रतिशाखा जनसङ्ख्याको स्थितिमा भने राष्ट्रिय औसत (२५७२) भन्दा केही बढी भई २,७२० रहेको छ। त्यस्तै बिमकको शाखा सङ्ख्या ५०६ पुगेको छ, जुन तुलनात्मक रूपमा वागमती प्रदेशभन्दा कम हो भने कुल राष्ट्रिय सङ्ख्याको १७.४ प्रतिशत हो।

### तालिका ५: प्रदेश १ का अन्य आर्थिक तथा वित्तीय परिसूचकको तुलनात्मक अवस्था

| परिसूचक | नेपाल | प्रदेश नं. १ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| वित्तीय क्षेत्रः | | | | | | | | |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सङ्ख्या | ११३४९ | १८२८ | १७२५ | २९२६ | १४०५ | २१८६ | ४५१ | ८२८ |
| प्रतिशाखा जनसङ्ख्या | २५७२ | २७२० | ३५५१ | २०७९ | १७६५ | २३४४ | ३७५८ | ३२७४ |
| बिमकको शाखा सङ्ख्या | २९०५ | ५०६ | ३८४ | ८०७ | ३२१ | ४२१ | १८७ | २७९ |
| प्रदेशगत खर्च (रु.करोडमा) | १८८८३ | २७९५ | २२५५ | ३५५९ | २५६२ | ३२१० | २२०४ | २२९७ |
| प्रदेशगत राजस्व (ररु.करोडमा) | ८७९४ | १२४१ | १२२६ | २५६३ | ९७३ | १२१२ | ७६७ | ८१२ |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८*

प्रदेश १ को कुल खर्चमा पुँजीगत खर्चको प्रवृत्तिलाई हेर्दा उतार चढावको स्थिति रहेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ को तुलनामा २०७६/७७ मा कुल खर्च करिब ४०.७ प्रतिशतले वृद्धि भएकोमा २०७७/७८ मा यसको परिमाणमा करिव ६.३० प्रतिशत ह्रास आई रु. २७.९५ अर्बमा सीमित हुन पुगेको छ। आर्थिक वर्ष २०७५/७६मा सातै प्रदेशको कुल खर्चको परिमाणमा प्रदेश नं. १ को हिस्सा १८.९१ प्रतिशत रहेकोमा २०७७/७८ मा पुग्दा सो परिमाणमा ह्रास आई प्रदेशको कुल खर्च हिस्सा १४.८ प्रतिशतमा सीमित हुन पुगेको छ। त्यसै गरी पुँजीगत खर्चको हिस्सा आर्थिक वर्ष २०७५/७६ मा ५३.९५ प्रतिशत रहेकोमा २०७६/७७ मा उल्लेख्य वृद्धि भै ५९.८९ प्रतिशत पुगेकोमा २०७७/७८ मा पुन ह्रास आई ५६.७६ प्रतिशतमा सीमित भएको देखिन्छ। खर्च प्रवृत्तिको विश्लेषण गर्दा दुवै खर्चको प्रवृत्तिमा उतार-चढावको स्थिति रहेको देखिन्छ।

तालिका ६: प्रदेश १ सरकारको पुँजीगत खर्चको तुलनात्मक स्थिति

| विवरण | २०७५/७६ | | | २०७६/७७ | | | २०७७/७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल खर्च | खर्च भार | पुँजीगत खर्चको अंश | कुल खर्च | खर्च भार | पुँजीगत खर्चको अंश | कुल खर्च | खर्च भार | पुँजीगत खर्चको अंश |
| **प्रदेश नं. १** | **२१२०.२९** | **०.१९** | **५३.९५** | **२९८३.३२** | **०.१९** | **५९.८९** | **२७९५.१३** | **०.१५** | **५६.७६** |
| मधेश | १५०९.२४ | ०.१३ | ५६.०९ | १८०१.७२ | ०.१२ | ४५.७१ | २२५४.५८ | ०.१२ | ६१.६७ |
| बागमती | २०६५.२७ | ०.१८ | ४६.२६ | २७९५.०९ | ०.१८ | ५६.११ | ३५५९.४८ | ०.१९ | ५६.२१ |
| गण्डकी | १३९२.८० | ०.१२ | ६२.५९ | २०४१.३६ | ०.१३ | ६८.५२ | २५६२.३४ | ०.१४ | ६८.६७ |
| लुम्बिनी | १७०३.४१ | ०.१५ | ५९.७२ | २५४०.७१ | ०.१६ | ५७.९४ | ३२१०.३० | ०.१७ | ५७.६४ |
| कर्णाली | १००१.६३ | ०.०९ | ५४.०६ | १६८८.०२ | ०.११ | ५६.४९ | २२०४.२० | ०.१२ | ६१.५७ |
| सुदूरपश्चिम | १४१६.३४ | ०.१३ | ५१.०७ | १७६१.२० | ०.११ | ५२.७४ | २२९६.८३ | ०.१२ | ५४.८७ |
| जम्मा | ११२०८.९९ | १.०० | ५४.४२ | १५६११.४० | १.०० | ५७.२१ | १८८८२.८६ | १.०० | ५९.३४ |

*स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८*

## २.३.३ सार्वजनिक आय तथा खर्चको अवस्था

महालेखा नियन्त्रक कार्यालयको २०७८ को तथ्याङ्कअनुसार प्रदेश १ को आर्थिक वर्ष २०७७/७८ को प्रादेशिक आय र खर्चको स्थिति हेर्दा जम्मा आय रु ३२.३२ अर्ब रहेकोमा प्रादेशिक खर्च जम्मा रु २७.९५ अर्ब रहेको देखिन्छ। आय र खर्चको अवस्थालाई हेर्दा प्रदेश १ मा आर्थिक वर्ष २०७७/७८ मा सञ्चित कोष रु ४.३७ अर्बले बचतमा रहन गएको देखिन्छ। राजस्व सङ्कलनका हिसाबले प्रदेश १ को स्थिति बागमती प्रदेश बाहेक अन्यभन्दा उच्च रहेको छ। त्यसैगरी अनुदान प्राप्तिको स्थितिमा पनि अन्य प्रदेशको तुलनामा यस प्रदेशको अवस्था राम्रो रहेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा प्रदेश १ ले कुल १७.६१ अर्ब अनुदान प्राप्त गरेको देखिन्छ। यो परिमाण सङ्घीय सरकारले प्रदेशहरूलाई प्रदान गरेको कुल परिमाणको १५.९५ प्रतिशत हो।

**तालिका ७: आर्थिक वर्ष २०७७/७८ मा प्रदेश १ को सञ्चित कोषको तुलनात्मक अवस्था (रु. करोडमा)**

| विवरण | प्रदेश नं.१ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रादेशिक खर्च | २७९५.१३ | २२५४.५८ | ३५५९.४८ | २५६२.३४ | ३२१०.३० | २२०४.२० | २२९६.८३ | १८८८२.८६ |
| राजस्व | १२४१.११ | १२२६.०६ | २५६३.१८ | ९७३.३० | १२११.८४ | ७६६.६९ | ८१२.२२ | ८७९४.४० |
| कर | ११२२.४४ | ११३९.३६ | २०७८.१८ | ८४१.९८ | ९८४.१९ | ७५३.८४ | ७८०.८७ | ७७००.८५ |
| अन्य | ११८.६७ | ८६.७० | ४८५.०० | १३१.३३ | २२७.६४ | १२.८५ | ३१.३६ | १०९३.५५ |
| बेरुजु लगायत अन्य प्राप्ति | २०३.६० | १०९३.४८ | १८६१.१० | ६२५.९१ | ९६६.३० | १०९६.२७ | ७९४.३५ | ६६४१.०१ |
| अनुदान प्राप्ति | १७६१.०३ | १४४३.२८ | १६९१.४६ | १३९६.८५ | १७३७.६६ | १४६४.१४ | १५४०.३९ | ११०३४.८१ |
| ऋण लगानी फिर्ता | २७.०६ | ०.०० | २७.०६ | ०.०० | ०.०० | ०.०० | ०.०० | ५४.१३ |
| जम्मा प्राप्ति | ३२३२.८० | ३७६२.८२ | ६१४२.८१ | २९९६.०६ | ३९१५.७९ | ३३२७.०९ | ३१४६.९६ | २६५२४.३४ |
| प्रदेश सञ्चित कोष न्यून (-)बचत/(+) | -४३७.६७ | -१५०८.२४ | -२५८३.३३ | -४३३.७२ | -७०५.४९ | -११२२.९० | -८५०.१४ | -७६४१.४८ |

*स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८*

## २.३.४ औद्योगिक तथा पर्यटन विकासको स्थिति

औद्योगिकीकरण आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण आधार हो। प्रदेशको उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रलाई सबल र सुदृढ बनाउँदै औद्योगिक विकासका लागि वातावरण निर्माण गर्न नीतिगत र कानुनी संरचनामा सुधार र प्रक्रियागत सरलीकरणका लागि आवधिक योजनाले प्राथमिकता दिइको छ। औद्योगिक क्षेत्रमा लगानी आकर्षित गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कुरा योजनाको उद्देश्यमा समेटिएको छ। त्यसका साथै योजनाको रणनीति र कार्यनीतिमा उल्लेख भएअनुसार

औद्योगिक उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन तथा आपूर्ति प्रणालीलाई थप व्यवस्थित गर्न प्रदेश सरकारले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

केन्द्रीय तथ्याङ्क विभागको प्रतिवदेनअनुसार प्रदेश १ मा उत्पादनमूलक उद्योगको सङ्ख्या १९३८० रहेको देखिन्छ जुन नेपालमा दर्ता भएका उत्पादनमूलक उद्योग सङ्ख्याको १८.६२ प्रतिशत हो। उत्पादनमूलक उद्योग मा भएको लगानीको अवस्थालाई हेर्दा आर्थिक वर्ष २०७८/७९ सम्ममा प्रदेश १ मा ५५,५५९ करोड लगानी भएको देखिन्छ। यो परिमाण नेपालका उद्योगहरूमा भएको लगानीको २२.१ प्रतिशत रहेको देखिन्छ। यी उद्योगको प्रस्तावित रोजगारी सङ्ख्याको अवस्थालाई आधार मान्दा प्रदेश १ मा उत्पादनमूलक उद्योगले करिब १०१२७९ जनालाई रोजगारी उपलब्ध गराएको देखिन्छ। त्यसैगरी नेपालमा घोषणा भएका १०५ औद्योगिक ग्राममध्ये ११ वटा उद्योग ग्राम प्रदेश १ एकमा रहेका छन्। त्यसैगरी कम्पनी दर्ताको अवस्थालाई हेर्दा प्रदेश १ मा जम्मा २०८३७ कम्पनी दर्ता भएका छन्, जुन नेपालमा दर्ता भएका कम्पनीहरूको ७.३५ प्रतिशत हो।

तालिका ८: प्रदेश १ मा उत्पादनमूलक उद्योगमा लगानी र रोजगारीको तुलनात्मक स्थिति

| प्रदेश | लगानी (रु करोडमा ) | उत्पादनमूलक उद्योगको सङ्ख्या | रोजगार व्यक्तिको सङ्ख्या |
|---|---|---|---|
| प्रदेश १ | ५५५५९ | १९३८० | १०१,२७९ |
| मधेश | १४१६५ | १२६५४ | ७९,७७८ |
| बागमती | ९१२७१ | ३२७५५ | १६१,१९५ |
| गण्डकी | ५४८७५ | १०९२८ | ३७,९९८ |
| लुम्बिनी | १७१०९ | १६१७० | ९३७०६ |
| कर्णाली | १३५२१ | ४४२८ | ९८८३ |
| सुदूरपश्चिम | ४७२१ | ७७४३ | २६६८४ |
| नेपाल | २५१२२१ | १०४०५८ | ५१०५२३ |

*स्रोत:केन्द्रीय तथ्याङ्क विभाग, २०२१*

अर्थतन्त्रको महत्त्वपूर्ण आधारका रूपमा रहेको पर्यटन क्षेत्रको यस प्रदेशमा प्रचुर सम्भावना रहेको छ। सर्वोच्च शिखर सगरमाथालगायत विश्वका अग्ला ५ हिमश्रृङ्खला यस प्रदेशमा रहेका छन्। त्यस्तै प्रदेशले पर्यावरणअनुकूल पर्यटन उद्योगको विकास गर्ने र लाभ वितरणमा स्थानीयलाई प्राथमिकता दिने नीति अवलम्बन गरेको छ। नेपालको संविधानले पर्यटन क्षेत्रलाई सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहको अधिकार सूचीमा समेटेको छ। विभिन्न जातजाति, भाषा, भेषभूषा तथा रहनसहनका मानिसको बसोबास रहेको यो प्रदेश ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक दृष्टिले धनी रहेको छ। नेपाल सरकारले पहिचान गरेका १०० वटा गन्तव्य स्थल मध्ये १६ वटा धार्मिक तथा रमणीय स्थल यस प्रदेशअन्तर्गत नै रहेका छन्। प्रदेश सरकारले पर्यटन विकासका लागि ३ स्थानमा पर्यटकीय मार्ग, ३७ स्थानमा पर्यटकीय पूर्वाधार, ४ वटा झरना विकास तथा संरक्षण ३ वटा होमस्टे निर्माणमा लगानी गरी कार्यान्वयनमा ल्याएको छ। तर पर्यटन क्षेत्र विकासका लागि यो पर्याप्त देखिँदैन। यस क्षेत्रको विकास र विस्तारका लागि थप लगानी आवश्यक रहेको देखिन्छ ।

## २.४ सामाजिक विकासको स्थिति

### २.४.१ शिक्षा

प्रदेश १ मा सामाजिक पूर्वाधारका रूपमा रहेको विद्यालयको सङ्ख्या ६७५९ रहेको छ, जुन मुलुकको कुल विद्यालय सङ्ख्याको १९.६ प्रतिशत हो। प्रदेशको औसत साक्षरता दर ८८.० प्रतिशत रहेको छ । यस प्रदेशको आधारभूत तह (१-५) मा विद्यालय विद्यार्थी अनुपात ८२ रहेको छ, जुन मुलुकको औसत अनुपातभन्दा निकै कम हो। आधारभूत तह (१-५ ) मा विद्यालय विद्यार्थी अनुपात कम भएको हिसाबमा यो प्रदेश दोस्रो स्थानमा रहेको छ। यस प्रदेशको आधारभूत तहको खुद भर्नादर ९६.९ रहेको छ, जुन राष्ट्रिय औसतभन्दा केही बढी रहेको देखिन्छ। माध्यमिक तहको खुद भर्नादर पहुँच ६० प्रतिशत रहेको छ। माध्यमिक तह (९-१०) मा पनि विद्यालय, विद्यार्थी अनुपात मुलुकको औसत अनुपातभन्दा कम रहेको छ। शिक्षक - विद्यार्थी अनुपातको अवस्थामा पनि दुवै तह (आधारभूत १-५ तथा माध्यमिक ९-१० ) मा यो प्रदेशको स्थिति मुलुकको औसत अनुपात कम रहेको देखिन्छ। विद्यमान स्थितिलाई विश्लेषण गर्दा विद्यालय विद्यार्थी अनुपात र शिक्षक विद्यार्थी अनुपातको अवस्थामा पुनर्विचार गर्नुपर्ने देखिन्छ।

**तालिका ९: प्रदेश १ को सामुदायिक विद्यालयमा तहगत विद्यालय / विद्यार्थी , विद्यार्थी र शिक्षक अनुपातको अन्य प्रदेशसँगको तुलना**

| प्रदेश | विद्यालय विद्यार्थी अनुपात | | | | शिक्षक विद्यार्थी अनुपात | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) | आधारभूत तहको खुद भर्नादर (प्रतिशत मा) |
| प्रदेश नं.१ | ८२ | ८४ | ८८ | १५८ | १९ | २७ | २१ | ६७ | ९६.९ |
| मधेश | १९५ | १७५ | १६९ | १७२ | ४९ | ६७ | ४४ | ८५ | ९६.८५ |
| बागमती | ९२ | ८८ | ७६ | १६६ | १८ | २४ | १४ | ५० | ९६.८८ |
| गण्डकी | ६३ | ७६ | ७३ | ११७ | १३ | २१ | १५ | ३९ | ९६.९४ |
| लुम्बिनी | ११८ | ११४ | १११ | १७६ | २४ | ३३ | २४ | ७३ | ९६.८८ |
| कर्णाली | ८८ | १०७ | ११८ | १६७ | २६ | ३५ | ३३ | ७५ | ९६.९८ |
| सुदूरपश्चिम | ९६ | १०२ | १११ | १६२ | २४ | ३१ | २७ | ५६ | ९६.९० |
| नेपाल | १०४ | १०३ | ९९ | १६० | २१ | ३१ | २२ | ५७ | ९६.६ |

*स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८*

त्यसै गरी उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूको सङ्ख्या १९७ रहेको छ। उक्त सङ्ख्यामा सरकारी उच्च शैक्षिक संस्था २४, सामुदायिक ८१ र निजी ९२ रहेका छन्। नेपाल श्रमशक्ति सर्वेक्षण आर्थिक वर्ष२०१७/१८ का अनुसार यस प्रदेशमा काम गर्ने उमेर समूह (१५-५९) को जनसङ्ख्या ३५५६००० रहेको र श्रम सहभागिता दर ३७.८ प्रतिशत रहेको छ। प्रदेशको रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ३४ प्रतिशत रहेको छ भने बेरोजगारी दर १०.२ प्रतिशत रहेको छ ।

### २.४.२ स्वास्थ्य

नेपालमा सरकारी र निजी दुवै क्षेत्रबाट स्वास्थ्य सुविधा उपलब्ध हुने गरेका छन्। प्रदेश १ मा सरकारी क्षेत्रबाट स्वास्थ्य सेवा प्रदान गर्ने एकाईहरूको सङ्ख्या ८१६ रहेका छन्। यो कुल स्वास्थ्यसेवा प्रदान गर्ने एकाई सङ्ख्याको १६ प्रतिशत हो। उक्त एकाईमध्ये १८ वटा अस्पताल, ४० वटा PHC, ६४८ वटा स्वास्थ्य चौकी, ५२ वटा सहरी स्वास्थ्य केन्द्र, ४९ ओटा सामुदायिक स्वास्थ्य केन्द्र र अन्य ९ वटा रहेका छन्। स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाको सङ्ख्या उल्लेख भए पनि जनशक्ति र उपकरणको अभावले गर्दा यस प्रदेशमा सबै जिल्लाहरूमा सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध हुन सकेको पाईँदैन। यस प्रदेशमा प्रतिहजार जीवित जन्ममा बाल मृत्युदर ३० र शिशु मृत्युदर २७, नवजात शिशु मृत्युदर २०, अपेक्षित आयु ७१.५ वर्ष रहेको छ भने आधा घण्टाको दुरीमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने परिवारको प्रतिशत ६५ रहेको पाइन्छ। यसका अतिरिक्त केही सूचकको स्थितिलाई विश्लेषण गर्दा यस प्रदेशमा २० प्रतिशत मानिसहरू पुड्कोपनको समस्याबाट पीडित रहेको, ८०.८ प्रतिशतले मात्र पूर्ण खोप लगाएको र ८१.८ महिलाहरूले मात्र दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको स्थिति रहेको देखिन्छ ।

तालिका १०: प्रदेश १ को प्रमुख स्वास्थ्य सूचकको तुलनात्मक  स्थिति (प्रतिशतमा)

| प्रदेश | पुड्कोपन | पूर्ण खोप लगाएको स्थिति | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको स्थिति |
|---|---|---|---|
| प्रदेश १ | २०.० | ८०.८ | ८१.८ |
| मधेश प्रदेश | २९.३ | ६७.७ | ६७.९ |
| बागमती प्रदेश | १७.६ | ८३.४ | ८६.६ |

| प्रदेश | पुड्कोपन | पूर्ण खोप लगाएको स्थिति | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको स्थिति |
|---|---|---|---|
| गण्डकी प्रदेश | १९.७ | ९३.४ | ८९.२ |
| लुम्बिनी प्रदेश | २५.१ | ८५.३ | ८६.९ |
| कर्णाली प्रदेश | ३५.८ | ८४.३ | ७२.३ |
| सुदूरपश्चिम प्रदेश | २८.० | ८८.८ | ८७.८ |

*स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०२२*

### २.३.३ सामाजिक विकास

प्रदेश १ को लैङ्गिक सशक्तीकरणको अवस्था राष्ट्रिय औसतभन्दा राम्रो रहेकोमा प्रदेशगत तुलनामा बागमती प्रदेशपछिको उच्च प्रगतिको अवस्थामा रहेको पाइन्छ। लैङ्गिक विकासतर्फ भने राष्ट्रिय औसतभन्दा केही बढी हुनुले लैङ्गिक असमानता कम रहेको पाइएको छ। मानव विकासको अवस्थालाई हेर्दा यस प्रदेशको अवस्था राष्ट्रिय औसतभन्दा पनि न्यून रहेकोमा गण्डकी र बागमती प्रदेशबाहेक अन्य प्रदेशको तुलनामा उच्च रहेको छ।प्रदेश १ मा निरपेक्ष गरिवीको दर १२.४ प्रतिशत रहेको छ भने बहुआयामिक गरिवीको अवस्था १५.९ प्रतिशत रहेको छ ।यो दर बागमती र गण्डकी प्रदेशबाहेक अन्य प्रदेशको तुलनामा कम रहेको छ। यस अवस्थाले प्रदेशमा गरिवी निवारणका कार्यक्रमहरूको प्रभावकारिता र लगानीको प्रतिफल सन्तोषजनक रहेको देखिन्छ। यद्यपि प्रदेशले यसतर्फ थप लगानी गर्नुपर्ने देखिन्छ।

सामाजिक सुरक्षाअन्तर्गत १७ वटा वृद्धाश्रमको सञ्चालनमा रहेका छन् भने १३ वटा जिल्लास्तरीय र १३० वटा पालिका स्तरीय खेल मैदानको स्तरोन्नति गरिएको पाइन्छ।

**तालिका ११: प्रदेशको लैङ्गगिक तथा मानव विकासको तुलनात्मक अवस्था**

| सूचक | नेपाल | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|---|
| लैङ्गिक सशक्तीकरणसूचकाङ्क | ०.४७९ | ०.४५९ | ०.५०३ | ०.४५७ | ०४६३ | ०.४७४ | ०.५५८ | ०.५२२ |
| मानव विकास सूचकाङ्क | ०.५८७ | ०.५८० | ०.५१ | ०.६६१ | ०.६१८ | ०.५६३ | ०.५३८ | ०.५४७ |

| सूचक | नेपाल | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|---|
| बहुआयामिक गरिवी सूचकाङ्क | १७.४ | १५.९ | २४.२ | ७.० | ९.६ | १८.२ | ३९.५ | २५.३ |
| लैङ्गिक विकास सूचकाङ्क | ०.८८६ | ०.९०१ | ०.७८६ | ०.९२९ | ०.९८६ | ०.९०१ | ०.९०२ | ०.९०३ |
| निरपेक्ष गरिवीको रेखा मुनिको जनसङ्ख्या प्रतिशतमा | १८.७ | १२.४ | १९.८ | १५.३ | १५.५ | १८.२ | २८.९ | ३३.९ |
| बेरोजगारी दर प्रतिशतमा | ११.४ | १०.२ | २०.१ | ७.० | ९.० | ११.२ | ९.७ | ११.५ |

*स्रोतः आर्थिक सर्वेक्षण, २०२२; बहुआयामिक गरिवी सूचक, २०२१; नेपाल मानव विकास प्रतिवेदन, २०२०*

## २.५ पूर्वाधार क्षेत्र

भौतिक तथा सामाजिक पूर्वाधार मुलुकको आर्थिक र सामाजिक विकासको महत्त्वपूर्ण कारक हो। यसले उत्पादन प्रक्रियालाई सहज वनाउनुका साथै उत्पादित बस्तु तथा सेवालाई एक स्थानबाट अर्को स्थानसम्म सहज रूपमा ओसार-पसार गर्न सहज बनाउँछ। यसका साथै भौतिक पूर्वाधारले मुलुकमा बजार विस्तार गर्न सहयोगीको भूमिका निर्वाह गर्दछ। प्रदेशभित्र १५ वटा आन्तरिक बिमानस्थल रहेका छन्। यातायात र विद्युत् भौतिक पूर्वाधार क्षेत्रका आधारभूत आवश्यकता भित्र पर्दछन्। स्थानीय सडक सञ्जालका हिसाबमा यस प्रदेशमा जम्मा १३,१२९ कि.मि. (वन समेत) सडक रहेको छ। कुल सडकमध्ये प्रादेशिक सडक ६,३५० र स्थानीय सडक ६,७७९ कि.मि. रहेको छ। यो परिमाण राष्ट्रिय कुल सडकको २० प्रतिशत हो ।

कुल सडकमध्ये कालो पत्रे ८४६ कि.मि., ग्राबेल २,५८८ कि.मि. र कच्ची सडक ९,६९५ कि.मि. रहेका छन्। मुलुकको कुल कालोपत्रे सडकसँग तुलना गर्दा यस प्रदेश १८.६ प्रतिशत गुणस्तरीय सडक रहेको छ । यसरी हेर्दा गुणस्तरीय सडक उपलब्धतामा न्यूनता रहेको छ। यस प्रदेशमा सडक घनत्व (कि.मि.प्रतिवर्ग कि.मि) ०.५१ रहेको छ। ५० वटा बहुवर्षीय सडक आयोजना सम्झौता भई निर्माण कार्य अघि बढेको छ भने २ वटा प्रादेशिक सडक निर्माणाधीन अवस्थामा छन्। त्यसै गरी ८६ वटा मुख्यमन्त्री ग्रामीण सडक निर्माणाधीन स्थितिमा रहेका छन्।

भौतिक पूर्वाधारको रूपमा रहेको विद्युत् उत्पादनको परिमाण ३२७ मेगावाट रहेको छ। यो नेपालको कुल विद्युत् उत्पादनको १६.२ प्रतिशत हो। नेपाल विद्युत् प्राधिकरणको तथ्याङ्कलाई हेर्दा आर्थिक वर्ष २०७८ फाल्गुन सम्ममा यस प्रदेशमा राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत् पहुँच प्राप्त जनसङ्ख्याको

प्रतिशत ९५.५० पुगेको छ। त्यसैगरी आधारभूत खानेपानी पुगेको जनसङ्ख्या ९८.० प्रतिशत रहेको छ। सुरक्षित खानेपानी पुगेको जनसङ्ख्या १९ प्रतिशत रहेको छ। पूर्ण सरसफाइको पहुँच पुगेको जनसङ्ख्याको प्रतिशत ९५.१ रहेको छ ।

### तालिका १२: प्रदेश १को भौतिक तथा सामाजिक पूर्वाधारको स्थिति

| परिसूचक | नेपाल | प्रदेश नं. १ |
|---|---|---|
| स्थानीय सडक सञ्जाल (कि.मी.)[३] | ६४६१७ | १३१२९ |
| विद्यालय सङ्ख्या[४] | ३४३६८ | ६७५९ |
| जलविद्युत् उत्पादन मेगावाट[२] | २०२३ | ३२७ |

*स्रोत: २.ऊर्जा, जलस्रोत तथा सिञ्चाइ मन्त्रालय, २०७८ ३.सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८ ४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८*

## २.२.५ वातावरणीय विकासको अवस्था

यस प्रदेशमा ४३.७५ प्रतिशत वन क्षेत्र र १९ प्रतिशत भूभाग निकुञ्ज वा संरक्षित क्षेत्र रहे पनि वनको वितरण र वातावरणीय प्रभावमा ठुलो भिन्नता रहेको छ। यस प्रदेशमा रहेको वनक्षेत्र नेपालमा रहेको कुल वन क्षेत्रको १७.६ प्रतिशत हो। यस अन्तर्गत राष्ट्रिय वन, कबुलियत वन, सामुदायिक वन, धार्मिक वन र निजी वन गरी विभिन्न प्रकारका वन रहेका छन्।यस प्रदेशमा रहेको कूल ११,३४,२५० हेक्टर वन क्षेत्र मध्य ४,२४,७१४ हेक्टर सामुदायिक वनको क्षेत्र रहेको छ । वायु प्रदूषणको मात्रा (पि.एम.२.५) ४६.५, उद्योग तथा यातायात क्षेत्रबाट हुने हरित ग्यास उत्सर्जन १० प्रतिशत र ऊर्जा उपभोगमा शौर्य तथा अन्य नवीकरणीय ऊर्जाको अनुपात २.४ प्रतिशत रहेको छ।

तराई, हिमाल र पहाडमा रहेको जैविक विविधता, विश्वप्रख्यात गुराँसको वन लगायत धार्मिक तथा सांस्कृतिक महत्त्वका अनगिन्ती स्थानको सङ्गमस्थलका साथै प्रदेशमा वातावरणीय विविधता प्रचुर मात्रामा छ। विश्वमा नै अत्यन्त दुर्लभ मानिएको रातो पाण्डादेखि संसारमा कतै पनि नपाइने चराको वासस्थान पनि यसै क्षेत्रमा रहेको छ। लालीगुराँस संरक्षण क्षेत्र, दर्जनौं सिमसार क्षेत्र, ताल तलैयाको पर्यावरणीय विविधता यस प्रदेशको विशिष्टता हो। सगरमाथा राष्ट्रिय निकुञ्ज, कञ्चनजङ्घा संरक्षित क्षेत्र, कोशीटप्पु वन्यजन्तु आरक्षण लगायतको प्राकृतिक सम्पदा र प्रकृतिका कैयौं जडीबुटी पनि यस प्रदेशमा प्रशस्त मात्रामा रहेका छन्। यस प्रदेशको दुई तिहाईभन्दा बढी भूभाग पहाड र हिमाली

क्षेत्रले ओगटेको छ। त्यसमा पनि पूर्वाधार निर्माणको क्रममा सावधानी अपनाउन नसकिएका कारण पहिरोका घटनाहरू दिनानुदिन बढ्दै गएका छन्। त्यसमा पनि भौगर्विक विशिष्टताका कारण जलवायु परिवर्तनको दृष्टिकोणबाट नेपाल अत्यन्त जोखिम अवस्थामा रहेको छ।

विषम मौसम घटनाका आधारमा नेपाल विश्वका अति जोखिमयुक्त देशहरूमा पर्दछ। नेपालमा पहिरो, हावा हुरी, असिना-पानी लगायतका जलवायुजन्य प्राकृतिक प्रकोपहरू विगतको तुलनामा बढ्दै गएका छन्। प्रदेश १ मा पनि अतिवृष्टि, अनावृष्टि, बाढीपहिरो लगायतका प्रकोपको बढ्दो असरहरू चुनौतीको रूपमा देखिएका छन्। वन क्षेत्रको विकास राम्रै हिसाबले भए पनि वातावरणका अन्य क्षेत्रमा खासै सुधार हुन नसकेकाले बिपद् र जोखिमका घटनाहरू बढ्दै गएका छन्। यसको न्यूनीकरणका लागि प्रर्याप्त लगानीको आवश्यकता रहेको देखिन्छ। लगानी विस्तार गरी अनुकूल वातावरणको अवस्था सृजना गर्दै जैविक विविधताको उचित मात्रामा उपयोग गर्न सके यसबाट प्रदेशले रोजगारीको अभिवृद्धि र आय आर्जनमा प्रशस्त लाभ लिन सक्ने देखिन्छ।

अध्याय- ३

# दिगो विकास लक्ष्यअनुसार बजेट विनियोजन र खर्चको प्रवृत्ति

## ३.१ पृष्ठभूमि

नेपालले दिगो विकासका लक्ष्यलाई नेपाल सरकारले चौधौं योजनादेखि नै आन्तरिकीकरण गर्न थालेको हो । पन्धौं योजनामा यसलाई अझ प्रष्टताका साथ समायोजन गरिएको छ। सङ्घीयताको अभ्यासअनुसार सङ्घ/प्रदेश र स्थानीय तहमा आ-आफ्ना एकल र साझेदारीका जिम्मेवारी क्षेत्रहरू रहेका छन् । नेपालको संविधानअनुसार स्थानीय तहका २२ वटा एकल अधिकार छन् भने १५ वटा सङ्घ/प्रदेश र स्थानीय तहमा साझा अधिकारका क्षेत्र रहेका छन्। त्यसैले दिगो विकास लक्ष्य प्राप्तिका लागि सङ्घीय सरकारको प्रयास मात्र पर्याप्त हुँदैन सबै तहको बजेटलाई लक्ष्य अनुरूप विनियोजन गर्न सकेमा मात्र नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसारका लक्ष्य हासिल गर्न सहज बन्न सक्ने देखिन्छ। दिविल अनुरूप बजेट विनियोजन गराउनु पर्ने कानुनी व्यवस्था पनि गरिएको छ। तर बजेट तथा खर्चलाई प्रतिफलमुखी कार्यक्रमका आधारमा लक्ष्य हासिल गराउने खालको प्रयास भने कम भएको देखिन्छ।

## ३.२ बजेट स्रोतको स्थिति

सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम र प्रदेशको अन्तरिक राजस्व नै प्रदेश सरकारका मुख्य आम्दानीका स्रोत हुन्। स्रोतको स्थितिलाई हेर्दा सङ्घबाट प्राप्त हुने कुल अनुदानको मात्रामा उतार चढावको स्थिति रहेपनि समानीकरण अनुदान र समपूरक अनुदानको परिमाणमा भने वृद्धि हुँदै गएको छ। सशर्त अनुदानको परिमाण भने बर्सेनी घट्तै गएको छ। सङ्घ र स्थानीय तहको राजस्व बाँडफाँडबाट प्रदेशले प्राप्त गर्ने राजस्वको मात्रा वर्षेनी वृद्धि हुदै गएको छ र प्रदेशको आन्तरिक राजस्व सङ्कलनमा पनि वृद्धि हुदै गएको देखिन्छ। आर्थिक वर्ष २०७६/७७ देखि प्रदेश १ को बजेटको आकार प्रतिवर्ष घट्दै गएको देखिन्छ। परिणामस्वरूप पूर्वाधार र कृषिक्षेत्रका धेरै कार्यक्रमहरू समयमा पूरा हुन सकेका छैनन्। त्यसैले आगामी दिनमा बजेटको आकार बढाउनुपर्ने अवस्था रहेको स्थितिमा प्रदेशको आन्तरिक राजस्व आधार विस्तार गरी राजस्वको मात्रा वृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

तालिका १३: प्रदेश नं. १ को बजेटको स्रोत विवरण (रु लाखमा )

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|
| प्रदेशलाई सङ्घ बाट प्राप्त हुने अनुदान | १८४९४६.६२ | १७९८९९.३८ | १७६१०३.२१ | १८४६५५ |
| समानीकरण अनुदान | ६६१०३.०० | ८१६३३.०० | ७९९८४.०० | ८५६७८ |
| सशर्त अनुदान | १०५४७३.५६ | ८५२७८.३८ | ८२३४२.२१ | ८१३९६ |
| विशेष अनुदान | ६५७१.०६ | ५४५०.०० | ५३५०.०० | ५९३३ |
| समपूरक अनुदान | ६८००.०० | ७५३८.०० | ८४२७.०० | ११६४८ |
| राजस्व बाँडफाँडबाट प्रदेशलाई प्राप्त हुने (सङ्घ/स्थानीय) | ७९६२३.०३ | ८८८२४.१५ | १०६४२२.०८ | ११९५९४ |
| प्रदेशको आन्तरिक राजस्व (कर र गैर कर) | १४०८२.२३ | १८२४९.१० | २५१२६.८१ | २५४९१ |
| मौज्दात | ३६८७.७९ | २४२७५.०५ | १२९२१.६३ | ० |
| जम्मा | २८२३३५.६७ | ३११२४७.६८ | ३२०५७३.७३ | ३२९७४० |

*स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय २०७८*

## ३.३ आवधिक योजना र बजेट विनियोजनबीचको तादाम्यता

“समृद्ध नेपाल-सुखी नेपाली” को राष्ट्रिय सोचलाई आत्मसात् गर्दै प्रदेश आवधिक योजना (२०७६/७७-२०८०/८१) ले “स्वच्छ, सुखी र समुन्नत प्रदेश” भन्ने प्रदेश सरकारको दीर्घकालीन सोचसहित “सामाजिक न्यायसहितको समृद्ध प्रदेश निर्माण” गर्ने लक्ष्यलाई साकार बनाउन योजनाले आवश्यक रणनीति, उद्देश्य र कार्ययोजना अघि सारेको छ। पहिलो आवधिक योजनाले कृषि, पर्यटन, उद्योग, पूर्वाधार विकास, मानवीय विकास र सुशासनलाई उच्च प्राथमिकतामा राखेको छ ।

लक्ष्यप्राप्तिका लागि क्षेत्रगत लगानीको अनुमान र आर्थिक तथा सामाजिक उपलब्धिका सूचकको तर्जुमा गरी योजनालाई कार्यान्वयनमा ल्याइएको छ। पहिलो आवधिक योजनाले (आर्थिक वर्ष

२०७५/७६ को स्थिर मूल्यमा)  रु. १४ खर्ब ४२ अर्ब ८ करोड लगानी गर्नुपर्ने अनुमान गरेको छ । उक्त लगानीमध्ये सार्वजनिक क्षेत्रबाट कुल अनुमानित लगानीको ३८.७ प्रतिशत (रु. ५५७७८ करोड ) लगानी हुने अनुमान गरिएको छ। सार्वजनिक क्षेत्रबाट हुने खर्चतर्फ निर्माण, सार्वजनिक प्रशासन, शिक्षा र स्वास्थ्यमा सरकारी लगानी बढी हुने अनुमान गरेको छ, तर विगत चार वर्षको प्रदेशको बजेट विनियोजनको औसतलाई हेर्दा आवधिक योजना अवधि (२०७६/७७-२०८०/८१) भरमा सार्वजनिक क्षेत्रबाट हुने लगानीको परिमाण अनुमानित रकमको करिब ३५ प्रतिशत मात्र लगानी हुन सक्ने देखिन्छ। यसरी हेर्दा पहिलो आवधिक योजनाले सार्वजनिक क्षेत्रबाट गर्ने गरी गरेको लगानी अनुमानलाई महत्त्वाकाङ्क्षी भन्न सकिन्छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्रदेश सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा मध्यमकालीन खर्च संरचनासहित पेस गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ। सोहीअनुसार प्रदेश सरकारले मध्यमकालीन खर्च संरचना तर्जुमा गरी सार्वजनिक खर्च गर्दै आएको छ। यसमा आधारित रहेर प्रदेश सरकारले वार्षिक बजेट तर्जुमा गरी सार्वजनिक  गर्दै आएको छ। यस क्रममा आवधिक योजना र वार्षिक बजेट तथा मध्यमकालीन खर्च संरचना र बजेटको तादाम्य विश्लेषण गर्न दुवैको तुलनात्मक स्थितिलाई तल प्रस्तुत गरिएको छ।

### तालिका १४: आवधिक योजना प्राथमिकता र वार्षिक बजेट विनियोजनको प्राथमिकता

| प्राथमिकता क्रम | आवधिक योजनाको प्राथमिकता | २०७६/७७ को बजेट विनियोजनको प्राथमिकता | २०७७ /७८ को बजेट विनियोजनको प्राथमिकता | २०७८ /७९ को बजेट विनियोजनको प्राथमिकता |
|---|---|---|---|---|
| १ | कृषि र  उद्योग | भौतिक पूर्वाधार तथा विकास मन्त्रालय | भौतिक पूर्वाधार तथा विकास मन्त्रालय | भौतिक पूर्वाधार तथा विकास मन्त्रालय |
| २ | सामाजिक विकास | सामाजिक विकास मन्त्रालय | सामाजिक विकास मन्त्रालय | सामाजिक विकास मन्त्रालय |
| ३ | पूर्वाधार विकास (सडक, ऊर्जा र पर्यटन) | भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | भूमि व्यवस्था तथा सहकारी मन्त्रालय |
| ४ | सहरीकरणको प्रवर्धन गर्दै ग्रामीण-सहरी अन्तर्सम्बन्धको सुधार | उद्योग,पर्यटन तथा वातावरण मन्त्रालय | उद्योग,पर्यटन तथा वातावरण मन्त्रालय | उद्योग,पर्यटन तथा वातावरण मन्त्रालय |

आवधिक यजोनाको प्राथमिकतालाई नियाल्दा कृषि र उद्योग क्षेत्र पहिलो प्राथमिकतामा रहेको छ भने पूर्वाधार विकास तेश्रो प्राथमिकतामा रहेको देखिन्छ। तर वार्षिक बजेट विनियोजनको अवस्थालाई

नियाल्दा आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्म नै पूर्वाधार विकास मन्त्रालयमा कुल बजेटको ४० प्रतिशतभन्दा बढी बजेट विनियोजन गरेको पाइन्छ भने भूमि व्यवस्था तथा सहकारी र उद्योग क्षेत्र बजेट विनियोजनका हिसाबमा सधैं तेस्रो र चौथो स्थानमा रहेका छन्। यी क्षेत्रमा गरिएको बजेट विनियोजनभन्दा बढी प्रतिशत रकम अर्थ विविधमा राखी खर्च गर्दै आएको देखिन्छ।

### तालिका १५: समष्टिगत रणनीतिको आधारमा

| सङ्केत | प्राथमिकता | आर्थिक वर्ष २०७७/७८ को व्यय अनुमानको प्रतिशत | आर्थिक वर्ष २०७८ /७९ को व्यय अनुमानको प्रतिशत | आर्थिक वर्ष २०७९ /८० को व्यय अनुमानको प्रतिशत |
|---|---|---|---|---|
| १ | कृषि तथा गैर कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि | १७.२८ | १४.८९ | १४.८९ |
| २ | समावेशी विकाससहितको न्यायपूर्ण समाज निर्माण | २८.०३ | २१.५४ | २१.५४ |
| ३ | शिक्षा, स्वास्थ्य लगायतआधारभूत सेवा सुविधाको पहुँचमा विस्तार | १२.२९ | ११.३६ | ११.३६ |
| ४ | यातायात, विद्युत्, सिञ्चाइ आदि रणनीतिक महत्त्वका पूर्वाधारहरूको विकास | १९.८३ | २३.३९ | २३.३९ |
| ५ | वन, वातावरण, जैविक विविधताको विकास एवम् संरक्षण | ४.२६ | ४.८१ | ४.८१ |
| ६ | दक्ष, उत्तरदायी, पारदर्शी तथा नतिजामूलक प्रशासनको विकास गरी सुशासनको प्रवर्द्धन | ८.५८ | ०.२७ | ०.२७ |
| ७ | साधारण प्रशासन | १.९६ | १२.३८ | १२.३८ |
| ८ | स्थानीय तहमा हस्तान्तरण हुने अनुदान | ७.७७ | १.४३ | १.४३ |

*स्रोत: प्रदेश १ सरकारको आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट वक्तव्य*

त्यसैगरी मध्यमकालीन खर्च योजनाले समष्टिगत रणनीतिका आधारमा गरेको व्यय अनुमानको प्रतिशतलाई पनि बजेट विनियोजनमा थप ध्यान दिनु आवश्यक देखिन्छ। कुनै क्षेत्रमा अनुमानको दोब्बर प्रतिशत बजेट विनियोजन गरिएको छ भने आवधिक योजनाले पहिलो प्राथमिकतामा राखेको क्षेत्रमा अनुमानको ६० प्रतिशत मात्रै बजेट विनियोजन गरेको पाइन्छ। समग्रतामा आवधिक योजनाको प्राथमिकता, मध्यमकालीन खर्च योजनाको व्यय अनुमान र वार्षिक बजेट विनियोजनबीचमा निकै अन्तर रहेको देखिन्छ।

## ३.४ बजेट विनियोजन तथा खर्चको प्रवृत्ति

प्रदेश १ को कुल बजेट विनियोजनको स्थितिलाई हेर्दा उतार चढावको स्थिति रहेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा कुल विनियोजित बजेट रु ३५.९४ अर्ब रहेकोमा २०७६/७७ मा रू ४२.२० पुगेको थियो। त्यसपछिका वर्षहरूमा विनियोजित बजेटको रकममा भने निरन्तर ह्रास आई आर्थिक वर्ष २०७८/७९ मा रू ३२.४६ अर्बमा झरेको छ। कुल खर्चको प्रवृत्तिमा पनि बजेटमा भएको विनियोजनको जस्तै प्रवृत्ति देखिन्छ। कुल विनियोजित बजेट र कुल खर्चको स्थितिलाई हेर्दा खर्च गर्ने प्रगति प्रतिशतमा भने पर्याप्त मात्रामा सुधार हुँदै गएको छ। संशोधित बजेटका हिसाबले हेर्दा आर्थिक वर्ष २०७८/७९ मा कुल खर्चको प्रतिशत ९२.९५ पुगेको देखिन्छ।

**तालिका १६ः प्रदेश नं. १को सरकारको पुँजीगत खर्चको प्रवृत्ति**

| आर्थिक वर्ष | कुल विनियोजित बजेट (अर्बमा) | कुल खर्च (अर्बमा) | पुँजीगत खर्चको अंश (प्रतिशतमा) | कुल विनियोजित बजेट (प्रतिशतमा) |
|---|---|---|---|---|
| २०७५/७६ | ३५.९४ | २१.२० | ५३.९५ | ५९.० |
| २०७६/ ७७ | ४२.२० | २९.८३ | ५९.८९ | ७०.६९ |
| २०७७/ ७८ | ४०.९० | २७.९५ | ५६.७६ | ६८.३४ |
| २०७८/७९ | ३२.४६ | २९.९६ | | ९२.२८ |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८*

## ३.५ दिविलअनुसार बजेट विनियोजन तथा खर्चको विद्यमान साङ्केतीकरणको अवस्था

नेपाल सरकारले आ. ब. २०७३/७४ देखि नै वार्षिक बजेटमा दिगो विकास लक्ष्यअनुसार विनियोजित रकममा दिविल कोडिङ्ग प्रविष्टि हुने गरी Line Ministry Budget Information

System (LMBIS) मा बजेटलाई साङ्केतीकरण गर्दै आएको छ। प्रदेश सरकारले एकल खाता कोष, कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली र विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयन गर्दै आएको छ। यस क्रममा प्रदेश सरकारहरूले पनि आफ्नो बजेटलाई दिगो विकास लक्ष्यको सङ्केतअनुसार साङ्केतीकरण गर्दै आएका छन् ।

महालेखा नियन्त्रक कार्यालयबाट उपलब्ध तथ्याङ्कको स्थितिलाई हेर्दा प्रदेश १ को २०७७/७८ को कुल रु ४०.९ अर्बको बजेटमध्ये करिब रु १०.७ अर्बको बजेट साङ्केतीकरण नगरिएकोमा आर्थिक वर्ष२०७८/७९ मा कुल बजेटको रु ९.३४ अर्बको बजेट मात्रै साङ्केतीकरण नगरेकोमा आर्थिक वर्ष २०७९/८० मा साङ्केतीकरण नगरिएको बजेटको परिमाणमा वृद्धि भई कुल बजेटमा रु २२.३ अर्ब बजेट साङ्केतीकरण नगरेको देखिन्छ। प्रतिशतका हिसाबमा हेर्दा आ.ब. २०७७/७८ मा प्रदेश १ को कुल बजेटको २६ प्रतिशत बजेट साङ्केतीकरण नभएकोमा २०७८/७९ यो प्रतिशतमा वृद्धि भई कुल बजेटको करिब २८ प्रतिशत बजेट साङ्केतीकरण नभएको देखिन्छ। त्यसैगरी आर्थिक वर्ष २०७८/७९ मा साङ्केतीकरण नभएको बजेटको परिमाण करिब ५६ प्रतिशत रहेको देखिन्छ। त्यसमा मुख्यगरी स्थानीय तहमा गएको अनुदान साङ्केतीकरण गरेको देखिँदैन। उपलब्ध तथ्याङ्कको विश्लेषण गर्दा साङ्केतीकरण नभएको बजेटको रकम घट्दै जानुको सट्टा क्रमशः वृद्धि हुँदै गएको देखिन्छ।

साङ्केतीकरण गरी बजेट विनियोजन गरिएको अवस्थालाई हेर्दा आर्थिक वर्ष २०७७/७८ मा सबैभन्दा बढी (१६.६० प्रतिशत) दिविल ९ र सबै भन्दा कम (०.२२ प्रतिशत) दिविल ५ मा बजेट विनियोजन भएको देखिन्छ। त्यसपछि बढी बजेट विनियोजन भएका दिविलहरू क्रमशः दिविल ११, २, १०, १६ र ३ रहेका छन। खर्चतर्फको स्थितिलाई हेर्दा दिविल ६, ९, ११ र १६ मा विनियोजित बजेटको प्रतिशतभन्दा बढी प्रतिशत खर्च भएको पाइन्छ अन्य दिविलहरूको खर्चको प्रतिशत विनियोजित बजेटको प्रतिशतभन्दा कम रहेको छ। कार्यक्रमगत रुपमा नियाल्दा दिविल ९ अन्तर्गत सडक, पुल निर्माण तथा स्तरोन्नति, विशेष प्राथमिकता प्राप्त सडक र यातायात पूर्वाधार निर्देशनालयबाट कार्यान्यिन भएका सडकमा खर्च भएको देखिन्छ भने दिविल ११ मा सहरी विकास तथा भवन कार्यालय निर्माणमा बजेट विनियोजन र खर्च भएको पाइन्छ। दिविल ६ अन्तर्गत दिगो खानेपानी कार्यक्रम अन्तर्गत एक घर एक धारा र सरसफाइ कार्यक्रममा खर्च भएको छ भने दिविल १६ अन्तर्गत आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कार्यक्रमहरूमा खर्च भएको देखिन्छ । आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी बजेट विनियोजन र खर्चको स्थितिलाई हेर्दा दिविल ९, ३ र ११ मा बढी भएको देखिन्छ। दिविल ९ अन्तर्गत पूर्वाधार विकास कार्यालयअन्तर्गत कार्यान्वयन रहेका सडक, पुल निर्माण र स्तरोन्नति कार्यक्रममा खर्च भएको देखिन्छ। दिविल ३ मा

अस्पतालहरूको सुधार, कोभिड -१९ सङ्क्रमण तथा अन्य महामारी उपचार व्यवस्थापन र एकीकृत महिला स्वास्थ्य तथा प्रजनन कार्यक्रममा बढी बजेट विनियोजन र खर्च गरेको देखिन्छ भने दिविल ११ को आवास व्यवस्थापनमा बढी बजेट विनियोजन र खर्च गरेको पाइन्छ।

विनियोजित बजेटको परिमाणको आधारमा खर्चको स्थितिलाई नियाल्दा आर्थिक वर्ष २०७७/७८ मा दिविल ६, ९, ११, १२ र १६ मा बजेटको परिमाणभन्दा बढी रकम खर्च भएको छ भने २०७८/७९ मा पनि दिविल ६, ८, ९ र ११ मा विनियोजित रकमभन्दा बढी रकम खर्च गरेको देखिन्छ। यी दिविलहरूमा भएको बढी खर्च सरकारले अन्य क्षेत्रवाट रकमान्तर गरी गर्ने गरेको देखिन्छ। निरन्तर रुपमा हुने यस खालका प्रक्रियाले सरकारको आर्थिक क्रियाकलापलाई वाञ्छित सीमाभित्र राख्न कठिनाइ हुनसक्छ त्यसैले त्यसलाई निरुत्साहित गर्न बजेट विनियोजनको समयमै ध्यान दिनुपर्ने देखिन्छ।

### तालिका १७: साङ्केतीकरणको विद्यमान अवस्था

| दिगोविकास कोड | दिगोविकास लक्ष्य | २०७७/७८ | | २०७८/७९ | | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|---|---|
| | | बजेट प्रतिशत | खर्च प्रतिशत | बजेट प्रतिशत | खर्च प्रतिशत | विनियोजित बजेटमा खर्च को प्रतिशत | विनियोजित बजेटमा खर्च को प्रतिशत |
| ० | साङ्केतीकरण नगरिएको | २६.३१ | २३.७६ | २८.८० | २३.४३ | ९०.३२ | ८१.३६ |
| १ | गरिबीको अन्त्य | ०.९९ | ०.६० | ३.२४ | २.४९ | ६०.३५ | ७६.७६ |
| २ | शून्य भोकमरी | ८.८९ | ६.१६ | ५.३८ | ३.८७ | ६९.३१ | ७१.९५ |
| ३ | स्वस्थ जीवन | ६.७३ | ५.९२ | १०.१६ | ९.५९ | ८७.९२ | ९४.४१ |
| ४ | गुणस्तरीय शिक्षा | १.४७ | ०.६९ | ३.६७ | ३.५४ | ४६.९१ | ९६.४९ |
| ५ | लैङ्गिक समानता | ०.२२ | ०.०३ | ०.१५ | ०.०७ | १३.८० | ४५.८५ |

| दिगोविकास कोड | दिगोविकास लक्ष्य | २०७७/७८ | | २०७८/७९ | | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|---|---|
| | | बजेट प्रतिशत | खर्च प्रतिशत | बजेट प्रतिशत | खर्च प्रतिशत | विनियोजित बजेटमा खर्च को प्रतिशत | विनियोजित बजेटमा खर्च को प्रतिशत |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | ४.२९ | ५.७४ | ५.५६ | ९.३० | १३३.५६ | १६७.२८ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ०.०० | ०.०० | ०.०२ | ०.०२ | ० | ९९.४० |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादितकाम | ०.५३ | ०.२० | ०.३९ | ०.४४ | ३८.०२ | १११.५९ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | १६.६० | १६.८५ | १४.८२ | १८.५३ | १०१.४९ | १२५.०२ |
| १० | असमानता न्यूनीकरण | ८.१६ | ६.८५ | ७.०० | ६.५४ | ८३.९४ | ९३.३४ |
| ११ | दिगो शहर र बस्तीहरू | १३.८९ | २२.०९ | ८.६९ | १२.८३ | १५९.०८ | १४७.७६ |
| १२ | दिगो उपभोग तथा उत्पादन | ०.४४ | ०.७४ | ०.०० | ०.०० | १६८.४६ | ० |
| १३ | जलवायु परिवर्तन अनुकूल न | २.६७ | २.६७ | ३.५४ | ३.१९ | ९९.८२ | ९०.२१ |
| १५ | भूसतह स्रोतको उपयोग | ०.६२ | ०.२२ | ४.२२ | ३.६७ | ३६.०७ | ८७.११ |

| दिगोविकास कोड | दिगोविकास लक्ष्य | २०७७/७८ | | २०७८/७९ | | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|---|---|
| | | बजेट प्रतिशत | खर्च प्रतिशत | बजेट प्रतिशत | खर्च प्रतिशत | विनियोजित बजेटमा खर्च को प्रतिशत | विनियोजित बजेटमा खर्च को प्रतिशत |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ६.७५ | ७.२२ | ३.५८ | २.२३ | १०६.९१ | ६२.४६ |
| १७ | दिगो विकासका लागि साझेदारी | १.४५ | ०.२७ | ०.७९ | ०.२५ | १८.८८ | ३१.८५ |
| जम्मा | | १०० | १०० | १०० | १०० | १०० | १०० |
| साङ्केतीकरण नभएको बजेटको प्रतिशत | | २६.३ | | २७.८० | | | |
| विनियोजित बजेटमा खर्च प्रतिशत | | | ६८.३४ | | ९२.३० | | |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

## ३.६ दिविलको लक्ष्यअनुसार बजेट र खर्चको पूर्ण साङ्केतीकरण गर्दाको स्थिति

प्रदेश १ को आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको बजेट र खर्चको परिमाणलाई दिविलअनुसार पूर्ण साङ्केतीकरण गरी हेर्दा दिविल ७, १० र १२ बाहेक सबै दिविलहरूमा बजेट विनियोजन गरी खर्च हुँदै आएको छ। बजेट विनियोजनको प्रतिशतमा भने २०७६/७७ देखि २०७८/७९ सम्म सबै वर्षहरूमा दिविल ९ मा सबैभन्दा बढी प्रतिशतले बजेट विनियोजन हुँदै आएको छ। २०७६/७७ मा पनि दिविल ९ पछि क्रमशः दिविल २, १७, १६ र ४ मा बढी प्रतिशतले बजेट विनियोजन भएको पाइन्छ। आर्थिक वर्ष २०७७/७८ को बजेट विनियोजनको स्थितिलाई हेर्दा सबैभन्दा बढी ३३.१ प्रतिशत बजेट दिविल ९ मा विनियोजन भएको देखिन्छ। त्यसपछि क्रमशः दिविल १६, १, २ र २ मा बढी प्रतिशतले बजेट विनियोजन भएको पाइन्छ। त्यसै गरी आर्थिक वर्ष २०७८/७९ को बजेट विनियोजनको स्थितिमा पनि दिविल ९ मा नै बढी २९.८ प्रतिशतले बजेट विनियोजन भएको देखिन्छ। त्यसपछि क्रमशः दिविल २, १७, १६ र ३ मा बढी प्रतिशतले बढी बजेट विनियोजन भएको देखिन्छ। विनियोजनको स्थितिलाई नियाल्दा आर्थिक

वर्ष २०७८/७९ मा दिविल ९ मा बजेट विनियोजनको प्रतिशत केही घट्न गएको छ भने दिविल २, ३ र १७ मा उल्लेख्य मात्रामा बजेट वृद्धि भएको देखिन्छ।

खर्चतर्फको स्थितिलाई हेर्दा आर्थिक वर्ष २०७६/७७ मा ६, ९, ११, १३, १५ र १७ मा विनियोजित बजेटको प्रतिशतभन्दा बढी प्रतिशतले खर्च भएको छ। दिविल ६ मा मुख्य गरी दिगो खानेपानी कार्यक्रमको पूर्वाधार निर्माण र सर-सफाइ जस्ता कार्यक्रममा खर्च भएको छ भने दिविल ९ अन्तर्गत सडक, पुल निर्माण तथा स्तरोन्नति, विशेष प्राथमिकता प्राप्त रणनीतिक सडक र यातायात पूर्वाधार निर्देशनालयबाट कार्यान्यन भएका सडकमा खर्च भएको देखिन्छ। दिविल ११ मा सहरी पूर्वाधार विकासअन्तर्गत सरकारी भवन निर्माण र जनता आवास कार्यक्रममा खर्च भएको छ भने दिविल १३ र १५ मा वातावरण अनुकूलनका कर्यक्रम, जस्तै; नमुना गाउँ विकास, वृक्षारोपण, जडीवबुटी खेती विस्तार र तटबन्ध निर्माण कार्यक्रममा खर्च भएको देखिन्छ। दिविल १७ साझेदारीअन्तर्गत सडक, पुल लगायत अन्य विकासका पूर्वाधार निर्माणमा खर्च भएको छ।

आर्थिक वर्ष २०७७/७८ मा दिविल ६, ९, १६, र १७ मा बजेट विनियोजनको प्रतिशत भन्दा बढी प्रतिशत ले खर्च भएको छ भने आर्थिक वर्ष २०७८/७९ मा पनि ६, ९, ११ र १७ मा बजेट विनियोजनको प्रतिशतभन्दा बढी प्रतिशतले खर्च भएको पाइन्छ। दिविल ६ मा दिगो खानेपानीका पूर्वाधार निर्माण र सर-सफाइका कार्यक्रममा खर्च भएको छ भने दिविल ९ मा मुख्यगरी सडक, पुल निर्माण तथा स्तरोन्नति, विशेष प्राथमिकता प्राप्त रणनीतिक सडक र यातायात पूर्वाधार निर्देशनालयबाट कार्यान्यन भएका सडकमा नै खर्च भएको देखिन्छ । दिविल ११ मा सहरी आवास र जनता आवासमा खर्च भएको छ भने दिविल १६ मा अन्तरिक मामिला मन्त्रालय अन्तर्गतका कार्यक्रममा खर्च भएको पाइन्छ। दिविल १७ मा भने स्थानीय निकायसँगका साझेदारीका कार्यक्रममा खर्च भएको देखिन्छ ।

समग्रमा बजेट विनियोजन र खर्चको प्रवृत्तिलाई हेर्दा केही दिविलहरूमा तीनै वर्ष बजेट विनियोजनको प्रतिशतभन्दा खर्चको प्रतिशत बढी भएको देखिन्छ। यी दिविलहरूमा भएको बढी खर्च पनि सरकारले अन्य क्षेत्रवाट रकमान्तर गरी गर्ने गरेको देखिन्छ। निरन्तर रुपमा हुने यस खालका प्रक्रियाले सरकारको आर्थिक क्रियाकलापलाई वाञ्छित सीमाभित्र राख्न कठिनाइ हुन सक्छ त्यसैले त्यसलाई निरुत्साहित गर्न बजेट विनियोजनको समयमै ध्यान दिनुपर्ने देखिन्छ। साथै बजेट विनियोजन र खर्चको प्रवृत्ति निश्चित दिविलहरूमा मुख्य गरी भौतिक पूर्वाधार विकासमा बढी केन्द्रित रहेको देखिन्छ। त्यसैले आगामी दिनमा दिविलको लक्ष्य प्राप्तिका लागि सबै लक्ष्यहरूलाई मध्यनजर गरी भौतिक पूर्वाधारका अतिरिक्त वातावरण तथा जैविक विविधता संरक्षण र मानव पुँजी निर्माणतर्फ पनि बजेट विनियोजन र खर्च प्रवृत्तिमा परिवर्तन ल्याउनुपर्ने देखिन्छ।

## तालिका १८: दिविल अनुसार पूर्ण साङ्केतीकरण गर्दाको अवस्था (प्रतिशतमा)

| दिविल कोड | दिगो विकास लक्ष्य | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | |
|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च |
| ० | साङ्केतीकरण नगरिएको | १.०२ | ०.०० | ०.१० | ०.०० | ०.०० | ०.०० |
| १ | गरिबीको अन्त्य | ०.०४ | ०.०५ | ८.८ | ६.५० | ०.२० | ०.२० |
| २ | शून्य भोकमरी | १६.७३ | १३.६० | ७.४० | ६.४० | १४.५० | १३.७० |
| ३ | स्वस्थ जीवन | ३.०४ | २.८७ | ५.४ | ५.० | १०.० | ८.८० |
| ४ | गुणस्तरीय शिक्षा | ६.२२ | ५.६६ | ६.९० | ६.५० | ५.२० | ४.९० |
| ५ | लैङ्गिक समानता | ०.१६ | ०.०९ | ०.३० | ०.०० | ०.८० | ०.८० |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | ५.३३ | ६.७७ | ५.४० | ५.७० | ५.४० | ५.९० |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ०.०० | ०.०० | ०.०० | ०.० | ०.०० | ०.०० |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ५.८१ | ३.३१ | ४.६० | २.५० | ३.०० | २.५० |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ३२.५४ | ३५.१० | ३३.१० | ३५.६० | २९.८० | ३१.९० |
| १० | असमानता न्यूनीकरण | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ११ | दिगो शहर र बस्तीहरू | ४.८० | ५.०० | ४.६० | ४.२० | १.२० | १.३० |
| १२ | दिगो उपभोग तथा उत्पादन | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १३ | जलवायु परिवर्तन अनुकूल न | ०.२१ | ०.२८ | ०.२ | ०.२ | ०.२ | ०.२० |
| १५ | भूसतह स्रोतको उपयोग | २.९१ | ३.०८ | ३.५ | २.९ | ६.८ | ६.८० |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ७.४३ | ४.६८ | १२.५० | १४.२० | ११.०० | १०.१० |
| १७ | दिगो विकासका लागि साझेदारी | १३.७६ | १९.५२ | ७.१० | १०.३० | १२.१० | १३.१० |
| जम्मा | | १०० | १०० | १०० | १०० | १०० | १०० |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, २०७८/७९*

## ३.७ दिविलअनुसार खर्च गर्न सक्ने क्षमता

जुनसुकै मुलुकले पनि निर्धारण गरेका विकासका लक्ष्यप्राप्तिका लागि आफ्नो सीमित साधनलाई कुशलतापूर्वक विनियोजन र खर्च गर्नुपर्ने हुन्छ। नेपाल जस्तो विकासोन्मुख मुलुकमा आवश्यकताअनुसार स्रोतको व्यवस्थापन चुनौतीका रूपमा रहेको हुन्छ। त्यसैले उपलब्ध स्रोतको कुशलतापूर्वक उपयोग गरेर आफ्नो राष्ट्रिय उद्देश्य प्राप्त गर्ने गरी खर्च गर्नुपर्दछ।

प्रदेशको खर्च गर्न सक्ने स्थितिको विश्लेषणको क्रममा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त तथ्याङ्कलाई केलाउँदा विनियोजित बजेटका परिमाणका हिसाबमा आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेटअनुसार बढी प्रतिशतले खर्च दिविल १७ मा भएको देखिन्छ। त्यसपछि क्रमशः अन्य बढी खर्च भएकामा दिविल १, ६, १३ र ९ रहेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा कुल विनियोजित रकममा बढी प्रतिशतले खर्च भएका दिविलहरू क्रमशः ६,९, १७, र १६ रहेका छन् भने आर्थिक वर्ष २०७८/७९मा कुल विनियोजित बजेटको परिमाणमा सबैभन्दा बढी प्रतिशतले खर्च गर्न सकेका दिविलहरू क्रमशः ५, ६, ९, १३, १५ र १७ रहेका छन्। यो आर्थिक वर्षमा प्रदेश १ मा अन्य वर्षको तुलनामा खर्च स्थितिमा उल्लेख्य सुधार आएको देखिन्छ। उक्त खर्च निश्चित क्षेत्रमा मात्रै खर्च केन्द्रित रहेको छ। तसर्थ प्रदेश सरकारले आफ्नो संस्थागत क्षमतामा वृद्धि गरी सबै दिविल अनुसार खर्च गर्ने दक्षता अभिवृद्धितर्फ ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। सामान्यतया दिविलले निर्धारण गरेको लक्ष्यप्राप्तिका लागि आगामी दिनमा बजेटको आकार र कार्यान्ययन क्षमता वृद्धि गर्नुपर्ने हुन्छ, त्यसैले आगामी दिनमा कार्यक्रम सञ्चालन गर्ने निकायको क्षमता अभिवृद्धि गर्नेतर्फ समयमै ध्यान दिनुपर्ने देखिन्छ ।

## तालिका १९:दिविल अनुसार विनियोजित बजेटमा खर्चको प्रतिशत

| दिविल कोड | दिगो विकास लक्ष्य | खर्च प्रतिशत | | | |
|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| ० | साङ्केतीकरण नगरिएको | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १ | गरिवीको अन्त्य | १५.४५ | ७७.४० | ४७.८० | ७८.१८ |
| २ | शून्य भोकमरी | ७१.३५ | ५५.४८ | ५५.१० | ८१.८५ |
| ३ | स्वस्थ जीवन | ८६.९७ | ६४.३७ | ५८.८५ | ७५.९४ |
| ४ | गुणस्तरीय शिक्षा | ८१.३१ | ६२.१० | ६०.५६ | ८१.१३ |
| ५ | लैङ्गिक समानता | ०.०० | ३६.७४ | ३.१६ | ९२.४१ |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | ९६.७० | ८६.८० | ६८.८२ | ९४.७३ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ०.०० | ०.०० | ०.०० | ९१.७४ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ५७.३२ | ३८.९१ | ३४.८२ | ७२.४२ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | २८.१८ | ७३.६० | ६९.२० | ९२.३९ |
| १० | असमानता न्यूनीकरण | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ११ | दिगो शहर र बस्तीहरू | ३८.०२ | ७१.०७ | ५९.४२ | ९६.५५ |
| १२ | दिगो उपभोग तथा उत्पादन | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १३ | जलवायु परिवर्तन अनुकूल न | ०.०० | ९१.०६ | ६२.६६ | ८९.६४ |
| १५ | भूसतह स्रोतको उपयोग | ८६.३४ | ७२.०४ | ५२.५१ | ८७.०४ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ६०.१४ | ४२.९५ | ७३.२३ | ७९.३३ |
| १७ | दिगो विकासका लागि साझेदारी | ५५.०८ | ९६.८२ | ९३.६४ | ९३.२१ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय*

अध्याय- ४

# दिगो विकासका लक्ष्यअनुसार खर्चको खोजीनितीः मामिला अध्ययन (Case Study)

## ४.१ पृष्ठभूमि

संविधानले प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनीकरण गर्ने विषयलाई राज्यको निर्देशक सिद्धान्तमा उल्लेख गरिएको विपद् व्यवस्थापनलाई महत्त्व दिई सरकारका तीनै तहका अधिकारसूचीमा सूचीकृत गरेको छ। प्रदेश सरकारले विपद्, खोज उद्धार तथा राहत कोष सञ्चालन कार्यविधि र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदानसम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यस प्रदेशमा विपदबाट कुल गार्हस्थ्य उत्पादनको वार्षिक औसत ०.८१ प्रतिशत क्षति र प्रतिलाख वार्षिक ३ जनाले ज्यान गुमाउने गरेका छन् भने ६२ करोड बराबरको सम्पति क्षति हुने गरेको छ ।

भौगर्विक विशिष्टताका कारण जलवायु परिवर्तनका दृष्टिकोणबाट नेपाल अत्यन्त जोखिम अवस्थामा रहेको छ। नेपालमा पहिरो, हावा हुरी, असिना पानीलगायतका जलवायुजन्य प्राकृतिक प्रकोपहरू विगतको तुलनामा बढ्दै गएका छन्। प्रदेश १ मा पनि अतिवृष्टि, अनावृष्टि र बाढीपहिरो लगायतका प्रकोपको बढ्दो असर चुनौतीका रूपमा देखिएको छ। दिगो विकास लक्ष्यले जलवायु परिवर्तन र यसका असरसँग जुध्न तत्काल कार्य गर्न आवश्यक रहेको कुरा निर्दिष्ट गरेको छ। सरकारले पनि यसको न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय आवश्यकताबमोजिम राष्ट्रिय नीति, रणनीति र योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

यस सर्वेक्षणले दिविललाई केन्द्रमा राखी यस प्रदेशको आर्थिक सामाजिक तथा अन्तर्सम्बन्धित क्षेत्रमा प्रदेश र स्थानीय तहले गरेको बजेट प्रवाह, खर्चको प्रतिशत, बजेट कार्यान्वयनमा आएका समस्या तथा चुनौतीहरू र यस सम्बन्धित सूचकहरूमा आएको परिवर्तनको खोजीनितीको दस्तावेजीकरण गरेको छ। मामिला अध्ययनको मुख्य निष्कर्षले नेपालको प्रदेश १ मा दिविल १३ र १५ मा भएको वित्तीय प्रवाह, खर्च तथा सम्पूर्ण सूचकहरूको प्रगतिलाई उजागर गरेको छ भने सो निष्कर्षका आधारमा आगामी आर्थिक वर्ष हरूमा दिविल प्राप्तिका लागि स्रोत विनियोजनको प्राथमिकता निर्धारण गर्न थप आधार तयार हुने अनुमान गरिएको छ।

## ४.२ जलवायु परिवर्तन अनुकूलन र भूसतह स्रोत उपभोग स्थितिको विश्लेषण

यसै सन्दर्भमा दिविलको लक्ष्य १३ जलवायु परिवर्तन (जलवायु परिवर्तन र यसका असरहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने) र लक्ष्य १५ "Life on Land" (पृथ्वीको भूसतही/भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र वनजङ्गलको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्न र भूक्षय रोक्नुका साथै यसलाई उल्टयाउने र जैविक विविधताको ह्रासलाई रोक्ने) मा विशेष केन्द्रित रही एउटा मामला अध्ययन (Case Study) सम्पन्न गरिएको छ। यस प्रदेशमा सरकारले यस क्षेत्रमा वार्षिक बजेटमा रकम विनियोजन गरी खर्च गर्दै आएको छ। विगत चार वर्षमा जलवायु परिवर्तन अनुकूल र भूसतहको क्षेत्रमा विनियोजन गरेको बजेटको आधारमा भएको खर्च प्रतिशतलाई तल तालिकामा प्रस्तुत गरिएको छः

### तालिका २०: दिविल १३ र १५ मा विनियोजित बजेटमा खर्चको प्रतिशत

| दिविल | दिविलको क्षेत्र | २०७५/७६ को विनियोजित बजेटमा खर्चको प्रतिशत | २०७६/७७ को विनियोजित बजेटमा खर्चको प्रतिशत | २०७७/७८ को विनियोजित बजेटमा खर्चको प्रतिशत | २०७८/७९ को विनियोजित बजेटमा खर्चको प्रतिशत |
|---|---|---|---|---|---|
| १३ | जलवायु प्रतिवर्तन अनुकूलन | ० | ९१.०४ | ६२.६६ | ८९.६४ |
| १५ | भूसतह स्रोतको उपयोग | ८६.३४ | ७२.४ | ५१.५१ | ८७ .०४ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

प्रदेश सरकारले दिविल १३ मा आर्थिक वर्ष २०७५/७६ बाहेक अन्य सबै वर्षहरूमा बजेट विनियोजन गरी खर्च गर्दै आएको छ। उक्त क्षेत्रमा बजेट विनियोजनको रकम कुल बजेट करिब ०.२० प्रतिशत रहेको देखिन्छ। विनियोजित रकमको खर्चको प्रतिशत औसत प्रदेशको खर्चभन्दा उच्च रहेको पाइन्छ। कुल विनियोजित रकममा आर्थिक वर्ष २०७६/७७ मा ९१.०६ प्रतिशत खर्च भएको छ भने आर्थिक वर्ष २०७८/७९ मा पनि विनियोजित रकमको करिब ९० प्रतिशत खर्च भएको देखिन्छ। त्यसै गरी दिविल १५ मा आर्थिक वर्ष २०७५/७६ मा कुल बजेटको करिव ३ प्रतिशत बजेट विनियोजन गरिएकोमा २०७८/७९ मा पुग्दा यसको मात्रामा वृद्धि गरी करिब ७ प्रतिशत पुऱ्याएको छ। खर्चतर्फको अवस्थालाई हेर्दा आर्थिक वर्ष २०७७/७८ बाहेक सबै वर्षहरूमा

उक्त क्षेत्रमा विनियोजित रकम उच्च प्रतिशतले खर्च गरेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा उक्त क्षेत्रमा विनियोजित रकमको ८६.३४ प्रतिशत खर्च भएकोमा यसमा सुधार आई २०७८/७९ मा ८७.०४ प्रतिशत पुगेको देखिन्छ।

वन, वातावरण र भूसंरक्षण मन्त्रालयले  मुख्य गरी दिविल कोडअनुसार १३ र १५ का कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। कार्यक्रम सञ्चालनका लागि मन्त्रालयको सङ्गठन संरचनाअनुरुप कार्यक्रम कार्यान्वयन गर्ने एकाई निम्नबमोजिम रहेका छन्ः

| एकाई | संख्या |
|---|---|
| वन निर्देशनालय | १ |
| डिभिजन वन कार्यालय | १५ |
| भू तथा जलाधार व्यवस्थापन कार्यालय | २ |
| वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १ |
| जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन एकाई | १ |

उपयुक्त सङ्गठनात्मक व्यवस्थाअन्तर्गत मन्त्रालयले मन्त्रालयको क्षेत्रगत सोच र उद्देश्य परिपूर्ति गर्ने गरी वातावरणीय स्वच्छतासहितको दिगो विकास र स्वच्छ र समृद्ध प्रदेश निर्माणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस अध्ययनमा उक्त कार्यक्रममा आधारित रही जलवायु परिवर्तन अनुकूलन र भूसतह स्रोतको उपयोगमा मामिला अध्ययन गरिएको छ ।

## दिविल १३ः जलवायु परिवर्तन अनुकूलन

आर्थिक वर्ष २०७८/७९ मा दिविल १३ का क्षेत्रमा प्रदेश सरकारबाट रू. ७ करोड ६५ लाख रकम विनियोजन भएको थियो। उक्त रकममध्ये ८९.६३ प्रतिशत बजेट सोहि वर्षमा खर्च भएको देखिन्छ। भू तथा जलाधार कार्यक्रमअन्तर्गत प्रदेश सरकारले एकीकृत भूस्खलन नियन्त्रण, सिमसार क्षेत्रको पहिचान तथा व्यवस्थापन, सडकसँग भू-संरक्षण कार्यक्रम, जलविद्युत् जलशयको जलाधार संरक्षण, आकस्मिक भू-संरक्षण कार्यक्रम, खानेपानी तथा सिञ्चाइ जलाधार व्यवस्थापन, बायो-इन्जिनियरिङ खोला किनारा संरक्षण जस्ता कार्यक्रम प्रदेश सरकारले सञ्चालन गर्दै आएको छ ।

उपरोक्त कार्यक्रमअन्तर्गत रही तत्कालीन उद्योग, पर्यटन तथा वातावरण (हालको वन, वातावरण तथा भु संरक्षण मन्त्रालय) मन्त्रालयको योजना शाखामा छलफल गरी Climate Smart Village धनकुटाको कार्यक्रमलाई दिविल १३ को मामिला अध्ययनका लागि छनौट गरिएको थियो ।

### कार्यक्रमको नाम (Climate Smart Village)



यो कार्यक्रम धनकुटा जिल्लाको माहालक्ष्मी नगरपालिका वडा नं १ घुमाउने क्षेत्रमा प्रदेश सरकारको भू तथा जलाधार व्यवस्थापन कार्यालय धनकुटाको आर्थिक तथा प्राविधिक सहयोगमा आर्थिक वर्ष २०७५/७६ देखि Climate Smart Village कार्यक्रमको नाममा सञ्चालनमा रहेको छ ।

### कार्यक्रमको उद्देश्य



जलवायु परिवर्तनका कारण उत्पन्न हुने परिस्थितिसँग स्थानीय कृषकहरूलाई अनुकूलन गराउँदै बेमौसमी अर्गानिक खेतीमार्फत किसानहरूको आम्दानी बढाउने रहेको छ ।

### सञ्चालन विधि

भु-संरक्षण तथा हरियाली उपभोक्ता समिति, धनकुटामार्फत सञ्चालनमा रहेको छ। उक्त समिति उपभोक्ता हरूले सदस्यहरूबीच निर्वाचन गरी गठन गर्ने गरेको पाइएको छ।

### सञ्चालित कार्यक्रम

कार्यक्रम कार्यान्वयनको क्रममा आर्थिक वर्ष २०७६/७७ मा यस कार्यक्रममार्फत उपलब्ध तारजालीबाट ३५४ घनमिटर पर्खाल लगाई भू-क्षय नियन्त्रणको कार्य गरिएको थियो। साथै उक्त स्थानमा विभिन्न जातका घाँस र धुपीका विरुवा रोपण कार्य गरिएको थियो।

आर्थिक वर्ष २०७७/७८ मा भू तथा जलाधर व्यवस्थापन कार्यालय धनकुटाबाट प्राप्त रु. ४९९७०९ तथा उपभोक्ताको सहयोग रु. ५४५६९६ गरी जम्मा रु. १०४५४०५ को लागतमा कार्यक्रम सञ्चालन गरिएको थियो यो वर्ष ६३ घर धुरीमा प्लास्टिक टनेल निर्माण गरिएको थियो त्यसै गरी थप भूक्षय नियन्त्रणका लागि थप ८२ वटा तारजाली उपलब्ध गराइएको थियो । साथै १०० परिवारलाई ११०० किवि फलको विरुवा वितरण गरिएको थियो । त्यस क्षेत्रमा रहेको

सिमसार क्षेत्र व्यवस्थापनका लागि पोखरी निर्माण गरिएको छ । पोखरी निर्माणपश्चात् त्यस क्षेत्रमा पुराना पानीका मूलहरू पलाउन सुरु गरेका छन् ।



आर्थिक वर्ष २०७८/७९ मा भू तथा जलाधार व्यबस्थापन कार्यालयबाट प्राप्त रु. १३७६१०८ तथा उपभोक्ताको रु. ३८९३१३१ गरी जम्मा रू. ५२६९२३९ को लागतमा कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त रकमबाट १०५ घरधुरीमा प्लास्टिक टनेल वितरण तथा निर्माण गरिएको थियो। त्यसै गरी २२४ जनालाई तालिम प्रदान गरिनुका साथै १०० लिटर क्षमताको औषधि निर्माण गर्ने ड्रम वितरण गरिएको थियो।

**"रासायनिक विषादीको प्रयोग पूर्णतः बन्द भएको छ। कार्यक्रमबाट हामीले तालिम प्राप्त गरियो। सिमसार क्षेत्र व्यवस्थापनबाट पानीका मुहानबाट फेरि पानी निस्कन सुरु भएको छ। यस कार्यक्रमबाट टनेल खेती गर्ने अभ्यास बढेको छ।"** लाभग्राही, महालक्ष्मी नगरपालिका वडा नं १, घुमाउने

---

## लाभान्वित समुदाय

यस कार्यक्रमबाट प्रत्यक्ष रूपमा १६८ घर परिवार लाभान्वित भएका छन्। कार्यक्रममा बढी मात्रामा महिलाहरूको सहभागिता रहेको छ। यस क्षेत्रमा बढी मात्रामा आदिबासी (गुरुङ) र क्षेत्री समुदायको बसोवास रहेको छ। तसर्थ उक्त समुदायका महिलाहरू यस कार्यक्रमबाट बढी लाभान्वित भएका छन् ।

## खर्च खोजीनितीको स्थिति

यो कार्यक्रम दिविल १३ अन्तर्गत रहेको छ। Climate Smart Village कार्यक्रमलाई तत्कालीन उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय (हालको वन, वातावरण तथा भू संरक्षण मन्त्रालय) अन्तर्गत भू तथा जलाधार व्यवस्थापन कार्यालय, धनकुटाबाट सञ्चालन गरेको छ। यसका लागि प्रदेश सरकार र स्थानीय उपभोक्ताको लगानी रहेको छ। आर्थिक वर्ष २०७८/७९ को स्थितिलाई हेर्दा यस कार्यक्रमलाई प्रदेश सरकारले रु. १३ लाख ७६ हजार रूपैंया अनुदान उपलब्ध गराएको थियो भने रु. ३८ लाख ९३ हजार उपभोक्ताले लगानी गरेको देखिन्छ। यो कार्यक्रमको कुल बजेट रु. ५२ लाख ६९ हजार रहेको थियो। खर्च खोजीनितीको अवस्थालाई हेर्दा सरकारबाट विनियोजित रकम श्रावण महिनामा थाहा भएको रहेछ। त्यसका लागि भाद्र/असोजमा अख्तियारी गएको र असोज/कार्तिकमा रकमको निकासा भएको देखिन्छ। त्यसपछि उपभोक्ता समिति गठन गरी

निर्माणसम्बन्धी लागत अनुमान मङ्सिरभित्र तयार गरी कार्यक्रम कार्यान्वयन गरेको पाइन्छ। त्यसका लागि खरिद गर्नुपर्ने समानहरूको कोटेसनमा लाग्ने समयबाहेक अन्य कार्यमा ढिलाइ भएको देखिँदैन। यस कार्यक्रममा विनियोजित रकमको ९८ प्रतिशत रकम खर्च भएको देखिन्छ।

### कार्यक्रमको उपलब्धि

१. ६३ ओटा प्लास्टिक टनेल निर्माण भएको,

२. भूक्षय हुने ठाउँमा तार जालीको प्रयोग गरिएको र वृक्षारोपण गरिएकाले भूक्षयबाट हुने जोखिम न्यूनीकरण हुँदै गएको,

३. १०० घर धुरीलाई किवी फलको विरुवा वितरण गरिएको,

४. बस्तीको माथिल्लो भागमा सिमसार व्यवस्थापनका लागि पोखरी निर्माण भएको,

५. पोखरी निर्माणपछि पूरानो पानीको मूल पलाउन सुरु गरेकोले ४० घरधुरीको खानेपानी समस्याको समाधान भएको,

६. बेमौसमी तरकारी उत्पादन बढेको,

७. रासायनिक विषादीको प्रयोग घटेको,

८. स्थानीय तहबाट समेत साधन परिचालन गर्न सहयोग पुऱ्याएको।

### दिविल १५ भूसतह स्रोतको उपभोग

आर्थिक वर्ष २०७८/७९ मा दिविल १५ अन्तर्गत प्रदेश सरकारबाट रु. २ अर्ब ३४ करोड ७० लाख ६ हजार विनियोजित रकममध्ये ८७.०४ प्रतिशत बजेट खर्च भएको देखिन्छ। तत्कालीन उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय (हालको वन, वातावरण तथा भू संरक्षण मन्त्रालय) अन्तर्गत सञ्चालित कार्यक्रम प्रदेश सरकारले निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

*साझेदारी वन व्यवस्थापन, संरक्षित वन प्रर्वधन, सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन, पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार, सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन, सामुदायिक वनमा उद्यमशीलतामा अभिवृद्धि, कृषि वनप्रणाली प्रवर्द्धन, निजी नर्सरी स्थापना, वृक्षारोपण, हरियाली प्रवर्द्धन कार्यक्रम, जडीबुटी उत्पादन र खेती विस्तार, वन र वन्यजन्तु संरक्षणसम्बन्धी कार्यक्रम आदि यस क्षेत्रका कार्यक्रमहरू रहेका छन्।*

प्रदेश योजना आयोगमा भएको सहमति अनुसार उपर्युक्त कार्यक्रममध्ये तत्कालीन उद्योग, पर्यटन तथा वातावरण मन्त्रालयको (हालको वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय) वन, वातावरण तथा

भू-संरक्षण योजना शाखामा छलफल गरी जडीबुटी खेती विस्तार कार्यक्रम उदयपुर साउनेलाई दिविल १५ को मामला अध्ययनका लागि छनौट गरिएको थियो ।

## कार्यक्रमको नाम : जडीबुटी खेती विस्तार कार्यक्रम

यो कार्यक्रम त्रियुगा नगरपालिका वडा नं. १५ साउने क्षेत्रमा प्रदेश सरकारको अनुदानमा डिभिजन वन कार्यालय उदयपुर लेपकेटमा जडीबुटी खेती विस्तार कार्यक्रमअन्तर्गत जिल्लाका विभिन्न सामुदायिक वनसँगको सहकार्यमा सञ्चालित कार्यक्रम हो।

## कार्यक्रमको उद्देश्य

खाली जमिनको उपयोग गरी तेजपातको खेती विस्तार र विकास गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो।

## सञ्चालन विधि

यो कार्यक्रम जनकल्याण सामुदायिक वनउपभोक्ता समितिमार्फत सञ्चालनमा रहेको छ ।

## सञ्चालित कार्यक्रम

बाली बिक्री हुने र धेरै मेहनत गर्नु नपर्ने कारणले किसानहरू विगतदेखि नै तेजपात खेतीतर्फ आकर्षित भएका थिए। त्यसमा पनि सरकारले जडीबुटी विस्तार कार्यक्रमअन्तर्गत पकेट क्षेत्र घोषणा गरी सरकारी स्तरबाट सुविधासहितको प्रेरणापछि यस क्षेत्रमा तेजपात खेती विस्तार हुँदै आएको छ। यो कार्यक्रम मुख्यरूपमा खाली बाँझो जमिनको उपयोग गर्ने भन्नेमा केन्द्रित रहेको छ। डिभिजन वन कार्यालयले कार्यक्रमबारे जानकारी गराएपछि वन उपभोक्ता समितिले समितिको बैठक वा साधारण सभाबाट कार्यक्रमबारे निर्णय गरेअनुसार कार्यक्रम सञ्चालन हुँदै आएको छ ।यस कार्यक्रमअन्तर्गत एक परिवारले ५०० देखि ५००० सम्म तेजपातका विरुवा रोपण गरेका छन् ।यस कार्यक्रममा ८३ घर-परिवार संलग्न रहेका छन् जसमा ४६ घर जनजाति, ३५ घर क्षेत्री र २ घर दलित समुदायका मानिस रहेका छन्।

## लाभान्वित समुदाय

यस कार्यक्रमबाट प्रत्यक्ष रूपमा ८३ घर परिवार लाभान्वित भएका छन्। कार्यक्रम कार्यान्वयनमा बढी मात्रामा महिलाहरू सहभागी हुने गरेका छन्। यस क्षेत्रमा बढी मात्रामा जनजाति समुदायको

बसोबास रहेको छ भने त्यसपछि क्रमशः क्षेत्री र दलित समुदायका मानिस बसोबास गर्दछन्। तसर्थ उक्त समुदायका महिलाहरू बढी मात्रामा लाभान्वित भएका छन् ।

## खर्च खोजीनितीको स्थिति



यो कार्यक्रम दिविल १५ अन्तर्गत रहेको छ। तत्कालीन उद्योग, पर्यटन तथा वातावरण मन्त्रालयको (हालको वन, वातावरण तथा भू संरक्षण मन्त्रालय) वन डिभिजन कार्यालय, उदयपुरमार्फत सञ्चालित कार्यक्रम हो ।यसमा प्रदेश सरकारको लगानी रहेको छ। आर्थिक वर्ष २०७८/७९ को बजेटको स्थितिलाई हेर्दा यस कार्यक्रमका लागि रु. ४० लाख रकम विनियोजन भएको देखिन्छ भने खर्च रु. २२ लाख ७८ हजार मात्र भएको पाइन्छ। प्रतिशतको हिसाबमा यस कार्यक्रममा बजेट विनियोजनको करिब ५७ प्रतिशत मात्र खर्च भएको देखिन्छ। कार्यक्रम कार्यान्वयन गर्ने एकाईसँग बुझ्दा चालु खर्चसँग सम्बन्धित बजेटको अख्तियारी समयमै आए पनि विकास खर्चसँग सम्बन्धी बजेटको अख्तियारी प्राप्त गर्न आर्थिक वर्षको अन्तिम चौमासिकसम्म पर्खनुपर्ने भएकाले समयमै पूर्ण बजेट खर्च हुन नसकेको यसका अतिरिक्त किसानहरूले श्रावण महिनामा विरुवाको रोपण गर्छन् तर बजेट खर्च गर्ने अख्तियारी माघ/फाल्गुनमा आउने कारणले पनि खर्च हुन नसकेको हो। यो कार्यक्रम किसानहरूलाई विरुवा रोपणका आधारमा प्रतिविरुवा रु. २१ अनुदान प्रदान गर्ने कार्यक्रम भएको हुनाले विकासका लागि आएका बजेट अन्य काममा वा शीर्षकमा खर्च हुने गरेको देखिँदैन।

## कार्यक्रमको उपलब्धि

- बाँझा बारीका पाखाहरू हरियाली भएकाले वातावरण राम्रो हुनुका साथै खाली जग्गा उपयोगमा आएको
- अन्य खेतीबाली लगाउँदा सधैं बाँदर खेदाउन गाह्रो भएकोमा यो बाली लगाएपछि बाँदर खेदाउने समस्याको अन्त्य भएको
- थोरै जनशक्तिले पनि जग्गा बाझो नराखी खेती लगाउन सक्ने स्थितिको सिर्जना भएको
- एकपटक विरुवा रोपिसकेपछि धेरै वर्षसम्म आम्दानी प्राप्त गर्न सकिने हुनाले किसानहरू भविश्यमा आम्दानी प्राप्त भई जीवनस्तरमा सुधार हुने कुरामा विश्वस्त हुँदै गएको

## निष्कर्ष

प्रदेश १ को दिविल १३ र दिविल १५ अन्तर्गतको बजेट विनियोजन तथा खर्चको खर्च प्रतिशत दिविल १३ मा प्रदेशस्तरमा सन्तोषजनक रहेकोमा दिविल १५ मा भने खर्च प्रतिशत कम रहेको देखिन्छ। दिविल १३ अन्तर्गतका कार्यक्रममा विनियोजित रकमको ९८ प्रतिशत रकम खर्च भएको देखिन्छ। उक्त कार्यक्रमबाट प्लास्टिक टनेल निर्माण भएको, भूक्षय हुने ठाउँमा तारजालीको प्रयोग गरिएको र वृक्षारोपण गरिएकाले भूक्षयबाट हुने जोखिम न्यूनीकरण हुँदै गएको, घर धुरीलाई किबी फलको विरुवा वितरण गरिएको, सिमसार व्यवस्थापनका लागि पोखरी निर्माण भएको, पोखरी निर्माणपछि पुरानो पानीको मूल पलाउन सुरु गरेकोले ४० घरधुरीको खानेपानी समस्याको समाधान भएको, बेमौसमी तरकारी उत्पादन बढेको, रासायनिक विषादीको प्रयोग घटेको, स्थानीय तहबाट समेत साधन परिचालन गर्न सहयोग पुर्याएको देखिन्छ। फलस्वरूप दिविल १३ अन्तर्गतका जलवायु मैत्री खेती प्रणाली तथा विपद् व्यवस्थापनको कार्यमा सुधार आएका कारण यस लक्ष्यतर्फ सकारात्मक परिवर्तन आएको देखिन्छ।

दिविल १५ अन्तर्गत वन तथा वातावरण क्षेत्रको प्रवर्द्धन गर्ने गरी जडीबुटी प्रवर्द्धन कार्यक्रमको सन्तोषजनक प्रगति देखिएको छ। मुख्य प्रगति अन्तर्गत बाँझा बारीका पाखाहरू हरियाली देखिएकाले वातावरण राम्रो हुनुका साथै खाली जग्गा उपयोगमा आएको, अन्य खेतीबाली लगाउँदा सधैं बाँदर खेदाउन गाह्रो भएकोमा यो बाली लगाएपछि बाँदर खेदाउने समस्याको अन्त्य भएको, थोरै जनशक्तिले पनि जग्गा बाँझो नराखी खेती लगाउन सक्ने स्थितिको सिर्जना भएको, एकपटक विरुवा रोपिसकेपछि धेरै वर्षसम्म आम्दानी प्राप्त गर्न सकिने हुनाले किसानहरू भविष्यमा आम्दानी प्राप्त भई जीवनस्तरमा सुधार हुने कुरामा विश्वस्त हुँदै गएको देखिन्छ। समग्रमा जलवायु अनुकूल न कार्यक्रम र वन वातावरण तथा जडीबुटीसम्बन्धी कार्यक्रमहरूको प्रगति दिविलको लक्ष्यउन्मुख रहेको पाइन्छ।

अध्याय- ५

# बजेट विनियोजन, हस्तान्तरण र खर्चसम्बन्धी समस्या

## ५.१ पृष्ठभूमि

बजेट सार्वजनिक वित्त व्यवस्थापनको अभिन्न अङ्ग हो। सरकारका नीति र कार्यक्रमका आधारमा बजेट तर्जुमा गरिन्छ। बजेटले आम्दानी, खर्च लगायतका क्षेत्रलाई समेटेको हुन्छ। सर्वेक्षणको क्रममा लगभग सबै उत्तरदाताले विगत ४ वर्षमा कुशलता अपनाइए पनि दिविलको लक्ष्यअनुसार पूर्ण रूपमा बजेट विनियोजन गर्न नसकिएको स्थिति व्यक्त गरेका छन्। सीमित स्रोतका कारण कृषि, पूर्वाधार र सामाजिक क्षेत्रमा बजेट पर्याप्त हुन नसक्दा प्रदेशका कार्यक्रमहरू अधुरा रहने गरेका छन्। प्रदेशका मन्त्रालय तथा निकायबाट खर्च भएको रकम प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षकबाट अन्तिम लेखा परीक्षण गरी मूल्याङ्कन गर्ने गरिन्छ। यस क्रममा विश्लेषण गर्दा सुरूवातका तीन वर्षमा प्रदेश १ को खर्च औसत ६६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा प्रदेशका मन्त्रालय तथा निकायबाट खर्च भएको रकम करिब ९२ प्रतिशत पुगेको देखिन्छ। बजेट विनियोजन, हस्तान्तरण र कार्यान्वयनको सन्दर्भमा विज्ञ उत्तरदाता अन्तरवार्ता र प्रकाशित दस्ताबेजहरूलाई अध्ययन गर्दा देखिएका समस्याहरू तल उल्लेख गरिएका छन्ः

### ५.१.१ बजेट विनियोजनमा देखिएका मुख्य समस्याहरू

- क्षेत्रगत प्राथमिकता तय गर्न नसक्नु,
- प्राविधिक अध्ययनविना बजेट माग गर्ने प्रवृत्ति कायम रहनु,
- कार्यान्वयनको क्षमता नहेरी बजेट विनियोजन गरीनु,
- योजना तर्जुमा प्रक्रिया र बजेट विनियोजनबीच समन्वयको कमी,
- योजना बैङ्क नहुनु,
- टुक्रे आयोजनाको बाहुल्य हुनु,
- समन्वयको अभाबका कारण बजेटमा दोहोरोपना रहनु,
- सबै स्थानीय निकायमा आवधिक योजनाको तर्जुमा नहुनु,

### ५.१.२ बजेट हस्तान्तरणमा देखिएका मुख्य समस्याहरू

- प्रदेश विनियोजन ऐन तथा समपूरक अनुदानसम्बन्धी कार्यविधिअनुसार समपूरक रकम निकासा गर्दा अघिल्लो आर्थिक वर्ष वा चौमासिकको खर्चको विवरण पेस गर्नुपर्ने व्यवस्था रहेकोमा कतिपय स्थानीय निकायले समयमा प्रतिवेदन पेस नगर्ने हुँदा रकम हस्तान्तरणमा समस्या देखापर्ने गरेको ।
- बजेटबारे खर्च गर्ने एकाईलाई ढिलो जानकारी हुनु ।

### ५.१.३ बजेट कार्यान्वयमा देखिएका मुख्य समस्या

नीतिगत निर्णयको अवस्थालाई हेर्दा बजेट कार्यान्वयनमा खासै समस्या नरहेको जस्तो देखिन्छ, तर बजेट अनुमोदनपश्चात् कार्यक्रम कार्यान्वयन गर्न कार्ययोजना तयार गरी सम्बन्धित निकायमा पेस गरी स्वीकृत गर्नु पर्दछ। कार्ययोजना तयार गरी स्वीकृत गराउने कार्य पनि कर्मचारीको क्षमता र चाहनामा निर्भर हुने गर्दछ। परिणामस्वरूप कहीं तुलनात्मकरुपमा छिटो कार्यक्रम कार्यान्वयन हुन्छ भने कहिँ ढिलो हुने गर्दछ। त्यसैगरी केही कार्यक्रमका सन्दर्भमा विगतको नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड संशोधन गर्नुपर्दछ भने कतिपय कार्यक्रमका लागि नयाँ बनाउनुपर्ने हुन्छ। यिनीहरूको संशोधन र निर्माणमै पहिलो चौमासिकको समय बित्ने गरेको देखिन्छ। यसका अतिरिक्त परम्परागत चलनचल्तीका हिसाबमा तहगत अख्तियारी लिनुपर्ने कारणले पनि विनियोजित बजेटको अख्तियारी कार्यान्वयन गर्ने निकायसम्म पुग्न लामो समय लिने गरेको छ। यसका सन्दर्भमा छलफल र मुख्य विज्ञ उत्तरदाताबाट प्राप्त समस्याहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

- सङ्घको सशर्त अनुदानको रकम खर्च गर्ने कार्यविधि समयमा प्राप्त नहुनु ।
- बजेट बाँडफाँड भई सम्बन्धित कार्यालयमा समयमै अख्तियारी प्राप्त नहुनु ।
- वैदेशिक सहायताका कार्यक्रममा रकमको शोधभर्ना प्राप्तिका लागि प्रगति प्रतिवेदन पेस गर्ने सन्दर्भमा अन्योल र निष्क्रियता।
- प्रसासनिक एवम् दक्ष प्राविधिक जनशक्तिको कमी।
- खरिद ठेक्का व्यवस्थापनको समस्या।
- जग्गाप्राप्तिको समस्या कार्यक्रम सञ्चालन गर्ने ठाउँ वनक्षेत्र भएमा स्वीकृति प्राप्तिका लागि लामो प्रक्रिया पूरा गर्न लामो समय लाग्छ भने कहिले कही आपसी विवादका कारण पनि समस्या हुने गरेको।
- निर्माण व्यवसायीको ढिलासुस्ती।
- कोभिड महामारीमा भएको बन्दाबन्दीको कारण काम स्थगित हुनु।

- निर्माण सामग्रीको उपलब्धतामा कमी।
- लेखा प्रणाली तथा अभिलेखको व्यवस्थापनका समस्या।
- स्थानीय सेवा ऐन नहुनु।
- कानुनी समस्याः प्रदेशमा कार्यरत कर्मचारी सङ्घीय मातहत रहेकाले परिचालन गर्न कठिनाइ हुने गरेको, जस्तैः डिभिजनल वन कार्यालय।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली फितलो हुनु।
- कार्यक्रमको तयारी र अध्ययन पूरा नहुँदै बहुवर्षीय कार्यक्रम कार्यारम्भ हुने र पछि प्राविधिक समस्या आई कार्यान्वयनमा समस्या हुनु ।
- सङ्घीयताको नयाँ अभ्यास भएकाले प्रदेशमा प्रशासनिक संरचनाको आवश्यकताअनुरूप संस्थागत क्षमता विकास हुन नसक्नु ।
- सङ्घ/प्रदेश र स्थानीय निकायबीच बारम्बार कानुनी विवाद देखापर्नु ।

# दिगो विकास लक्ष्यका सूचकहरूको प्रगति

## ६.१ सरकारी खर्चले दिविलमा ल्याएको परिवर्तन

प्रदेशमा विनियोजित बजेटको खर्चको अवस्था सामान्यतया सन्तोषजनक नै देखिएको भए तापनि यसको प्रतिफल भने क्षेत्रअनुसार मिश्रित रहेको पाइएको छ। दिविलको लक्ष्यअनुसार क्षेत्रगत रूपमा भएको खर्च र त्यस खर्चको उपलब्धिअनुसार विगत चार आर्थिक वर्षमा भएको मुख्य प्रगतिलाई साङ्केतिक रूपमा निम्नानुसार तालिकामा समेटिएको छः

तालिका २१ः प्रदेश १ मा सरकारी खर्चले दिविलमा ल्याएको परिवर्तनको सारांश

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आर्थिक वर्षका मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| १ःगरिवीको अन्त्य | गरिवी निवारण, सहकारी | १) गरिवीको रेखामुनि रहेको जनसङ्ख्या<br>२) बहुआयामिक गरिवी सूचकाङ्क<br>३) प्राकृतिक प्रकोपबाट जन धनको क्षति | १) मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम,<br>२) सहकारी विकास तथा गरिवी निवारण कार्यक्रम<br>३) बाख्रा उत्पादन कार्यक्रम | १) प्रदेशको बहुआयामिक गरिवी घटेर १७ प्रतिशत भयको<br>२) २४ वटा १२००० बाख्रा उत्पादन भएको<br>३) PALMA अनुपात ०.९९ बाट १.०० पुगेको | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आर्थिक वर्षका मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| २.भोकमरीको अन्त्य | कृषि तथा पशुपन्छी विकास, पोषण, सिञ्चाइ | १) पुड्कोपनाको व्यप्तता<br>२) भूमि तथा कृषि उत्पादकत्व<br>३) वर्षैभरि सिञ्चाइ उपलब्ध हुने खेतीयोग्य क्षेत्र | १) कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रमहरू,<br>२) पोषण कार्यक्रम<br>३ ) अर्गानिक मल खरिदमा प्रतिकिलो ५ रुपियाँका दरले अनुदान, | १) बढ्दो कृषि उत्पादन,<br>२)हाई-टेक कृषि प्रणाली<br>३)व्यावसायिका र प्रविधियुक्त खेती<br>४) ४२८ मे .टन मल सहुलियतमा उपलब्द गराएको<br>५)बेमौसमी तरकारी उत्पादन बढेको<br>६) विषादी प्रयोगको मात्रा घटेको<br>७) कृषि भूमिको उत्पदक्त्तो ३.४ बाट ३.७ मे. टन पुगेको | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आर्थिक वर्षका मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| ३. स्वस्थ जीवन | स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण | १) मातृ मृत्युदर (प्रति लाखमा)<br>२) दक्ष स्वास्थ्यकर्मीवाट सुत्केरी गराउने<br>३) पूर्ण खोप प्रतिशत<br>४) ३० मिनेटको दुरीमा स्वास्थ्य सेवाको पहुँच प्राप्त परिवारको प्रतिशत | १)स्वास्थ्य सिविर<br>२) एकीकृत स्वास्थ्य तथा सरसफाई<br>३)अस्पताल सुदृढीकरण | १) पुड्को पना ३२ प्रतिशतबाट २० मा झरेको<br>२) बाल मृत्युदर ३३ बाट ३० मा झरेको<br>३)आधा घण्टाको दुरीमा स्वस्थ सेवा प्राप्त गर्नेको प्रतिशत ५७ बाट ६५ पुगेको | |
| ४. शिक्षा र सामाजिक विकास | शिक्षा, समावेसीकरण, युवा, भाषा संस्कृति | १) प्राविधिक तथा व्यवसायिक शिक्षामा महिलाको भर्ना अनुपात<br>२) सक्षरता दर | १) नमुना विद्यालय<br>२) उच्च शिक्षा<br>३)युवा तथा खेलकुंद<br>४) शैक्षिक विकास | १) कुल साक्षरता दर ८४ बाट ८८ मा पुगेको<br>२) प्राविधिक तालिम प्राप्त जनशक्तिको पतिसत बढेको<br>३)१५ वटा बाल कल्याण गृहलाई सहयोग गरीयको | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आर्थिक वर्षका मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
| --- | --- | --- | --- | --- | --- |
| ५. लैङ्गिक समानता | महिला सशक्तीकरण, जेष्ठ नागरीक संरक्षण, बालबालिका | १) १५ वर्ष मुनिका विवाहित किसोरीको अनुपात<br>२) श्रममा महिला सहभागिताको दर<br>३) प्रदेश प्रतिनिधि सभामा महिलाको प्रतिशत | १) बाल संरक्षण<br>२) ज्येष्ठ नागरिक सेवा केन्द्र<br>३) सचेतना तथा सशक्तीकरण<br>४) बाल हेल्प लाईन सञ्चालन<br>५) बालबिबाह न्यूनीकरण | १) लैङ्गिक असमानता न्यूनीकरण ०.३६ बाट ०.३४ मा झरेको<br>२) २० जना महिला उद्यमीहरूलाई प्रबिधिसहितको सहयोग उपलब्ध गरीयको | |
| ६.स्वच्छ पानी र सरसफाइ | खानेपानी र सरसफाइ | १) सुरक्षित खानेपानी प्रयोग गर्ने जनसङ्ख्या (प्रतिशत)<br>२) शौचालयको प्रयोग गर्ने जनसङ्ख्याको प्रतिशत | १) सघन खानेपानी कार्यक्रम<br>२) सरसफाइ तथा ढल व्यवस्थापन<br>३) खानेपानी आयोजना गुणस्तर र स्रोत, मर्मत सुधार | १) सुरक्षित खानेपानी पुगेको जनसङ्ख्या' १७ बाट १९ प्रतिशत पुगेको | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आर्थिक वर्षका मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| ७. दिगो ऊर्जा व्यवस्थापन | जलविद्युत्, सौर्य ऊर्जा, बायोग्यास | १) बिद्युतको पहुँच पुगेको जनसङ्ख्या<br>२) विद्युत् उपभोग (kw-hr) | १) ऊर्जा विकास कार्यक्रम | १) जलविद्युत् उत्पादनजडित क्षमता १८७.३६ बाट २२७.१३ प्रतिशत पुगेको | |
| ८. पर्यटन | पर्यटन, सङ्ग्रहालय, होमस्टे | १) प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन<br>२) वित्तीय सेवामा पहुँच<br>३) बेरोजगार दर<br>४)जीवन बिमा गरकाको प्रतिशत | १) पर्यटन विकास र प्रवर्द्धन | १) तीन स्थानमा पर्यटकीय मार्ग, ३७ स्थानमा पर्यटकीय पूर्वाधार निर्माण<br>२) बर्सेनी १४५२७ वटा उद्योग दर्ता भएका<br>३) तीनवटा पर्यटन सम्बन्ध बहुवर्षीय' आयोजना सुरु गरिएको<br>४) केही होमस्टे सञ्चालनमा आएका | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आर्थिक वर्षका मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| ९.उद्योग, पूर्वाधार | सडक, पुल, औद्योगिक क्षेत्र, खानी र खनिज पदार्थ | १) सडक घनत्व<br>२) कालोपत्रे गरेको सडक लम्बाइ<br>३)मोबाइल नेटवर्कको पहुँच पुगको जनसङ्ख्या | १) सडक तथा पुल निर्माण र मर्मत<br>२) १०००० साना तथा घरेलु उद्योग दर्ता, वार्षिक ४० हजारभन्दा बढी उद्यमी तथा रोजगार सिर्जना | १)कालोपत्रे सडक घनत्व ७ कि. मि. प्रति १०० वर्ग कि. मि. पुगेको<br>२) विद्यमान ३००० कि.मि. सडकको सर्वयाममा स्तरोन्नति | |
| १०. असमानता घटाउने | | १) जिनी गुणाङ्क<br>२) कृषक परिवारमा लघुवित्तीय संस्थाको पहुँच | | १) जिनी गुणाङ्क ०.३४ मा पुगेको | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आर्थिक वर्षका मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| ११. दिगो र उत्थानशील बस्ती विकास | भवन निर्माण, सहरी पूर्वाधार विकास, आवास, पार्क | १) सुरक्षित घरमा बसोबास गर्ने घरपरिवार<br>२) सुरक्षित् र भरपर्दो यातायातको उपलब्धता<br>३) योजनाबद्ध नयाँ शहरको विकास<br>४) प्राकृतिक विपत्तिबाट हुने दुर्घटना र मृत्यु | १)आवास व्यवस्था तथा बस्ती विकास<br>२) भवन तथा सभाहल निर्माण<br>३) सहरी पूर्वाधार विकास | १) ३५ वटा नयाँ एकीकृत बस्ती निर्माण,<br>२) १२ वटा सरकारी भवन तथा सभाहल<br>३) ३२ वटा नयाँ पार्क निर्माण | |
| १२. दिगो उत्पादन र उपभोग | | १) खाद्यान्न उत्पादनका लागि भूमिको प्रयोग<br>२) वार्षिक प्रतिव्यक्ति खाद्य उपभोग | | | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आर्थिक वर्षका मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| १३. जलवायु परिवर्तन र प्रभाव नियन्त्रण | विपद् न्यूनीकरण तथा व्यवस्थापन, बाढी भबिष्यबाणी, नदी नियन्त्रण, जल उत्पन्न प्रकोप | १) प्राकृतिक विपत्तिबाट आर्थिक नोक्सानी<br>२) जलवायु अनुकूलन नमुना गाउँ<br>३) जलवायु अनुकूलन खेती<br>४) जलवायु अनुकूलनमा तालिमप्राप्त व्यक्तिहरू | १) हरियाली प्रवर्धन,<br>२) जलवायु अनुकूल न नमुना गाउँ कार्यक्रम<br>३) तटबन्ध निर्माण | १) विपदबाट भएको क्षतिको अनुपात घटेको (०.७० बाट ०.६०)<br>२) हरितगृह ग्यास उत्सर्जन ४.८ बाट ४.५ मा झारेको<br>३) २२४ जनाले तालिम प्राप्त गरेको<br>४) १६८ घर-परिवार प्रत्यक्ष लाभान्वित भएको | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आर्थिक वर्षका मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| १५. वन तथा जैविक विविधताको दिगो उपभोग तथा संरक्षण | वन, वन पैदावार, जैविक विविधता, | १) कुल क्षेत्रफलमा वन जङ्गलको क्षेत्रफल<br>२) थप वृक्षारोपण | १) वन, वन्यजन्तु तथा जैविक विविधता संरक्षण<br>२) भू संरक्षण र जलाधारको व्यवस्थापन<br>३) पकेट क्षेत्र जडीबुटी विस्तार कार्यक्रम<br>४) बायोइनर्जी खोला किनारा संरक्षण | १) वनले ढाकेको क्षेत्रफलमा सुधार भई ४३.७५ प्रतिशत पुगेको २) वायु प्रदूषणको मात्र ५० बाट घटेर ४६.५ भएको<br>३) ८३ घर परिवारले ५०० देखि ५००० हजारसम्म तेजपात का विरुवा रोपण गरेको<br>४) वित्तीय प्रगति ८२ प्रतिशतभन्दा बढी रहेको<br>५) ७५८ हजार जडीबुटीका विरुवा उत्पादन गरिएको<br>६) १४ वटा पकेट क्षेत्रमा जडीबुटी विस्तार गरिएको | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आर्थिक वर्षका मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| १६. सुशासन, शान्ति र समावेशी समाज | कानुन, शान्ति, न्याय, सेवाप्रवाह, क्षमता विकास, सस्थागत विकास, सार्वजनिक खर्च तथा वित्त व्यवस्थापन, राजस्व, आर्थिक मामिला, सूचना तथा सञ्चार | १) पारदर्शिता र जवाफदेहिता<br>२) सार्वजनिक सेवामा सेवाग्राहीको सन्तुष्टिको प्रतिशत<br>३) सार्वजनिक संस्थाको निर्णय प्रक्रियामा महिलाको नेतृत्वको अनुपात | १) सुसासन प्रवर्द्धन कार्यक्रम<br>२) प्रदेश सभा, मुख्य न्यायाधिवक्ता कार्यालय<br>३) जनतासँग मुख्य मन्त्री कार्यक्रम<br>४) अर्थ मन्त्रालय र योजना आयोग | १) जनतासँग मुख्यमन्त्री कार्यक्रमबाट रेडियो टेलिभिजनमार्फत जनगुनासो सम्बोधन गरिएको<br>२) ७ वटा मन्त्रालयहरूमा अफिस अटोमेसन स्थापना गरी कर्मचारीको क्षमता अभिवृद्धि गरिएको<br>३) सशासन विकास क्षमता अभिवृद्धि , जबाफदेही प्रसासनिक प्रक्रियासम्बन्धी क्रियाकलापबाट कर्मचारीहरूलाई सुसूचित गरिएको | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आर्थिक वर्षका मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| १७. दिगो विकासका लागि साझेदारी | प्रदेश र स्थानीय तहको साझेदारी | १) प्रदेश बजेटमा कर राजस्वको योगदान प्रतिशत<br>२) इन्टरनेटको घनत्व (प्रति सय व्यक्तिमा)<br>३) साझेदारी सहभागिता | १) प्रदेशबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण | १) गाउँपालिका र नगरपालिकाले सञ्चालन गरेका विशेष गरी सडक, भवन निर्माण, खेल मैदान निर्माण, तथा बस्ती निर्माणका कार्यक्रमहरूको भौतिक प्रगति, ७५-८५ % रहेको र वित्तीय प्रगति ८०-९०% रहेको, | |

हरियोः लक्ष्य प्राप्त गरेको, पहेंलोः लक्ष्य उन्मुख, रातोः लक्ष्य प्राप्त गर्न कठिन, (पूरै तथ्याङ्क उपलब्ध भएपछि तालिका अद्यावधिक गरिने, हाललाई उपलब्ध तथ्याङ्कको आधारमा मात्र तयार गरिएको)

अध्याय - ७

# निष्कर्ष र सुझाव

## ७.१ निष्कर्ष

संविधानले प्रदेशका आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक-सामाजिक, प्राकृतिक, मानवीय स्रोत र साधान परिचालन गर्न प्रदेशलाई समुन्नत बनाउन उत्प्रेरणा दिएको छ। प्रदेशले आर्थिक वर्ष २०७६/७७ देखि आफूलाई परिष्कृत गर्दै संरचनागत रूपमा स्थापित गर्दै लगेको छ। त्यसैले प्रदेशमा बजेट विनियोजन, साधन र स्रोतको प्रवाह, खर्च व्यवस्थापन कार्यक्रमहरूको तर्जुमा एवम् कार्यान्वयन संस्थागत क्षमता आदिमा क्रमशः सुधार तथा दक्षता हासिल हुँदै आएको देखिन्छ।

संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ। नेपालले दिगो विकास लक्ष्य कार्यान्वयनको मार्गचित्र निर्धारण गरी कार्यान्वयन गर्दै आइरहेको छ। नेपालले २०३० सम्ममा दिविलका सबै लक्ष्यहरू हासिल गर्न तिनै तहका सरकारबीच सहलगानीमा सहकार्य गर्न आवश्यक छ। यसका लागि दिविलका बारेमा बुझाइ, कार्यान्वयनमा एकरूपताको खाँचो छ। प्रदेशको आर्थिक, सामाजिक रूपान्तरणका लागि उपलब्ध साधन र  स्रोतको उच्चतम उपयोग गर्नुपर्दछ। प्रदेशको सरकारले आफ्ना योजना तथा प्राथमिकतासँग दिविललाई आन्तरिकीकरण गर्दै आएको छ। प्रदेशले आफ्ना अधिकार क्षेत्रभित्र रहेर बनाएका योजना मध्यमकालीन खर्च संरचना र बजेटले तय गरेका प्राथमिकता दिएका कार्यक्रमहरूलाई दिविलअनुसार बजेटमा दिइएको प्राथमिकता बजेट विनियोजन र खर्चको तादाम्य मिल्यो कि मिलेन भन्ने कुरा हेर्नु जरूरी छ। दिविलसम्बन्धी प्रदेशगत सार्वजनिक खर्चको खोजीनिती (Tracking) गर्दा यसै दृष्टिकोणलाई आधार मानिएको छ ।

दिविलसँग सम्बन्धित सार्वजनिक खर्चको खोजीनिती गर्दा एक-अर्कामा अन्तर्सम्बन्धित ३ वटा उद्देश्यहरूलाई लिइएको छः (१) प्रदेश सरकारले विनियोजन गरेको बजेट एवम् खर्चलाई दिविलअनुसार कोड गरिएको अवस्थाको विश्लेषण गर्ने (२) दिविल प्राप्तिका लागि स्रोत विनियोजन, हस्तान्तरण तथा कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान गर्ने (३) दिविलका उपलब्धिहरूको विश्लेषण गर्ने र विद्यमान समस्याहरूको दक्षतापूर्ण रूपमा समाधान गर्न योग्य सुझाव दिने।

उपरोक्त उद्देश्यहरू पूरा गर्नका लागि प्रदेशले तर्जुमा गरेका र कार्यान्वयनमा ल्याएका कानुनी एवम् संरचनात्मक अवस्था, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, बजेट, स्रोतको परिचालन र प्रवाह आदिबारे प्राप्त प्रतिवेदनहरूको विश्लेषण, स्थलगत अवलोकन, पदाधिकारी एवम् कार्यान्वयन गर्ने

निकायहरूसँगको छलफल, प्रमुख उत्तरदाताहरूसँगको अन्तरवार्ता, लाभग्राहीहरूसँग समूहगत छलफल जस्ता विधिहरू प्रयोग गरिएको थियो।

प्रदेश १ को समग्र आर्थिक र सामाजिक क्षेत्रहरूको विकास सकारात्मक दिशातर्फ उन्मुख भए तापनि प्रदेश नयाँ संरचना भएकाले यसको अभ्यास, संस्थागत क्षमता विकास र वित्तीय सङ्घीयताको कार्यान्वयन प्रभावकारी हुन कठिनाइ रहेको देखिन्छ। राष्ट्रिय जनगणना २०२१ को तथ्याङ्कअनुसार यस प्रदेशमा ४९७२०२१ जनसङ्ख्या रहेको छ। यस प्रदेशले कुल राष्ट्रिय गार्हस्थ्य उत्पादनमा १५.६ प्रतिशतको योगदान पुऱ्याएको छ भने आर्थिक वृद्धिदर ५.४१ प्रतिशत रहेको छ। यस प्रदेशको आर्थिक सामाजिक विकासको स्थितिलाई हेर्दा औसत राष्ट्रिय विकासको तुलनामा उस्तै रहेको देखिन्छ। प्रदेश १ को मानव विकास सूचकाङ्क स्थिति ०.५८० रहेको छ। प्रदेशको औसत साक्षरता दर ८८.० प्रतिशत रहेको छ। बहुआयामिक गरिवीको प्रतिशत १७ रहेको छ। त्यसैगरी प्रदेश १ को लैङ्गिक असमानताको सूचाकाङ्क ०.३६ रहेको छ ।

यस प्रदेशमा मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा दिविलअनुसार बजेट कोड प्रविष्ट गर्ने व्यवस्था छ। पर्याप्त तालिमको अभाव, दक्ष कर्मचारीको अभाव एवम् PLMBIS आफैंमा जटिल र कार्यक्रमहरू प्रविष्ट गर्न समय लाग्ने भएका कारण दिविल अनुसार कोडिंग गर्दा पर्याप्त ध्यान दिन सकेको देखिँदैन। अध्ययनबाट प्राप्त निष्कर्षअनुसार पछिल्ला आर्थिक वर्षहरूमा दिविलअनुसार कोडिङ्ग गर्ने कार्यमा गुणस्तरीयता बढ्दै जानु पर्नेमा साङ्केतीकरण नगरेको बजेटको आकार झन् बढेको देखिन्छ। यद्यपि खर्च गर्ने क्षमता भने बढ्दै गएको देखिन्छ। यसका साथै अधिकांश बजेट निश्चित दिविलमा केन्द्रित गरेको देखिन्छ। त्यसैले यस सार्वजनिक खर्च खोजीनिती सर्वेक्षणमा कार्यक्रम एवम् बजेट शीर्षकअनुसार पुनः दिविलअनुसार साङ्केतीकरण गरी यसको गुणस्तरलाई बढाउने र प्रदेश सरकारलाई प्रेरणा दिने प्रयत्न गरिएको छ ।

सार्बजनिक खर्चको खोजीनिती गर्ने सन्दर्भमा दिविलका १३ र १५ लक्ष्यहरूलाई विशेष प्राथमिकता दिई मामला अध्ययनमा समावेश गरिएको छ। दिविलको लक्ष्य १३ जलवायु परिवर्तन (जलवायु परिवर्तन र यसका असरहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने) र लक्ष्य १५ "Life on Land" (पृथ्वीको भूसतही/भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र वनजङ्गलको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्न र भूक्षय रोक्नुका साथै यसलाई उल्टयाउने र जैविक विविधताको ह्रासलाई रोक्ने) उद्देश्यबाट प्रेरित छ।

यस प्रदेशको दिविल १३ र दिविल १५ अन्तर्गतको बजेट विनियोजन तथा खर्चको खर्च प्रतिशत दिविल १३ मा प्रदेशस्तरमा सन्तोषजनक रहेकोमा दिविल १५ मा भने खर्च प्रतिशत कम रहेको देखिन्छ। दिविल १३ अन्तर्गतका कार्यक्रममा विनियोजित रकमको ९८ प्रतिशत रकम खर्च भएको

देखिन्छ। फलस्वरूप दिविल १३ अन्तर्गतका जलवायुमैत्री खेती प्रणाली तथा विपद् व्यवस्थापनका कार्यमा सुधार आएको कारण यस लक्ष्यतर्फ सकारात्मक परिवर्तन आएको देखिन्छ। दिविल १५ अन्तर्गत वन तथा वातावरण क्षेत्रको प्रवर्द्धन गर्ने गरी जडीबुटी प्रवर्द्धन कार्यक्रमको सन्तोषजनक प्रगति देखिएको छ। समग्रमा जलवायु अनुकूलन कार्यक्रम र वन वातावरण तथा जडीबुटी सम्बन्धी कार्यक्रमहरूको प्रगति दिविलको लक्ष्य उन्मुख रहेको पाइन्छ।

समूहगत छलफल, प्रमुख जानकारीदातासँगको अन्तर्वार्ता र अवलोकनबाट प्राप्त तथ्यको आधारमा समस्याहरूलाई निम्नअनुसार सङ्क्षेपीकरण गरिएको छः

१. बजेट तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचना र आवधिक योजनाबीच तादाम्य कायम गर्न ध्यान नपुगेको जस्तो पाइयो ।
२. बजेट तर्जुमा गर्दा स्थानीय सरकारसँग कम समन्वय भएकाले कार्यक्रममा दोहोरोपना आउने गरेको पाइयो ।
३. दिविलको बारेमा सुने, बुझेको पाइयो तर कार्यान्वयन तहमै लैजान आवश्यक पर्ने बुझाइ, कार्यक्रम तय गर्ने क्रममा ज्ञान, सिप, बजेटमा साङ्केतीकरण गर्न तथा मार्गनिर्देशन गर्ने कार्यमा भने केही अस्पष्टता पाइयो।
४. दिविल १३ र १५ का सूचकका बारेमा भने अस्पष्टता हुने गरेको पाइयो।
५. सम्बन्धित निकायसँगको छलफल र प्रमुख उत्तरदातासँगको छलफलमा उक्त अख्तियारी प्राप्त गर्न कार्यक्रम र मन्त्रालय अनुसार ३ महिनादेखि ५ महिना समय लाग्ने जानकारी प्राप्त भयो। अख्तियारी प्राप्त भए पनि कार्यान्वयनमा लैजानका लागि थप समय लाग्ने कुरा बताइएको थियो।
६. सालबसाली कार्यक्रमहरू कार्यान्वयन गर्न तुलनात्मक रूपमा सजिलो र छिटो हुने भए पनि नयाँ कार्यक्रमको लागि कार्यविधि बनाउनुपर्ने, कार्यान्वयनको मोडालिटी तयार गर्नुपर्ने आदि कारणले ढिलो हुन जाने देखियो।
७. प्रदेशले कार्यान्वयन गर्ने कतिपय कार्यक्रम अनुगमन कसले अनुगमन गर्ने भन्ने कुरा स्पष्ट नहुदा कार्यान्वयनको गुणस्तर कमजोर रहेको कुरा छलफलबाट प्राप्त भयो। सशर्त अनुदानका शर्तहरूले कार्यक्रम कार्यान्वयन गर्न जटिल भएको र कार्यान्वयन गर्न नसकिएकाले रकम फिर्ता जाने समस्या रहेको पाइयो ।
८. कर्मचारी सरुवा भइरहने, आवश्यक तालिमको अपर्याप्तता, पर्याप्त जनशक्तिको अभाव, प्रशासनिक लामो प्रक्रिया आदि साझा समस्याका रूपमा रहेको पाइयो। त्यसैले बजेट तर्जुमा साङ्केतीकरण, कार्यान्वयन, खर्च र उपलब्धिमा अपेक्षाकृत सफलता कम रहेको पाइयो ।

९. बजेट, खर्च, उपलब्धि आदिका बारेमा रेकर्ड राख्ने, सार्वजनिक गर्ने, परिपाटीमा समस्या देखिए। तथ्याङ्कहरू व्यवस्थित छैन भने भएका तथ्याङ्कहरूको तुलना गर्दा कतिपय नमिल्ने देखिएकाले तथ्याङ्कको गुणस्तरीयतामा दुविधा हुने देखियो।

१०. देशका संरचनाले अझ पनि आफ्नो स्पष्ट स्वरूप निर्धारण गर्न सकेको छैन। मन्त्रालयहरू टुक्रिने र विभाग र कार्यक्षेत्रहरू परिवर्तन भइरहेका छन्। कार्यक्षेत्रहरूमा पनि क्षेत्रअनुसार ज्ञान अनुभव भएका कर्मचारीहरूको वितरण ठिक ढङ्गले नहुँदा र अपर्याप्त हुँदा कार्यान्वयनमा निकै समस्या देखिएको छ। यसका अतिरिक्त कतिपय कर्मचारी सङ्घीय सरकार मातहत हुने हुँदा प्रदेशबाट सञ्चालन हुने कार्यक्रममा समस्या देखा पर्ने गरेको पाइयो।

११. कानुनी आधार, कार्यक्षेत्र, बजेट योजना तर्जुमालाई यथार्थपरक, कार्यान्वयन योग्य, नतिजामूलक र आवश्यकतामा आधारित बनाई समग्र प्रणालीसँग जोड्न नसकिएको तथ्यहरू पनि छलफलबाट प्राप्त भएका थिए ।

## ७.२ सुझाव

प्रदेशका विभिन्न तह तथा निकायहरूमा सञ्चालित समूह छलफल, विज्ञ उत्तरदाता अन्तर्वार्ता तथा प्रकाशित दस्तावेजहरूको अध्ययन वाट प्राप्त तथ्यको विश्लेषण गरी विद्यमान समस्याहरूलाई निराकरण गर्न निम्न सुझावहरू प्रस्तुत गरिएको छः

१. दिविलअनुसार कार्यक्रमको समूह निर्धारण गरी सोअनुरूप बजेट विनियोजनको सन्तुलन मिलाउन उपयुक्त हुने।

२. सिप दक्षतायुक्त कर्मचारीको व्यवस्था गर्नुपर्ने र त्यसका लागि आवश्यक तालिम, व्यावहारिक ज्ञान, शीप, प्रविधिसम्बन्धी तालिम दिनुपर्ने तथा प्रोत्साहनलाई कार्यसम्पादनमा आधारित तुल्याई कार्यान्वयन गर्नुपर्ने।

३. दिविल दीर्घकालीन लक्ष्य भएकाले त्यसै अनुसारका कार्यक्रमहरू तयार गर्नुपर्ने। टुक्रे र छरिएका कार्यक्रमले खासै प्रतिफल दिन नसक्ने भएकाले कतिपय कार्यक्रमहरू एकत्रित गर्न र कार्यान्वयनमा ल्याउने। सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने विकास कार्यक्रमको सिलिङ निर्धारण गरिनुपर्ने। प्रदेश सरकारले प्रादेशिक गौरव खालका यातायात, ऊर्जा विकास जस्ता कार्यक्रम कार्यान्वयन गर्ने र टुक्रे कार्यक्रमहरू स्थानीय पालिकाहरूलाई नै जिम्मा दिन उपयुक्त हुने।

४. आम जनताले बुझ्ने गरी तीन तहका सरकारका काम, कर्तव्य र अधिकार स्पष्ट हुनुपर्ने। दोहोरोपन हटाउनुपर्ने। बजेट तर्जुमाको समयमा तीनै तहका सरकारले समन्वय, सहकार्य र छलफल गर्नुपर्ने।

५. बजेट तर्जुमा मध्यमकालीन खर्च संरचनालाई बजेटरी सुधार प्रक्रियाको रूपमा कार्यान्वयन गरी नतिजामूलक बजेटरी प्रक्रियामा जानुपर्ने। कार्यान्वयनयोग्य योजना र निर्माणमा ध्यान दिने।
६. परियोजना बैङ्कको स्थापना गरी परियोजनाहरूको विस्तृत कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनुपर्ने।
७. तथ्याङ्कहरूको सङ्कलन, संरक्षण, उपयोग र सजिलै उपलब्ध हुने व्यवस्थालाई सुनिश्चित गर्न एकीकृत रूपमा सूचनालाई व्यवस्थित गर्नुपर्ने।
८. स्थानीय जनशक्तिको विकास र उपयोगमा विशेष ध्यान दिनुपर्ने।
९. प्रदेशको आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक कार्यक्रमका प्रमुख प्रगति सूचकमा तादाम्य कायम गर्नुपर्ने।
१०. राजनीतिक तथा अन्य पहुँचवाला व्यक्तिको भनसुनको प्रभाव बजेट विनियोजनमा कम हुनुपर्ने। पालिकालाई कार्यक्रमको अपनत्त्व लिने वातावरणको सृजना गराउन प्रदेश/सङ्घबाट सोझै पालिकाभित्र कार्यान्वयनमा ल्याएका कार्यक्रमहरूको सञ्चालनमा पालिकालाई अनिवार्य रूपमा समावेश गर्ने परिपाटीको विकास गर्नुपर्ने।
११. प्रदेश १ को भौगोलिक स्थितिलाई ध्यानमा राखी बजेटमा दिविल १३ र १५ सम्बन्धी ठोस कार्यक्रमहरू समावेश गरिनुपर्ने।
१२. ठूला र रूपान्तरणकारी कार्यक्रमको तयारी गर्दा दिविलका एकभन्दा धेरै लक्ष्य छुने हुँदा प्रत्येक लक्ष्य माथिको विनियोजन र खर्च प्रतिशत तथा समग्र प्रभावलाई उल्लेख गर्नुपर्ने।
१३. प्रदेश बजेटको स्रोत विवरणलाई ध्यानमा राखी प्रदेशको आन्तरिक राजस्व वृद्धि गर्न करको दायरा फराकिलो वनाउनेतर्फ ध्यान दिनुपर्ने।
१४. सीमित दिविलमा मात्र केन्द्रित बजेट विनियोजत प्रणालीमा सुधार गरी मानव पुँजीनिर्माण र वातावरण तथा जैविक विविधताका क्षेत्रमा हुने बजेट विनियोजनको वृद्धितर्फ ध्यान दिनुपर्ने।

## सन्दर्भ सामाग्री


१. अर्थ मन्त्रालय (२०७६).आर्थिक सर्वेक्षण २०७६/७७.काठमाडौँः नेपाल सरकार, अर्थ मन्त्रालय।

२. अर्थ मन्त्रालय (२०७७).आर्थिक सर्वेक्षण २०७७/७८. काठमाडौँः नेपाल सरकार, अर्थ मन्त्रालय।

३. अर्थ मन्त्रालय (२०७८).आर्थिक सर्वेक्षण २०७८/७९. काठमाडौँः नेपाल सरकार, अर्थ मन्त्रालय।

४. आर्थिक मामिला तथा योजना मन्त्रालय (२०७८).आर्थिक सर्वेक्षण २०७८/७९. विराटनगरः प्रदेश नं १ सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय।

५. प्रदेश नं १ सरकार (२०७६–२०७९).मध्यमकालीन खर्च संरचना२०७६/७७,२०७७/७८, २०७८–७९. विराटनगरः प्रदेश सरकार, प्रदेश योजना आयोग।

६. राष्ट्रिय योजना आयोग (२०७५–२०७९). मध्यमकालीन खर्च संरचना २०७५–७६,२०७६–७७, २०७७–७८, २०७८–७९. काठमाडौं: नेपाल सरकार, राष्ट्रिय योजना आयोग।

७. प्रदेश नं १ सरकार (२०७५–२०७९). बजेट वक्तव्य २०७५/७६, २०७६/७७, २०७७/७८, २०७८/७९ विराटनगर: प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय।

८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७९). दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९. काठमाडौ: नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

९. राष्ट्रिय योजना आयोग (२०२१). बहुआयामिक गरिबी सूचक-२०२१. काठमाडौँः नेपाल सरकार, राष्ट्रिय योजना आयोग।

१०. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (२०२२). नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण -२०२२. काठमाडौँः नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय।

११. राष्ट्रिय योजना आयोग (२०२०). नेपाल मानव विकास प्रतिवेदन-२०२०. काठमाडौँः नेपाल सरकार, राष्ट्रिय योजना आयोग।

१२. प्रदेश नं १ सरकार (२०७८/७९). प्रदेश सरकार वार्षिक प्रगति प्रतिवेदन -२०७८/७९ बिराटनगर : प्रदेश नं १ सरकार।

१३. केन्द्रीय तथ्याङ्क विभाग (२०२१).उत्पादनमुलक उद्योगको विश्लेषणात्मक प्रतिवेदन-२०२१. काठमाण्डौः केन्द्रीय तथ्याङ्क विभाग।

१४. NPC, (2020). Nepal Sustainable Development Goals progress assessment report 2016-19. Kathmandu: National Planning Commission, Government of Nepal.

# अनुसूची १. तथ्याङ्क सङ्कलन गर्ने प्रश्नावली र चेकलिस्ट

दिगो विकास लक्ष्यसम्बन्धी प्रदेशगत सार्वजनिक खर्च खोजीनिती सर्वेक्षणः प्रदेश एक

[SDG Based Public Expenditure Tracking Survey (PETS) of Province 1 in Nepal]

दिगो विकास लक्ष्य १३ र १५ सँग सम्बन्धी प्रश्नावली

मुख्य/समूह सूचनादाताको जानकारी

| | | | |
|---|---|---|---|
| नामः | १.<br>२.<br>३.<br>४. | तहः | १.<br>२.<br>३.<br>४. |
| प्रदेश/पालिकाः | | | |
| जिल्लाः | | | |
| अन्तरवार्ता मितिः | | | |

मन्जुरी फाराम

मैले यस अध्ययनको उद्देश्य र यसको उपादेयताबारे स्पष्ट बुझेको छु। यसमा मैले स्वैच्छिक रूपमा यस अध्ययनको उत्तरदाताको रूपमा जाने बुझेको सबै जानकारी दिने निर्णय गरेको हुँ। यसमा मलाई कुनै जोखिम नरहेको बुझेको छु। मलाई कुनै द्विविधा रहेमा यस अध्ययनका टोली संयोजकसँग बुझ्न सक्छु।

सूचनादाताको हस्तक्षारः १) ............. २............. ३................ ४....................

छापिएको नामः ....................

मितिः ........................

अन्तरवार्ता लिनेको हस्ताक्षरः.................... नामः ............................

| दिविल १३ सँग सम्बन्धित प्रश्नावली<br><br>सेवा प्रदायकको लागि मात्र (KII) |
|---|
| १. विगत चार वर्ष देखि दिविलको लक्ष्य १३ अथवा जलवायु परिबर्तन सम्नान्धि क्षेत्रका कार्यक्रमहरू कसरी पहिचान गरी सञ्चालन गरिएको छ? ती कार्यक्रमहरूले दिविलको उद्देश्य पूरा गर्न के कस्तो सहयोग पुगेको छ? (KII सबै सेवा प्रदायक) |
| २. वर्तमान सङ्घीय संरचना अनुरूप प्रदेशमा जलवायु परिबर्तन सम्नान्धि क्षेत्रमा हुने वित्तीय स्रोतको प्रवाह बारे जानकारी गराउन सक्नुहुन्छ? अनुमोदित बजेट प्रक्रिया पूरा गरी खर्च गर्ने एकाई सम्म आइपुग्न कति समय लाग्छ? (खर्च गर्ने एकाई मात्र) |
| ३. जलवायु परिबर्तन अन्तर्गतका लक्ष्यहरू हाँसिल गर्नको निम्ति छुट्याएको स्रोत र साधनको प्रवृत्ति कस्तो छ ?(सबै) |
| ४. जलवायु परिबर्तन सम्बन्धी क्षेत्रका ती कार्यक्रमहरू तथा यिनको सञ्चालनका लागि छुट्याइएको बजेटको पर्याप्तता बारे बताउन सक्नुहुन्छ? यदि अपर्याप्त रहेको भए कारणहरू बताउन सक्नुहुन्छ? (सबै) |
| ५. जलवायु परिबर्तन सम्बन्धी क्षेत्रका लागि विनियोजित बजेट समयमै प्राप्त भएको थियो? यदि नभएको भए के कारणले सो प्राप्त हुन नसकेको हो? ((मन्त्रालय र पालिका वातावरण शाखा) |
| ६. जलवायु परिबर्तन सम्नान्धि क्षेत्रमा कार्यक्रम तर्जुमा तथा विनियोजित बजेटको खर्च गर्दा आइपरेका समस्याहरू के-के हुन् ? (प्रदेशका सबै र स्थानीय तह)(सबै)(नीति-नियम, खरिद प्रक्रिया, टेन्डर, संयुक्त स्वीकार्यताबारे विस्तृत जानकारी लिने) |
| ७. तोकिएको समयमा कार्यक्रमहरू सम्पन्न हुने गरेका छन्? यदि छैनन् भने नहुनुका कारणहरू के—के हुन्? (मन्त्रालय र खर्च गर्ने एकाई) |
| ८. कार्यक्रम कार्यन्वयनलाई प्रभावकारी वनाउन गरिएका नविनतम प्रयासहरु के—कस्ता छन् ? यसले कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न गर्न कति सहयोग गरेको पाइयो ? साथै खर्च गर्ने क्षमतामा कस्तो प्रभाव पारेको छ ? (मन्त्रालय) |
| ९. बिद्यमान नियम र कानुनले कार्यक्रम कार्यान्वयनमा कति सहयोग गरेको छ ? यदि नियम वा कानुनले कार्यक्रम कार्यान्वयन को प्रभावकारीतामा असर पारेको छ भने के—के हुन् ? (मन्त्रालय) |
| १०. समग्रमा (जलवायु परिवर्तन) सँग सम्बन्धित कार्यक्रमले प्राप्त गरको उपलब्धीलाई कसरी मुल्याङ्कन गर्नु हुन्छ? लक्षित उदेश्य हासिल गर्न कार्यक्रमहरु कति सफल रहे? कार्यक्रमले प्राप्त गरेका मुख्य उपलब्धिहरु के—के हुन? (मन्त्रालय र कार्यन्वयन गर्ने एकाई) |

| |
|---|
| **११.** विगत ४ वर्षमा जलवायु परिवर्तन अन्तगत सञ्चालित कार्यक्रमहरु २०३० सम्म लक्षित गरिएका उदेश्य हाँसिल गर्ने दिशामा उन्नमुख छन् रु यदि छैनन् भने के ‘के गर्नु पर्दछ रु ९मन्त्रालय) |
| **लाभग्राहीको लागि मात्र (FGD)** |
| १. जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन गर्नु भन्दा अघि यहाँको अवस्था कस्तो थियो ? |
| २. जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम ले के ‘कस्ता उपलब्धि (लाभ र हानि) हरु सृजना गरेको छ ? |
| ३. जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमले यहाँको आर्थिक सामाजिक जीवन के कस्ता प्रभाव पारेको छ ? |
| ४. जलवायु परिबर्तन सम्नान्धि सञ्चालन कार्यक्रमले दिगो रूपमा समस्या सावधान गर्न सहयोग पुगछ ? यदि पुग्दैन भने क गर्नु पर्ला ? |

दिगो विकास लक्ष्य १५ सँग सम्बन्धी प्रश्नावली

मुख्य/समूह सूचनादाताको जानकारी

| | | | |
|---|---|---|---|
| नामः | १.<br>२.<br>३.<br>४. | तहः | १.<br>२.<br>३.<br>४. |
| प्रदेश/पालिकाः | | | |
| जिल्लाः | | | |
| अन्तरवार्ता मितिः | | | |

मन्जुरी फाराम

मैले यस अध्ययनको उद्देश्य र यसको उपादेयताबारे स्पष्ट बुझेको छु। यसमा मैले स्वैच्छिक रूपमा यस अध्ययनको उत्तरदाताको रूपमा जाने बुझेको सबै जानकारीहरू दिने निर्णय गरेको हुँ। यसमा मलाई कुनै जोखिम नरहेको बुझेको छु। मलाई कुनै द्विविधा रहेमा यस अध्ययनका टोली संयोजकसँग बुझ्न सक्छु।

सूचनादाताको हस्तक्षारः १) ............. २............. ३............... ४...................

छापिएको नामः ...................

मितिः .......................

अन्तरवार्ता लिनेको हस्ताक्षरः.................... नामः ...........................

| |
|---|
| दिविल १५ सँग सम्बन्धित प्रश्नावली<br>सेवा प्रदायकको लागि मात्र (KII)<br>१. विगत चार वर्ष देखि दिविलको लक्ष्य १५ अथवा भूमिको दिगो व्यवस्थापनका ( भू—सतह को व्यवस्थापन ) सम्बन्धी क्षेत्रका कार्यक्रमहरू कसरी पहिचान गरी सञ्चालन गरिएको छ? ती कार्यक्रमहरूले दिविलको उद्देश्य पूरा गर्न के कस्तो सहयोग पुगेको छ? (KII सबै सेवा प्रदायक) |
| २. वर्तमान सङ्घीय संरचनाअनुरूप प्रदेशमा भूमिको दिगो व्यवस्थापनसम्बन्धी क्षेत्रमा हुने वित्तीय स्रोतको प्रवाह बारे जानकारी गराउन सक्नुहुन्छ? अनुमोदित बजेट प्रक्रिया पूरा गरी खर्च गर्ने एकाई सम्म आइपुग्न कति समय लाग्छ? (खर्च गर्ने एकाई मात्र) |
| ३. भूमिको दिगो व्यवस्थापन अन्तर्गतका लक्ष्यहरु हाँसिल गर्नको निम्ति छुट्याएको स्रोत र साधनको प्रवृति कस्तो छ ? (सबै) |
| ४. भूमिको दिगो व्यवस्थापनसम्बन्धी क्षेत्रका ती कार्यक्रमहरू तथा यिनको सञ्चालनका लागि छुट्याइएको बजेटको पर्याप्तता बारे बताउन सक्नुहुन्छ? यदि अपर्याप्त रहेको भए कारणहरू बताउन सक्नुहुन्छ? (सबै) |
| ५. भूमिको दिगो व्यवस्थापनसम्बन्धी क्षेत्रका लागि विनियोजित बजेट समयमै प्राप्त भएको थियो? यदि नभएको भए के कारणले सो प्राप्त हुन नसकेको हो? (मन्त्रालय र पालिका ) |
| ६. भूमिको दिगो व्यवस्थापनसम्बन्धी क्षेत्रमा कार्यक्रम तर्जुमा तथा विनियोजित बजेटको खर्च गर्दा आइपरेका समस्याहरू के- के ? (प्रदेशका सबै र स्थानीय तह)(सबै)(नीति-नियम, खरिद प्रक्रिया, टेन्डर, संयुक्त स्वीकार्यताबारे विस्तृत जानकारी लिने) |
| ७. तोकिएको समयमा कार्यक्रमहरु सम्पन्न हुने गरेका छन् ? यदि छैनन् भने नहुनुका कारणहरु के—के हुन् ?(मन्त्रालय र खर्च गर्ने एकाई) |
| ८. कार्यक्रम कार्यन्वयनलाई प्रभावकारी वनाउन गरिएका नविनतम प्रयासहरु के—कस्ता छन् ? यसले कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न गर्न कति सहयोग गरेको पाइयो ? साथै खर्च गर्ने क्षमतामा कस्तो प्रभाव पारेको छ ? (मन्त्रालय) |
| ९. बिद्यमान नियम र कानुनले कार्यक्रम कार्यान्वयनमा कति सहयोग गरेको छ ? यदि नियम वा कानुनले कार्यक्रम कार्यान्वयन को प्रभावकारीतामा असर पारेको छ भने के—के हुन् ? (मन्त्रालय) |
| १०. समग्रमा (भूमिको दिगो व्यवस्थापन) सँग सम्बन्धित कार्यक्रमले प्राप्त गरको उपलब्धि कसरी मुल्याङ्कन गर्नु हुन्छ? लक्षित उदेश्य हासिल गर्न कार्यक्रमहरु कति सफल रहे ? कार्यक्रमले प्राप्त गरेका मुख्य उपलब्धिहरु के—के हुन ? (मन्त्रालय र कार्यन्वयन गर्ने एकाई) |
| ११. विगत ४ वर्षमा भूमिको दिगो व्यवस्थापन अन्र्तगत सञ्चालित कार्यक्रमहरु २०३० सम्म लक्षित गरिएका उदेश्य हाँसिल गर्ने दिशामा उन्नमुख छन् ? यदि छैनन् भने के ‘के गर्नु पर्दछ ? (मन्त्रालय) |

| | |
|---|---|
| | **लाभग्राहीको लागि मात्र (FGD)** |
| १. | भूमिको दिगो व्यवस्थापन सम्बन्धि कार्यक्रम सञ्चालन गर्नु अघि यहाँको अवस्था कस्तो थियो ? |
| २. | भूमिको दिगो व्यवस्थापन सँग सम्बन्धित कार्यक्रमले के ' कस्ता उपलब्धि (लाभरहानी)हरु सृजना गरेको छ ? |
| ३. | भूमिको दिगो व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमले यहाँको आर्थिक सामाजिक जिवनमा के कस्ता प्रभाव पारेको छ ? विस्तृत |
| ४. | भूमिको दिगो व्यवस्थापन सँग सम्बन्धित हाल सञ्चालित कार्यक्रमले दिगो रुपमा समस्या सावधान गर्न सक्छ ? यदि सक्दैन भने के गर्नु पर्ला ? |

# अनुसूची २: प्रदेश १ मा सहभागी सरोकारवालाको विवरण

**प्रदेश योजना आयोगको बैठकका सहभागीको विवरण**

| क्र.सं. | पद | कार्यालय |
|---|---|---|
| १ | माननीय उपाध्यक्ष | प्रदेश योजना आयोग |
| २ | माननीय सदस्य | प्रदेश योजना आयोग |
| ३ | सचिव | प्रदेश योजना आयोग |
| ४ | उप-सचिव | सामाजिक विकास मन्त्रालय |
| ५ | उप-सचिव | सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालय |
| ६ | अधिकृत | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ७ | अधिकृत | प्रदेश योजना आयोग |
| ८ | | प्रदेश योजना आयोग |
| ९ | स.व.अ | वन वातावरण तथा भु-संरक्षण मन्त्रालय |
| १० | ना.सु. | प्रदेश योजना आयोग |
| ११. | प्र. संयोजक | प्रदेश योजना आयोग |

## अनुसूची ३: प्रदेश १ को आर्थिक वर्ष २०७८/७९ को दिविल अनुसार गरिएको खर्चको सांकेतीकरण

**आर्थिक वर्ष २०७८/७९**

| विवरण | दिविल |
|---|---|
| अनुदान तथा राजस्व फिर्ता | १६ |
| अनौपचारिक तथा साक्षरता र विशेष शिक्षा कार्यक्रम | ४ |
| अन्य उत्तर दक्षिण सडकहरू(सङ्घ शशर्त अनुदान) | ९ |
| अपाङ्गता व्यवस्थापन तथा शसक्तीकरण कार्यक्रम | ५ |
| अरुण गाउँपालिका | १७ |
| अर्जुनधारा नगरपालिका | १७ |
| अर्थ- वित्तिय व्यवस्था | १६ |
| अर्थ-आन्तरिक ऋण भुक्तानी | १६ |
| अस्पताल सेवा सुदृढीकरण तथा विस्तार कार्यक्रम | ३ |
| अस्पतालहरू | ३ |
| आठराई गाउँपालिका | १७ |
| आठराई त्रिवेणी गाउँपालिका | १७ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | १६ |
| आमचोक गाउँपालिका | १७ |
| आयुर्वेद औषधालयहरू | ३ |
| आयुर्वेद तथा वैकल्पिक चिकित्सा (सङ्घ सशर्त अनुदान) | ३ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | १६ |

| | |
|---|---|
| आवास व्यवस्था कार्यक्रम(सङ्घ शशर्त अनुदान) | ११ |
| इटहरी उप-महानगरपालिका | १७ |
| इनरुवा नगरपालिका | १७ |
| इपिडेमियोलोजी, औलो, कालाज्वर नियन्त्रण तथा प्राकृतिक प्रकोप व्यवस्थापन (सङ्घ सशर्त अनुदान) | ३ |
| ईलाम नगरपालिका | १७ |
| उच्च शिक्षा कार्यक्रम | ४ |
| उदयपुरगढी गाउँपालिका | १७ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ९ |
| उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ९ |
| उपचारात्मक सेवा कार्यक्रम (सङ्घ सशर्त अनुदान) | ३ |
| उपदान | १६ |
| उर्लाबारी नगरपालिका | १७ |
| एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम (सङ्घ सशर्त अनुदान) | ३ |
| एड्स तथा यौन रोग नियन्त्रण (सङ्घ सशर्त अनुदान) | ३ |
| ऐसेलुखर्क गाउँपालिका | १७ |
| औषधी उपचार | ३ |
| कचनकवल गाउँपालिका | १७ |
| कटहरी गाउँपालिका | १७ |
| कटारी नगरपालिका | १७ |
| कन्काई नगरपालिका | १७ |

| | |
|---|---|
| कन्काई सिञ्चाइ व्यवस्थापन कार्यालय | २ |
| कमल गाउँपालिका | १७ |
| कर्मचारी सुविधा | १७ |
| कानेपोखरी गाउँपालिका | १७ |
| कुम्मायक गाउँपालिका | १७ |
| कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम(सङ्घ सशर्त अनुदान) | २ |
| कृषि (सङ्घ सशर्त अनुदान) | २ |
| कृषि ज्ञान केन्द्रहरू | २ |
| कृषि विकास निर्देशनालय | २ |
| कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | २ |
| केपिलासगढी गाउँपालिका | १७ |
| केराबारी गाउँपालिका | १७ |
| कोभिड-१९ सङ्क्रमण तथा अन्य महामारी उपचार व्यवस्थापन | ३ |
| कोशी गाउँपालिका | १७ |
| कोशी रिफ्रेशमेन्ट परियोजना | २ |
| क्षयरोग नियन्त्रण (सङ्घ सशर्त अनुदान) | ३ |
| खाँदवारी नगरपालिका | १७ |
| खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम(सङ्घ सशर्त अनुदान) | ६ |
| खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू | ६ |
| खिजीदेम्वा गाउँपालिका | १७ |
| खुम्वु पासाङल्हामु गाउँपालिका | १७ |

| | |
|---|---|
| खोटेहाङ गाउँपालिका | १७ |
| गढी गाउँपालिका | १७ |
| गौरादह नगरपालिका | १७ |
| गौरीगन्ज गाउँपालिका | १७ |
| ग्रामथान गाउँपालिका | १७ |
| घरेलु तथा साना उद्योग कार्यालयहरू | ९ |
| चन्दा मोहना सिञ्चाइ व्यवस्थापन कार्यालय | २ |
| चम्पादेवी गाउँपालिका | १७ |
| चिचिला गाउँपालिका | १७ |
| चिशंखुगढी गाउँपालिका | १७ |
| चुलाचुली गाउँपालिका | १७ |
| चैनपुर नगरपालिका | १७ |
| चौदण्डीगढी नगरपालिका | १७ |
| चौबिसे गाउँपालिका | १७ |
| छथर गाउँपालिका | १७ |
| छथर जोरपाटी गाउँपालिका | १७ |
| जडीबुटी विकास कार्यक्रम (सङ्घ सशर्त अनुदान) | ३ |
| जनस्वास्थ्य सेवा सवलिकरण तथा विस्तार कार्यक्रम | ३ |
| जन्तेढुंगा गाउँपालिका | १७ |
| जलवायु अनुकिलित वृहत खानेपानी आयोजना(सङ्घ सशर्त अनुदान) | १५ |
| जलस्रोत तथा सिञ्चाइ विकास डिभिजन कार्यालयहरू | २ |

| | |
|---|---|
| जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम(सङ्घ सशर्त अनुदान) | १३ |
| जहदा गाउँपालिका | १७ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ३ |
| जिल्ला समन्वय समिति उदयपुर | १७ |
| जिल्ला समन्वय समिति ओखलढुङ्गा | १७ |
| जिल्ला समन्वय समिति खोटाङ | १७ |
| जिल्ला समन्वय समिति झापा | १७ |
| जिल्ला समन्वय समिति ताप्लेजुङ | १७ |
| जिल्ला समन्वय समिति तेह्रथुम | १७ |
| जिल्ला समन्वय समिति धनकुटा | १७ |
| जिल्ला समन्वय समिति भोजपुर | १७ |
| जिल्ला समन्वय समिति मोरङ | १७ |
| जिल्ला समन्वय समिति सुनसरी | १७ |
| जिल्ला समन्वय समिति सोलुखुम्बु | १७ |
| जिल्ला समन्वय समिति, इलाम | १७ |
| जिल्ला समन्वय समिति, पाँचथर | १७ |
| जिल्ला समन्वय समिति, संखुवासभा | १७ |
| जेष्ठ नागरीक प्रवर्धन तथा संरक्षण कार्यक्रम | ५ |
| झापा गाउँपालिका | १७ |
| झोलुंगे पुल क्षेत्रगत कार्यक्रम(सङ्घ सशर्त अनुदान) | ९ |
| टयाम्केमैयुङ गाउँपालिका | १७ |

| | |
|---|---|
| डिभिजन वन कार्यालयहरू | १५ |
| डीप ट्युवेल आयोजना (मर्मत सूधार)(सङ्घ सशर्त अनुदान) | २ |
| तराई-मधेश खानेपानी सुधार कार्यक्रम(सङ्घ सशर्त अनुदान) | ५ |
| ताप्ली गाउँपालिका | १७ |
| तुम्वेवा गाउँपालिका | १७ |
| त्रियुगा नगरपालिका | १७ |
| थुलुङ दुधकोशी गाउँपालिका | १७ |
| दण्ड, जरिवाना तथा न्यायिक फिर्ता | १६ |
| दमक नगरपालिका | १७ |
| दमक-चिसापानी सडक(सङ्घ सशर्त अनुदान) | ९ |
| दिक्तेल रुपाकोट मझुवागढी  नगरपालिका | १७ |
| दिप्रुङ चुइचुम्मा गाउँपालिका | १७ |
| दीर्घकालिन पुनर्स्थापना गृह सञ्चालन सेवा कार्यक्रम | १ |
| दुहवी नगरपालिका | १७ |
| देउमाई नगरपालिका | १७ |
| देवानगञ्ज गाउँपालिका | १७ |
| धनकुटा नगरपालिका | १७ |
| धनपालथान गाउँपालिका | १७ |
| धरान उप-महानगरपालिका | १७ |
| धर्मदेवी नगरपालिका | १७ |
| नदी नियन्त्रण (सङ्घ सशर्त अनुदान) | १३ |

| | |
|---|---|
| नर्सिङ तथा सामाजिक सुरक्षा सेवा र्कायक्रम (सङ्घ सशर्त अनुदान) | ३ |
| निवृत्तभरण | १६ |
| नेचासल्यान गाउँपालिका | १७ |
| पथरी शनिश्चरे नगरपालिका | १७ |
| पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास आयोजना | ८ |
| पर्यटन विकास कार्यालयहरू | ८ |
| पशु सेवा (सङ्घ सशर्त अनुदान) | २ |
| पशु सेवा तालिम केन्द्र | २ |
| पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | २ |
| पाँचखपन नगरपालिका | १७ |
| पाख्रिवास नगरपालिका | १७ |
| पाथिभरा याङ्वरक गाउँपालिका | १७ |
| पूर्वाधार विकास कार्यालयहरू | ९ |
| पौवादुङ्मा गाउँपालिका | १७ |
| प्रदेश उद्योग, वाणिज्य तथा आपूति कार्यक्रम | ८ |
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला | ३ |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (सङ्घ सशर्त अनुदान) | १६ |
| प्रदेश योजना आयोग | १६ |
| प्रदेश लेखा एकाई कार्यालयहरू | १६ |
| प्रदेश लेखा नियन्त्रक कार्यालय | १६ |
| प्रदेश लोक सेवा आयोग | १६ |

| | |
|---|---|
| प्रदेश वन निर्देशनालय | १५ |
| प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम | १५ |
| प्रदेश संग्रहालय | ८ |
| प्रदेश सभा | १६ |
| प्रदेश सभा सचिवालय | १६ |
| प्रदेश सहकारी रजिष्टार कार्यालय | १ |
| प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | ३ |
| प्रदेश स्वास्थ्य तालिम केन्द्र | ३ |
| प्रदेश हरित अभियान कार्यक्रम | १५ |
| प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना(सङ्घ सशर्त अनुदान) | २ |
| प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास कार्यक्रम | ४ |
| प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) (सङ्घ सशर्त अनुदान) | ४ |
| फक्ताङलुङ गाउँपालिका | १७ |
| फाकफोकथुम गाउँपालिका | १७ |
| फालेलुङ गाउँपालिका | १७ |
| फाल्गुनन्द गाउँपालिका | १७ |
| फिक्कल श्री अन्तु डांडा सडक(सङ्घ सशर्त अनुदान) | ९ |
| फिदिम नगरपालिका | १७ |
| फुङलिङ नगरपालिका | १७ |
| फेदाप गाउँपालिका | १७ |

| | |
|---|---|
| बराह नगरपालिका | १७ |
| बर्जु गाउँपालिका | १७ |
| बागवानी केन्द्रहरू | २ |
| बाली संरक्षण प्रयोगशाला | २ |
| बाह्रदशी गाउँपालिका | १७ |
| बिउ विजन प्रयोगशाला | २ |
| बुढीगंगा गाउँपालिका | १७ |
| बुद्धशान्ति गाउँपालिका | १७ |
| बेलका नगरपालिका | १७ |
| बेलवारी नगरपालिका | १७ |
| भद्रपुर नगरपालिका | १७ |
| भाषा, कला, संस्कृति तथा पूरातत्व संरक्षण एवं पुस्तकालय विकास कार्यक्रम | ८ |
| भू तथा जलाधार व्यवस्थापन कार्यक्रम | १५ |
| भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू | १५ |
| भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय (कार्यक्रम खर्च) | २ |
| भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय (सङ्घ विशेष अनुदान) | २ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २ |
| भूमिगत जलस्रोत तथा सिञ्चाइ विकास डिभिजन कार्यालयहरू | २ |
| भूमिगत स्यालो तथा डिप ट्युबबेल सिञ्चाइ आयोजना (सङ्घ सशर्त अनुदान) | २ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू | २ |
| भैपरी आउने - साधारण प्रशासन | १६ |

| | |
|---|---|
| भैपरी आउने खर्च तथा विकास कार्यक्रम | १६ |
| भोक्राहा नरसिंह गाउँपालिका | १७ |
| भोजपुर नगरपालिका | १७ |
| भोटखोला गाउँपालिका | १७ |
| भौतिक पूर्वाधार  विकास मन्त्रालय | ९ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय (सङ्घ समपूरक अनुदान) | ९ |
| मकालु गाउँपालिका | १७ |
| मझौला सिञ्चाइ आयोजना(सङ्घ सशर्त अनुदान) | २ |
| मर्मत संभार आयोजनाहरू(सङ्घ सशर्त अनुदान) | ९ |
| महाकुलुङ गाउँपालिका | १७ |
| महालक्ष्मी  नगरपालिका | १७ |
| माई नगरपालिका | १७ |
| माईजोगमाई गाउँपालिका | १७ |
| माङसेबुङ गाउँपालिका | १७ |
| माटो तथा मल परीक्षण केन्द्रहरू | २ |
| मादी नगरपालिका | १७ |
| मानेभञ्याङ गाउँपालिका | १७ |
| माप्य दुधकोशी गाउँपालिका | १७ |
| मिक्लाजुङ गाउँपालिका | १७ |
| मिक्वाखोला गाउँपालिका | १७ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | १६ |

| | |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १६ |
| मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम | ४ |
| मृत कर्मचारी सहायता | १६ |
| मेचीनगर  नगरपालिका | १७ |
| मेन्छयायेम गाउँपालिका | १७ |
| मेरिङदेन गाउँपालिका | १७ |
| मैवाखोला गाउँपालिका | १७ |
| मोलुङ गाउँपालिका | १७ |
| म्याङलुङ नगरपालिका | १७ |
| याङवरक गाउँपालिका | १७ |
| यातायात पूर्वाधार निर्देशनालय | ९ |
| यातायात व्यवस्था कार्यालयहरू | ९ |
| यातायात व्यवस्था निर्देशनालय | ९ |
| यातायात व्यवस्था सेवा कार्यालयहरू | ९ |
| युवा तथा खेलकुद कार्यक्रम | ४ |
| रंगेली नगरपालिका | १७ |
| रतुवामाई नगरपालिका | १७ |
| रामधुनी नगरपालिका | १७ |
| रामप्रसाद राई गाउँपालिका | १७ |
| रावा वेसी गाउँपालिका | १७ |
| राष्ट्रिय खेलकुद परिषद्(सङ्घ सशर्त अनुदान) | ४ |

| | |
|---|---|
| राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम(सङ्घ सशर्त अनुदान) | ७ |
| राष्ट्रिय तालिम कार्यक्रम(सङ्घ सशर्त अनुदान) | १६ |
| राष्ट्रिय परीक्षा बोर्ड(सङ्घ सशर्त अनुदान) | ४ |
| राष्ट्रिय युवा परिचालन कार्यक्रम(सङ्घ सशर्त अनुदान) | ४ |
| राष्ट्रिय युवा परिषद्(सङ्घ सशर्त अनुदान) | ४ |
| राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(सङ्घ सशर्त अनुदान) | १५ |
| राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र(सङ्घ सशर्त अनुदान) | ३ |
| रेशम प्रशोधन केन्द्र | २ |
| रेशम विकास कार्यक्रम | २ |
| रोङ गाउँपालिका | १७ |
| रोजगार प्रवर्द्धन कार्यक्रम (सङ्घ सशर्त अनुदान) | ८ |
| रोजगार सुचना केन्द्रहरू | ८ |
| रौताहामाई गाउँपालिका | १७ |
| लालीगुराँस नगरपालिका | १७ |
| लिखु गाउँपालिका | १७ |
| लिखुपिके गाउँपालिका | १७ |
| लिम्चुङबुङ गाउँपालिका | १७ |
| लेटाङ नगरपालिका | १७ |
| लैङ्गिक सशक्तीकरण तथा मूलप्रवाहीकरण कार्यक्रम | ५ |
| वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १५ |
| वन तथा भू-संरक्षण (सङ्घ सशर्त अनुदान) | १५ |

| | |
|---|---|
| वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम | १५ |
| वराहपोखरी गाउँपालिका | १७ |
| वातावरण (सङ्घ सशर्त अनुदान) | १५ |
| वातावरण संरक्षण कार्यक्रम | १५ |
| वाल अधिकार तथा सामाजिक न्याय कार्यक्रम | ५ |
| विज्ञान प्रविधि तथा नव प्रवर्द्धन कार्यक्रम | ४ |
| विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर(सङ्घ सशर्त अनुदान) | ४ |
| विराटनगर महानगरपालिका | १७ |
| विर्तामोड नगरपालिका | १७ |
| विशेष प्राथमिकता प्राप्त सडक आयोजना | ९ |
| व्यवसायिक तथा सिप विकास तालिम केन्द्र | ४ |
| सहरी विकास तथा भवन कार्यालयहरू | ९ |
| शहिदभूमि गाउँपालिका | १७ |
| शिक्षा तालिम केन्द्र | ४ |
| शिक्षा विकास निर्देशनालय | ४ |
| शिवसताक्षी नगरपालिका | १७ |
| श्रम तथा रोजगार व्यवस्थापन कार्यक्रम | ८ |
| षडानन्द नगरपालिका | १७ |
| सञ्चित बिदा | १६ |
| संभावित रणनीतिक सडकहरू(सङ्घ सशर्त अनुदान) | ९ |
| सन्दकपुर गाउँपालिका | १७ |

| | |
|---|---|
| सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम(सङ्घ सशर्त अनुदान) | ४ |
| सभापोखरी गाउँपालिका | १७ |
| समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना(सङ्घ सशर्त अनुदान) | २ |
| सम्बृद्ध तराई मधेश सिञ्चाइ विशेष कार्यक्रम(सङ्घ सशर्त अनुदान) | २ |
| सम्भावित प्रादेशिक सडकहरू(सङ्घ सशर्त अनुदान) | ९ |
| सहकारी प्रशिक्षालय | १ |
| सह-लगानी(सङ्घ सशर्त अनुदान) | १७ |
| साँगुरीगढी गाउँपालिका | १७ |
| साकेला गाउँपालिका | १७ |
| सामाजिक विकास मन्त्रालय | ४ |
| सामाजिक विकास मन्त्रालय (सङ्घ, विशेष अनुदान) | ४ |
| साल्पासिलिछो गाउँपालिका | १७ |
| सिञ्चाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड)(सङ्घ सशर्त अनुदान) | २ |
| सिदिङ्वा गाउँपालिका | १७ |
| सिद्धिचरण नगरपालिका | १७ |
| सिरीजङ्घा गाउँपालिका | १७ |
| सिलीचोङ गाउँपालिका | १७ |
| सुनकोशी गाउँपालिका | १७ |
| सुनवर्षी नगरपालिका | १७ |
| सुन्दरहरैचा नगरपालिका | १७ |
| सूर्योदय नगरपालिका | १७ |

| | |
|---|---|
| सोताङ गाउँपालिका | १७ |
| सोलुदुधकुण्ड  नगरपालिका | १७ |
| स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (सङ्घ सशर्त अनुदान) | १६ |
| स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना (सङ्घ सशर्त अनुदान) | ९ |
| स्वास्थ्य कार्यालयहरू | ३ |
| स्वास्थ्य निर्देशनालय | ३ |
| स्वास्थ्य ब्यवस्थापन कार्यक्रम(सङ्घ सशर्त अनुदान) | ३ |
| हतुवागढी गाउँपालिका | १७ |
| हरिनगर गाउँपालिका | १७ |
| हलेसी तुवाचुङ नगरपालिका | १७ |
| हल्दिबारी गाउँपालिका | १७ |
| हिलिहाङ गाउँपालिका | १७ |

**प्रकाशकः**
प्रदेश योजना आयोग
प्रदेश नं. १, विराटनगर, नेपाल
फोनः (+९७७) ०२१-४७०३७६
इमेलः info.ppc@p1.gov.np
वेबः ppc.p1.gov.np